कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

सूचना र मनोरञ्जनको सँगालो

# साप्ताहिक

saptahik.ekantipur.com

● वर्ष २४ ● अंक १२ ● FRIDAY, 03 AUGUST ● काठमाडौं शुक्रबार, सा ● पृष्ठ ३२ ● मूल्य रु. १५/-




## कहिल्यै नपुगिने अमेरिका :

# फिल्मी शैलीको दुर्दान्त घटना

पृष्ठ २२ मा

■ घटनाका मुख्य योजनाकार भनिएका सुदर्शन गौतम

तस्बिर : द स्टारडटकम



मध्यपृष्ठमा

## साम्राज्ञी





## फोटो अफ दि विक



■ सराङकोटमा सुन्दरी : अभिनेत्री तथा मिस नेपाल-२०११ मलिना जोशी कास्कीको सराङकोटमा ।



■ **हनुमानढोकामा हिमानी** : पूर्वयुवराज्ञी हिमानी शाह हनुमानढोकामा कुमारीको दर्शन गर्ने क्रममा ।





■ **क्रिकेटसँग संगीत** : युवा क्रिकेटर सन्दीप लामिछानेसँग लोकप्रिय गायक प्रमोद खरेल ।



केक काट्ने, मैनबत्ती फुक्ने, बेलुन फुटाउने अनि कोकोहोलो मच्चाउने चलन मलाई ठिक लाग्दैन । मान्छेको जन्मभन्दा कर्म महत्वपूर्ण हो । मैले २२ वर्षमा उमेर गन्न छाडेको थिएँ । साउन १४ गते ४० पूरा भएपछि फल्याँस्स भएछु । गर्न नसकेका काममा पछुताउनुभन्दा गर्न सकिने कामहरू फत्ते गर्दै जानु ठिक रहेछ । गर्न सकिने कामहरूको फेहरिस्त लामो छ साथी ।

**दीपेन्द्र लामा**



सुन्दा जाबो एलर्जी भन्ने लाग्छ तर आज मलाई त्यही एलर्जीले एम्बुलेन्स चढाएर अस्पताल पुर्‍यायो । मैले डाक्टरलाई एलर्जी जाँच गराएपछि उनकै सल्लाहमा अर्को अस्पतालको इमर्जेन्सीमा दिन बिताएर घर फर्किएँ । औषधीको नाममा केही लेखेनन् डाक्टरले । करिब एक हप्तादेखि घरमा बच्चाहरू पनि बिरामी छन् । हिजोदेखि म पनि एलर्जीको पीडामा छु । मलाई धेरै कुराको एलर्जी छ, जस्तै– कुनै पनि घर अथवा कोठा धेरै दिनदेखि बन्द छ र म भित्र गएँ भने मलाई एलर्जी हुन्छ । त्यस्तै दराजमा राखिएका लुगा पनि धेरै दिनपछि चलाएँ भने समस्या सिर्जना हुन्छ । ओछ्यान र तकियाबाट पनि धेरै एलर्जी हुन्छ मलाई । एकपटक चलचित्र 'देशदेखि विदेश' को सुटिङ एउटा घरमा भैरहेको थियो, त्यहाँको सिलिङको डीजाइन फोका फोकाजस्तो थियो । त्यो देखेको १० मिनेटमै मेरो शरीरभरि बर्रर एलर्जी भयो । मलाई जस्तो अरु कसैलाई यस्तो हुन्छ कि हुँदैन ? अचम्मको कुरा के भने कसैको घाउ खटिरा देखेँ भने पनि आङ सिरिङ्ग भएर एलर्जी सुरु हुन्छ । जाबो एलर्जी जस्तो लाग्छ तर साँच्ची नै कष्टदायक हुन्छ यो ।

**ऋचा घिमिरे**

## यूट्युब ट्रेन्डिङ

१ **रुद्र**
च्यानल : म्युजिक नेपाल

२ **जवान**
च्यानल : गोल्डमाइन्स

३ **नो ब्रेनर**
च्यानल : डिजे खालिद

४ **पहिलो नम्बरमा**
च्यानल : हाइलाइट्स

५ **इन्टु मिन्टु लन्डनमा**
च्यानल : आइकोर फिल्म्स

६ **नेप्लिज मोर्डन गर्ल**
च्यानल : पिएसटिएचए

७ **हिमालय रोडिज-१**
च्यानल :हिमालय रोडिज

८ **निष्ठुरी मोरी**
च्यानल : नितेशजंग कुँवर

९ **मिडिल क्लास अबायी**
च्यानल : गोल्डमाइन्स

१० **हवेन आशिष**
च्यानल : आशिष चञ्चलानी

## साइबर फिडब्याक

फ्री वाइफाइको कुरा गर्थे, अब इन्टरनेट सेवामा कर लगाउने भएछन् । टेक्स म्यासेज र फेसबुक म्यासेन्जरमा समेत कर लगाऊ सरकार !

**सम्झना**

माया गर्ने मान्छे टाढिँदा पो मन दुख्छ त । तिमी त मायाको नाटक गर्ने मान्छे, अहँ दुखेको छैन मन, अझ हलुंगो महसुस गर्दैछु ।

**अंशु आचार्य**





आफूले जे बोल्दिए नि हुने, अरूले रमाइलो गर्दा जेल थुन्छु भन्ने ? हेप्यो सरकारले ।

**B@tbnsaa**

कस्तो अचम्मको सम्बन्ध न पाउने आस , न गुमाउने त्रास...तैपनि बसेको छ 'उ' दिलभित्र बास ।

**मुन**

दुःखलाई शब्दमा लेख्न सकिँदैन
मनको पीडा आँखाले देख्न सकिँदैन
आपत्विपत् यस्तै हुन्छन् अकस्मात् आउने
पीर-मर्का हत्केलाले छेक्न सकिदैन ।

**मानुषी**

भोलिपर्सि नर्कमा सजाय कम गराउन मिल्छ कि नाइँ ?

**हाउगुजी**

नेता र बाढीबीच प्रतिस्पर्धा छ रे नि त, कसले पहिले देश डुबाउने भनेर ।

**सम्झना रिजाल**

जापान टोकियो....बजार घुम्न गएका बेला भूपूलाई देखेर झन्डै स्वासै रोकियो ।

**प्रदीप**

तिम्रो एक नजरको झलक पनि घनघोर वर्षातपछिको हलुङ्गो बिहानजस्तो लाग्छ ।

**लोयल लक्ष्मी**

केटाहरूको मन साह्रै कोमल हुन्छ त्यसैले त उनीहरू आफ्नी गर्लफ्रेन्डका साथसाथै अरूका गर्लफ्रेन्डको पनि लास्टै ख्याल राख्छन् ।

**बेलासे**

सबै केटालाई राम्री-राम्री केटी चाहिने रे । अनि हामीचैं यो दुनियाँमा फर्सी बेच्न आ'को हो र ?

**ठूली**

काठमाडौंवासीको जिन्दगी नि साह्रै खत्तम छ...बाटाभरि मान्छे डुब्ने पानी छ, धारामा एक थोपा पानी छैन ।

**पूनम पोखरेल**

एउटा सपना टुटेर चकनाचुर भए पनि अर्को सपना देख्ने हौसला राख्नुलाई नै जीवन भनिन्छ ।

**लक्ष्मी कार्की**

'तिम्रो मायामा म बर्बाद भएँ' रे । कत्ति न मचाहिं उसको मायामा इन्जिनियर भा' जस्तो ।

**जमुना पोखरेल**

जब एउटा फिल्म मा कसैले धूम्रपान गर्छ Screen को मुनि Smoking is injurious to health भनेर लेखेको हुन्छ तर त्यही फिल्म मा villian ले केटीलाइ Rape गर्न लाग्दा Screen मा किन भन्दैन Rape is crime do not try this भनेर,

**माया**

सक्छौ जिन्दगीभर प्रेम गर, सक्दैनौ अरूमाथि विश्वासघात गरेर प्रेम शब्दको बदनाम नगर, साँचो प्रेम जिन्दगीमा एकचोटी हुन्छ बारम्बार होइन...

**सम्झना**

जिन्दगी आफैंले कोरेर बनाउने तस्बिर रहेछ । मेहनत गरे चित्र, अल्छी गरे विचित्र ।

**ठकुरी मीरा**

जिन्दगानीमा पहिलो पटक कत्रो हिम्मत गरेर एउटालाई आँखा झिम्क्याको, कालो चस्मा त खोल्नै बिर्सेछु गाँठे, त्यो पनि सपनामा ।

**अप्सरा भट्टराई**

धनी-गरिबको के कुरा गर्नु, देखाउने औकात फरक त होला, अरू त 'खाने भातै हो, जाने घाटै हो' ।

**बांगो चोर**

यहाँ कसको विश्वास गर्नु र खै ? बडेबडे मौसमविद् भारी वर्षा हुन्छ भन्दैछन्, यता चैं घाम लाग्न थालिसक्यो ।

**तीर्थ प्रसाई**

जमाना खराब छ,
त्यसैले
असल नबन्नुहोला ।

**असल शिरीष**

हुनेवालाचाहिँ कहाँ छ कहाँ
घरकाले बिहेको कुरा छिनिसके यहाँ ।

**सिर्जना भुजेल**

मलाई चैं किन-किन काठमाडौं पूरै डुबेर त्यहाँका सबै घरभेटी हाम्रो पहाड घरमा भाडामा बस्न जान बाध्य हुन् भन्ने लाम्च ।

**ज्वाइँ सा'प**

मंगल होस्



मनोज गजुरेल

# स्वदेश एजुकेसनल कन्सल्टेन्सी

> आउनुहोस्, हिमालको चिसो हावा खाँदै माउन्टेनेरिङ पढ्नुहोस् । पहाडको न्यानो बतासँगै कृषि पढ्नुहोस् । तराईको तातो माया लिँदै उद्योग पढ्नुहोस् । जति नै पढे पनि खानेकुरा त्यही हो । जति नै बढे पनि बस्ने धर्ती यही हो । स्वदेशमा बढेको मान्छेले स्वदेशमा पढेको सुहाउँछ । कुनै सम्भावना नभए पो एब्रोड स्टडिजको पछि लाग्नु ! सम्भावनाको महासागर छोडेर कहाँ विदेशको भवसागरतिर दौडिरहनु भएको छ ?

स्वदेश : एजुकेसनल कन्सल्टेन्सीमा स्वागत छ । नेपालमै पढ्न चाहनेहरूका लागि सस्तो, सजिलो र सहज सल्लाहका लागि हामीलाई सम्झनुहोस् । अमेरिका जाने इच्छा छैन, बेलायत जाने रहर छैन, जापान जाने ल्याकत छैन, युरोप जाने अवस्था छैन भने आजै हामीलाई सम्झनुहोस् । स्वदेशमै पढ्नुहोस्, स्वदेशकै सेवा गर्नुहोस् ।

हाम्रो कन्सल्टेन्सीमा लाखौं कमिसन बुझाउन पर्दैन । ५-१० हजार सेवा शुल्कबाहेक कुनै कमिसन दिनु पर्दैन । पढ्नेजेल तपाईंको कलेजबाट कमिसन पनि लिँदैनौं । कमिसन होइन, बरु हामी एउटा मिसन दिन्छौं । देशभित्रै अध्ययन, देशकै सेवा र देशकै मेवा ! यही मिसनद्वारा सञ्चालित स्वदेश कन्सल्टेन्सीमा तपाईंलाई पुनः स्वागत छ ।

यता १ नम्बर प्रदेशको विख्यात एग्रिकल्चर कलेजमा पढ्नुहोस्, विश्वकै प्रख्यात एग्रो इन्जिनियर बन्नुहोस् । ३ नम्बर प्रदेशको चर्चित कल्चरल युनिभर्सिटीमा एडमिट हुनुहोस्, संसारकै राम्रो सम्पदाविद् हुनुहोस् । उता पोखरामा टुरिज्म कलेज छ, त्यहीं पढेका थुप्रै युवा विश्वभरिका पर्यटकलाई नेपाल ल्याउँदैछन् ।

२ नम्बर प्रदेशको कलेज अफ इन्डस्ट्रिजमा जानुहोस् । उद्योगी बन्नुहोस् । देशभित्रका हरेक प्रदेशमा नेपाली माटो सुहाउँदा स्कुलहरू छन् । हावापानी सुहाउँदा कलेजहरू छन् । व्यवहार सुहाउँदा विश्वविद्यालयहरू छन् । न ठगिने डर ! न लुटिने डर ! न कुटिने डर ! न मारिने डर ! सरल शिक्षा पद्धति, सहयोगी गुरुहरू तथा सुरक्षित अध्ययनस्थल छाडेर कहाँ विदेश-विदेश भन्दै दौडिइरहनुभएको छ ?

आउनुहोस्, तपाईंलाई नयाँ-नयाँ कोर्स, त्यसको भविष्य र करियरका बारेमा काउन्सिलिङ गर्छौं, निःशुल्क ! पूर्वीय सभ्यताको पढाइ गर्नुहोस्, पश्चिमा जगत् लाई तान्न सकिन्छ । जलशक्तिका बारेमा डिग्री गर्नुहोस्, विकसित राष्ट्रको ध्यान तान्न सकिन्छ । अर्गानिक खेतीसम्बन्धी अध्ययन गर्नुहोस्, विश्व बजारमा बिक्न सकिन्छ । कहाँ विदेश-विदेश भन्दै कुदिरहनुभएको छ ?

आउनुहोस्, हिमालको चिसो हावा खाँदै माउन्टेनेरिङ पढ्नुहोस् । पहाडको न्यानो बतासँगै कृषि पढ्नुहोस् । तराईको तातो माया लिँदै उद्योग पढ्नुहोस् । जति नै पढे पनि खानेकुरा त्यही हो । जति नै बढे पनि बस्ने धर्ती यही हो । स्वदेशमा बढेको मान्छेले स्वदेशमा पढेको सुहाउँछ । कुनै सम्भावना नभए पो एब्रोड स्टडिजको पछि लाग्नु ! सम्भावनाको महासागर छोडेर कहाँ विदेशको भवसागरतिर दौडिरहनु भएको छ ?

हेर्नुहोस्, अमेरिकामा पढेर हामी के गर्न सक्छौं ? राम्रो जागिर, शान्त जीवन, सुरक्षित भविष्य...यही होइन ? चाहनुभयो भने त्यति त यहाँ पनि पाउन सकिन्छ । बढेका, बढेका, लडेका मानिसहरू त यहीं बसिरहेका छन् । ३ करोड थोपा अटाएको ठाउँमा तपाईं एक थोपा कसरी नअटाउनुहोला ?

त्यत्रो खर्च खर्च गरेर, त्यति धेरै पढेर, त्यतिका डिग्री लिएर पनि बाँच्नु मात्रै हो भने त के मज्जा र ! त्यहाँ त तपाईं-हामीले धेरै के नै गर्न सक्छौं र ? विकसित मुलुकमा हामीले ठूलै काम गरे दुई-चारवटा स्टोर वा स्टेसनहरू खोल्ने हो । त्योभन्दा नयाँ काम हामी गर्न सक्दैनौं विदेशमा ।

हाम्रो देशमा जुनसुकै क्षेत्रमा हात हाले पनि सफलता हात पार्न सकिन्छ । किनभने यहाँ केही पनि भएको छैन । किनभने गर्नेहरू धेरै बिदेसिएका छन् । पानी छुनुहोस्, बिजुली निस्कन्छ । बेचेर आफू अरबपति बन्न सकिन्छ । देश खरबपति बन्छ । माटो छुनुहोस्, कृषि उत्पादन गरेर क्रान्ति गर्न सकिन्छ । सडक छुनुहोस्, आफू सम्पन्न बन्न सकिन्छ । देशलाई धनी बनाउन सकिन्छ ।

किनभने हाम्रो देशमा काम गर्ने हजारौं ठाउँ छन् । मात्र त्यो विषयका ज्ञाताहरूको अभाव छ । विज्ञहरूको कमी छ । विदेश गएपछि कमै मानिस घर फर्कन्छन्, पढ्न गए पनि, लड्न गए पनि । त्यसैले स्वदेश एजुकेसनल कन्सल्टेन्सीमा आउनोस् र देशभित्रै एजुकेटेड बन्नुहोस्...भनेर भन्ने दिन कहिले आउला ?

# मिस नेपाल नर्थ

## अमेरिकामा नग्मा

अमेरिकाको न्युयोर्कमा हुने मिस नेपाल नर्थ अमेरिका-२०१८ का लागि प्रथम मिस नेपाल युनिभर्स नग्मा श्रेष्ठलाई आधिकारिक होस्ट (कार्यक्रम प्रस्तोता) नियुक्त गरिएको छ । मिस युनिभर्समा सहभागी हुन नग्मा अमेरिका पुगिसकेकी छन् । २०१२ की मिस नेपाल अर्थ नग्मा गत वर्ष फिलिपिन्समा सम्पन्न मिस युनिभर्सको अन्तिम आठौं स्थानमा पुग्न सफल भएकी थिइन् । नग्मा वर्ल्ड मिस युनिभर्सिटी नेपाल-२०१६ तथा मिस ईको युनिभर्स नेपाल २०१६ पनि हुन् । उनी कार्यक्रम प्रस्तोता, मोडल तथा सामाजिक कार्यकर्ताका रूपमा सक्रिय छिन् ।


मिस नेपाल नर्थ अमेरिकाका लागि श्वेता आचार्य तथा ममता गुरुङ जोशीलाई आधिकारिक डिजाइनर्स नियुक्त गरिएको छ । श्वेता आचार्य अमेरिकामै केही वर्ष अध्ययन गरेर हाल नेपालमा वेशभूषाकै क्षेत्रमा सक्रिय छिन् । यसैगरी ममता गुरुङ जोशीले मिम्जमार्फत आफ्नो चिनारी स्थापित गरेकी छिन् । जोशीले आईईसीबाट उच्च शिक्षा प्राप्त गरेकी हुन् ।

**विजय थापा**






यात्रा सन्दर्भ



किशोर नेपाल

# दीपकको दाउमा छक्कापन्जा



> सिक्वेलका रूपमा बन्ने सिनेमाहरूमा चरित्र त उही हुन्छन्, तर कथावस्तु, घटनाक्रम एवं परिवेश फरक हुन्छ । हामी शारीरिक द्वन्द्वमा अलमलिदैनौं, तर कन्फ्लिक्ट हुन्छ हाम्रो सिनेमामा । अलिकति कला र बजारको मिश्रण हुन्छ कथामा । यस पटक हाम्रो कथाको विषय हो– शिक्षा । विषयका हिसाबले हामीले एकदमै नयाँ कुरा समातेका छौं । अहिलेको हाम्रो शिक्षा व्यवस्था राम्रो छैन । शिक्षाका नाममा जसोतसो शिक्षणलाई ठेलिराखेका छौं ।

छक्कापन्जा, यो जुवा खेल्ने मानिसहरूका बीच मन पर्ने वा छुक लाग्ने दाउ हो । कत्ति जुवाडेलाई छक्का फाप्छ, कुनैलाई तिया । यो त जुवाडेहरूको अनुमानकै कुरा हो, तर जुवाको संसारभन्दा बाहिर सार्वजनिक जीवनका अन्य क्षेत्रमा पनि दाउ महत्वपूर्ण हुन्छ । अभिनेता, निर्देशक तथा कलाकारका रूपमा सबैले सह्राएका दीपकराज गिरी अचेल दाउ खेल्न थालेका छन् । उनको दाउ हो– छक्कापन्जा । छक्कापन्जाको विशाल सफलतापछि दीपक एवं निर्देशक तथा अभिनेत्री दीपाश्री दुवैको मन लोभियो । त्यसपछि तयारी सुरु भयो– नयाँ भेन्चर छक्कापन्जा- २ को । दीपक र दीपाले सोच्दै नसोचेको कुरा– साक्षात् लक्ष्मी सावित भयो छक्कापन्जा । यी दुई सिनेमाको अपार सफलताले प्रेरित भएका भनौं, पुलकित भएका भनौं वा लोभिएका भनौं, दीपक र दीपाले छक्कापन्जा-३ को पनि निर्माण थाले ।

बुधबार बिहान दीपक मलाई सुटिङ स्पटमा लान आएका थिए । उनी र म बत्तीसपुतलीको अव्यवस्थित जाममा पर्‍यौं । यो मौका थियो मेरा लागि । सुटिङ स्पटमा पुगेर दीपकले मलाई समय दिन भ्याउलान् भन्ने पटक्कै लागेको थिएन । मेरा फिल्मी साथीभाइ तथा दीपकमा केही फरक थिएन । अचेल मानिसहरूले रियलाइज गर्न थालेका छन्- सिनेमाको निर्माणाधीन अवस्था जति असंगठित हुन्छ, त्यो सिनेमा बनेपछि त्यति नै 'वाह' हुन्छ र त्यति नै व्यवस्थित हुन्छ । छक्कापन्जा-१ हेर्न हलमा पुगेका धेरैलाई लागेको थियो, 'हेर्न त हेरी हालौं न, नेपाली सिनेमा हो ।' हेरिसकेपछि दर्शकहरूको धारणा बदलियो । भन्न थाले, 'यो त राम्रो र रमाइलो पो रहेछ त ।'

छक्कापन्जा-२ को स्वागत पनि त्यसरी नै भयो । प्रशंसा पनि भयो । मैले दीपकसँग भनें, 'तिमीले त छक्कापन्जा सिरियल नै बनाउन लाग्यौ कि के हो ? २ पछि ३ । अब ४ पनि बनाउने होला होइन ?' उत्तरमा दीपकको जवाफ थियो, 'चार त नबनाउने । छक्कापन्जाको तीन भागसम्म बनाएर हामीले यसलाई ब्रान्डका रूपमा स्थापित गर्‍यौं । अहिलेको जमानामा सिनेमामा सिक्वेलको ठूलो महत्व छ । दाजुलाई त थाहै छ, टम क्रूजको 'मिसन इम्पस्सिबल' का ६ भाग बनिसके । यही थिममा बनेका सिरियल त कति-कति ? भारतमा पनि सिंघम, हेराफेरीजस्ता थुप्रै सिनेमा बनेका छन् सिक्वेलमा । दर्शकले मागे छक्कापन्जा-४ बनाउँदैनौं भन्न मिल्दैन । त्यो अवस्था आएको खण्डमा त बनाउनैपर्‍यो, तर ३ पछिचाहिँ केही समय ग्याप हुन्छ ।'

सिक्वेलका रूपमा बन्ने सिनेमाहरूमा चरित्र त उही हुन्छन्, तर कथावस्तु, घटनाक्रम एवं परिवेश फरक हुन्छ । हामी शारीरिक द्वन्द्वमा अलमलिदैनौं, तर कन्फ्लिक्ट हुन्छ हाम्रो सिनेमामा । अलिकति कला र बजारको मिश्रण हुन्छ कथामा । यस पटक हाम्रो कथाको विषय हो– शिक्षा । विषयका हिसाबले हामीले एकदमै नयाँ कुरा समातेका छौं । अहिलेको हाम्रो शिक्षा व्यवस्था राम्रो छैन । शिक्षाका नाममा जसोतसो शिक्षणलाई ठेलिराखेका छौं । हामी बेरोजगार उत्पादन गर्ने शिक्षा भनेर आलोचना त गर्छौं तर त्यसको विकल्पको खोजीमा जाँदैनौं ।

दीपकलाई सन्तोष छ– 'सुरुमा धेरैले सिरियलबाट आएको मानिसले के सिनेमा बनाउला भने, तर हामीले यस्तो क्यानभास स्थापित गर्‍यौं कि सिरियलबाट आएको कसैले पनि सिनेमाको क्यानभास निर्माणको काम गर्नै सक्दैन भन्ने मान्यता नै भत्कियो ।'

बजेटका हिसाबले चाहिं सिक्वेलमा अलि बढी पैसा खर्च हुने अनुभव छ दीपकको । पहिलो छक्काको निर्माणमा ९० लाखको हाराहारीमा खर्च भएको थियो । दोस्रोमा, डेढ करोड खर्च भयो । अब यो तेस्रोमा चाहिं २ करोड खर्च पुग्नेवाला छ ।

फिल्मचाहिं सकभर आगामी घटस्थापनाका दिन सार्वजनिक गर्ने योजना छ । दीपक भन्छन्, 'भएन भने फूलपाती त छँदैछ ।'

## प्रतिक्रिया




व्यक्तिगत स्वार्थ मिलुन्जेल सबै ठीक हुन्छ, नमिल्दा लफडा (फ्रन्टपेज : जमाना सुगर ड्याडीको) । अचेलको जमानामा कसैको भर हुँदैन । हरेक सम्बन्धमा स्वार्थ छ । गलत सम्बन्धले मानिसलाई डुबाइरहेको छ । नेपाली समाजमा सुगर ड्याडीहरूको संख्या बढिरहेको छ । यसरी गाँसिएको सम्बन्ध आफैंलाई पासो हुनसक्छ भन्ने कुरामा ध्यान पुर्‍याउनु जरुरी छ ।

**गोबिन्द श्रेष्ठ**

पद त्यागेर पनि कानुनमन्त्री शेरबहादुर तामाङको प्रशंसा भयो (मंगल होस् : कानुनमन्त्रीको गल्ती र राजीनामा) । आफ्नो गल्तीको माफी माग्दा कोही सानो नहुने रहेछ ।

**रोहित थापा**

बंगलादेशको कूटनीतिक वृत्तबाट व्यापक असन्तुष्टि व्यक्त भएपछि बंगलादेश सरकारबाटै यससम्बन्धी विज्ञप्ति आउने सम्भावना थियो । त्यसबाट अन्तर्राष्ट्रिय क्षेत्रमा ओली सरकारको आलोचना हुने सम्भावना भएपछि अन्य उपाय नलागेर कानुनमन्त्री शेरबहादुर तामाङले राजीनामा दिएका हुन् (मंगल होस् : कानुनमन्त्रीको गल्ती र राजीनामा) ।

**रबिन ढकाल**

नयाँ कुरा जोखिमपूर्ण हुन्छ (युवा मन : परिवर्तनका कुरा) । यद्यपि जोखिम नलिई मानिस सफल पनि हुँदैन ।

**मनिस श्रेष्ठ**

काठमाडौं महानगरपालिकाले यहाँको फोहोरमैला व्यवस्थापनमा ध्यान पुर्‍याउन एकदम जरुरी छ (यात्रा सन्दर्भ : काठमाडौं सहरका परिघटना) । आर्थिक समृद्धिको नारा दिएर मात्र हुँदैन ।

**बिनु कडायत**

पञ्चम सिंहको कथा निकै रोचक रहेछ (अन्तर्वार्ता : मानिसलाई परिस्थितिले नियन्त्रण गर्छ) । मानिसको बिगत जस्तोसुकै भए पनि त्यसलाई असल कर्मले मेट्न सकिने रहेछ । भविष्य आफ्नै हातमा हुन्छ । पञ्चम सिंहको जीवनले आम मानिसलाई केही न केही सिकाएको छ । उनका कुरा धेरैभन्दा धेरै मानिस समक्ष पुर्‍याउन जरुरी छ ।

**अभिजित बिष्ट**

ठूलो रकम खर्चिएर विदेश जानुभन्दा कम रकममै स्वदेशमै अध्ययन पूरा गर्न सकिन्छ (शिक्षा : विदेशको शिक्षा कति खर्च ?) नेपालमा पनि गुणस्तरीय शिक्षा प्रदान गर्ने कलेज खुलिसकेका छन् ।

**रवीन्द्र यादव**

फेसबुक पछि सबैभन्दा धेरै हेरिने भनेको युट्युब नै होला (१ अर्ब बढीले हेर्छन्) । हरेक क्षेत्रको ज्ञान बटुल्न युट्युब राम्रो विकल्प बन्दै गएको छ । संसारभर यसको प्रयोग बढिरहेको छ ।

**जेपी तिमिल्सिना**

राजनीतिक परिवारमा जन्मिए पनि स्मिताको रुचि भने संगीतमा रहेछ (संगीत : स्मिताको उडान) । उनको व्यक्तित्व सरल र सुन्दर लाग्यो । छोटो समयमै उनले कमाएको चर्चा लोभलाग्दो छ ।

**मधु ज्ञवाली**

गायिका आनिछोइङ डोल्मालाई सलाम छ (म्युजिक अपडेट : आनीको सहयोग) । उनले जुन रकम सहयोग गरिन् त्यो निकै ठूलो हो । राज्यका हरेक नागरिक तथा उच्च ओहदामा बस्ने व्यक्तिहरूले पनि गम्भीर भएर सोच्ने हो भने देशमा चाँडै परिवर्तन आउँछ ।

**विवेक योञ्जन**

छायांकनका लागि नेपालमै पनि उपयुक्त ठाउँहरू छन् (फिल्मी डायरी : टर्कीबाट रोजीको छायांकन) । ओझेलमा परेका यस्ता ठाउँको प्रवर्द्धन गर्ने हो भने विदेशीहरू समेत नेपाल आउन सक्छन् ।

**राजन पराजुली**

आफूमा प्रतिभा छ भने मोबाइलको सहाराबाटै संसारलाई चिनाउन सकिन्छ (म्युजिकल्ली क्वीन) । रेश्मा घिमिरे जस्तै धेरैका लागि म्युजिकल्ली एप्स बरदान सावित भएको छ । यसले आफ्नो प्रतिभा तिखार्न मद्दत पुर्‍याइरहेको छ ।

**मनिस काफ्ले**

परदेशमा आफ्नो व्यस्त जीवनशैलीबीच रुचिको पेशा अंगाल्न गार्‍है छ (शर्मिलाको दौड) । शर्मिला लामिछानेलाई फेसन तथा मोडलिङ दुवै क्षेत्रमा सफलता मिलोस्- शुभकामना ।

**कुमार बिस्ट**

'मिस क्विन तनहुँ-२०१८' को उपाधि पाएकोमा स्वर्णिमा गुरुङलाई बधाई छ ('मिस क्विन तनहुँमा स्वर्णिमा) । राष्ट्रिय स्तरका प्रतिस्पर्धामा सहभागी हुने बाटो खुलोस् ।

**शान्ति गौतम**

चीनमा कस्तो अचम्मको प्रतियोगिता हुँदोरहेछ (बूढी औंलाको कुस्ती) ! मनोरञ्जक खेल बूढी औंलाको कुस्तीले धेरैको ध्यान तानेको छ ।

**सुरेश महरा**

twitter follow us on twitter.com/saptahik

SMS मार्फत प्रतिक्रिया
SF(space) दिएर आफ्नो प्रतिक्रिया टाइप गरी नामसहित 8080 मा पठाउनुहोस् ।

Like us on Facebook facebook.com/kantipursaptahik

# आफ्नै जीवनलाई दोहोऱ्याउँदा धेरै पटक भक्कानियौं



तस्विर : कृष्ण भट्टराई

तीन साताअघि नेपाली चलचित्र 'बोबी' प्रदर्शन भएपछि सिनेमा हलहरूमा झन्डै एक दर्जन नेपाली चलचित्र आए अनि गए, यद्यपि यो चलचित्र भने जति पुरानो भयो, उति धेरै दर्शकको साथ पाएर सिनेमा हलमा टिकिरहेको छ । नर्वेमा बसोबास गर्ने एक जोडी नेपालीको वास्तविक कथा समेटिएको उक्त चलचित्रको 'माउथ पब्लिसिटी' उत्कृष्ट भएपछि सिनेमा हलमा दर्शकको ताँती लाग्न थालेको हो । रमाइलो कुरा के छ भने पेसाले इलेक्ट्रोनिक्स इन्जिनियर उमेश थापा तथा उनकी जीवनसंगिनी कविता गुरुङले चलचित्र बोबीमा आफ्नै जीवनको भोगाइलाई पर्दामा उतारेका छन् । अन्तर्जातीय विवाह गर्ने उक्त जोडीको प्रेम, भागी विवाह, संघर्ष तथा सफलताको कथा चित्रण गरिएको चलचित्र बोबीको कथालाई अधिकांश युवा दर्शकले आफ्नै जीवन कथासँग तुलना गरेपछि मिलन चाम्सको निर्देशनमा तयार भएको उक्त चलचित्रले सफलता पाएको हो । उक्त चलचित्रका वास्तविक अभिनेता-अभिनेत्री उमेश तथा कवितासँग साप्ताहिकका कृष्ण भट्टराईले गरेको कुराकानी :

■ उमेश थापा/कविता गुरुङ

**पहिलो पटक आफैंलाई चलचित्रको पर्दामा देख्दा कस्तो लाग्यो ?**

**उमेश :** पहिलो पटक पर्दामा आफैंलाई हेर्दा हामी नै हौं र ? भनेजस्तो लाग्यो । त्यो क्षण वास्तवमा निकै रोमाञ्चक थियो ।

**कविता :** मलाई त ठूलो पर्दामा कुनै अर्कै हिरो-हिरोइनले अभिनय गरेको चलचित्र हेरिरहेको अनुभव भयो ।

**आफ्नै जीवन-संघर्षमा चलचित्र बनाउने योजना कसरी बन्यो ?**

**कविता :** यसको सम्पूर्ण श्रेय निर्देशक मिलन चाम्सलाई जान्छ । उहाँकै पहलमा यो चलचित्र तयार भएको हो भन्दा फरक पर्दैन ।

**कसरी ?**

**कविता :** एउटा भ्रमणका सिलसिलामा डेढ वर्षअघि म बेलायत पुगेकी थिएँ । त्यस क्रममा निर्देशक मिलन चाम्ससँग भेट भएको थियो । त्यति बेला उहाँको चलचित्र 'वीरविक्रम' प्रदर्शन भैरहेको थियो । उहाँसँग कफी गफ गर्ने क्रममा मैले 'दाइ तपाईं त चलचित्र बनाउने मान्छे, हाम्रो प्रेम-कथा त डेन्जर छ नि' भन्न पुगेछु । उहाँले सुनौं न त भन्नु भएपछि हाम्रो प्रेम-विवाहको कथा छोटकरीमा सुनाएँ । उहाँले गम्भिर भएर सुन्नुभयो । त्यसमध्ये एउटा घटनाले उहाँको मन छोएछ ।

**के थियो त्यो घटना ?**

**कविता :** हामी पोखराबाट भागेर ललितपुरको लूभु आएको केही दिनमा मन्दिरमा विवाह गर्ने निर्णय भयो । यद्यपि हामीसँग पैसा थिएन । विवाहमा मैले सारीदेखि गहनासम्म अरू कसैसँग मागेर लगाएकी थिएँ । यद्यपि उमेशले एउटा कुरा चाहिं आफैंले किनेर ल्याउनु भएको थियो, दुलहीले ओढ्ने घुम्टी । मलाई सानैदेखि क्षेत्री-बाहुनका दुलही जस्तो सजिएर विवाह गर्न मन थियो, त्यसैले घुम्टीचाहिं किनिदिनुपर्छ है भनेकी थिएँ । त्यो घुम्टी मैले अहिलेसम्म साँचेर राखेकी छु । विवाहमा अर्कैको सारी र गहना लगाएको कुराले निर्देशक चाम्सको मन छोएछ । उहाँ, म तिम्रो कथा विस्तृतमा सुन्न चाहन्छु भन्नुभयो । पूरै कथा सुन्न त मेरै घर आउनुपर्छ भन्दै मैले उहाँलाई नर्वे आउने निम्तो दिएँ ।

**निर्देशक चाम्स नर्वे पुगेपछि के भयो ?**

**उमेश :** निर्देशक चाम्स २०१६ को नोभेम्बरताका हाम्रो घर नर्वे आउनुभयो । कविताले दाइ बनाएको व्यक्तिलाई मैले पनि दाइ मानें । उहाँ हाम्रो घरमा करिब पाँच दिन बस्नुभयो । त्यसक्रममा म र कविताले उहाँलाई हाम्रो विगतका धेरै कुरा सुनायौं । खाना पकाउँदा, ड्राइभ गर्दा, सपिङ गर्दा, डिनर गर्दा हाम्रो विगत सुनाउँदै गयौं ।

**कविता :** दाइले त हामीलाई जानकारी नै नदिई हाम्रो विगतका कुरा आफ्नो मोबाइलमा रेकर्ड गरिरहनुभएको रहेछ । चार-पाँच दिनपछि उहाँ बेलायत फर्कनुभयो । त्यसपछि यो कुरा त्यत्तिकै सेलायो ।

**त्यसपछि ?**

**कविता :** हाम्रो सबै कुरा सुनेपछि उहाँ खुसी हुँदै फर्कनुभएको थियो । त्यसपछि दुई-तीन दिनसम्म सम्पर्क भएन । यद्यपि चार दिनपछि उहाँले फोन गरेर 'मलाई तिमीहरूको कथा असाध्यै मन पऱ्यो, मैले तिमीहरूको वास्तविक कथामा चलचित्र बनाउने निर्णय गरें' भन्नुभयो । हामी बूढाबूढी आश्चर्यचकित भयौं । कुराकानी मात्र होला भन्ने सोचेका थियौं, चार-पाँच दिनपछि फेरि फोन गरेर 'यो चलचित्रमा त तिमीहरूले नै अभिनय गर्नु पर्छ' पो भन्नु भयो ।

**त्यस्तो प्रस्ताव सुनेपछि तपाईंहरूको प्रतिक्रिया के रह्यो ?**

**कविता :** हामी त हाम्रो कथामा आधारित चलचित्र बन्ने भयो । नेपालका नाम चलेका कलाकारले हाम्रो भूमिका निर्वाह गरेर बन्ने चलचित्र कस्तो होला भन्ने कल्पना गरिरहेका थियौं, अचानक हामीलाई नै अभिनयको प्रस्ताव आउँदा थप आश्चर्यचकित भइयो । केही समयपछि म त खुसी भएँ, तर उमेशले 'कहाँ हुन्छ ?' भन्ने विरोध जनाउनुभयो ।

**उमेश :** हाम्रो संघर्षमा आधारित चलचित्र बन्ने कुरा त ठीकै थियो, आफैंले अभिनय गर्नुपर्छ भन्ने प्रस्ताव आफैंमा अनौठो थियो । म ८५ केजी तौल भएको मोटो व्यक्ति कसरी हिरो बन्न सुहाउँछ भनेर मैले उहाँको प्रस्ताव ठाडै अस्वीकार गरेको थिएँ ।

**अभिनयका लागि कसरी तयार हुनु भयो त ?**

**कविता :** म त अभिनयका लागि तयार भैसकेकी थिएँ, उमेश आफ्नो काममा असाध्यै व्यस्त भएकाले मनाउन

पृष्ठ ७ मा


**कोशिश गरौं : रोजगारी सम्भव छ !!!**

४० वर्षको तालीम अनुभव
४०,००० प्रशिक्षार्थीलाई तालीम
८० प्रतिशत पशिक्षार्थीलाई रोजगारी दिन सफल
CTEVT बाट सम्वन्धन प्राप्त

युसेप नेपाल (UCEP Nepal) द्वारा संचालित सानो ठिमी प्राविधिक शिक्षालयमा भाद्र सत्रको लागि सहुलियत शुल्कमा निम्न रोजगारीमूलक तालीममा भर्ना खुलेको सूचना ।

| क्र.सं. | तालीम | अवधि |
|---|---|---|
| १. | लाईट भेहिकल मेकानिक | १२ महिना |
| २. | लाईट भेहिकल सर्भिस मेकानिक | ६ महिना |
| ३. | मोटरसाईकल सर्भिस मेकानिक | ६ महिना |
| ४. | लेथ सेटर अपरेटर | १२ महिना |
| ५. | स्ट्रक्चरल फेब्रिकेटर | ६ महिना |
| ६. | आर्क वेल्डर/जुनियरवेल्डर TIG/MIG | ६ महिना |
| ७. | अफसेट प्रेस अपरेटर | ३/६ महिना |
| ८. | मेटल इचिङ/बुक वाइन्डिङ्ग | ३ महिना |
| ९. | प्रिन्टिङ प्रेस टेक्निसियन | १२ महिना |
| १०. | जुनियर प्लम्बर | ६ महिना |
| ११. | विल्डिङ्ग ईलेक्ट्रिसियन/मोटर रिवाइन्डिङ्ग | ६ महिना |
| १२. | कम्प्युटर हार्डवेयर टेक्निसियन | ४ महिना |
| १३. | मोवाईल फोन रिपेयर टेक्निसियन | ४ महिना |
| १४. | टेलरिङ्ग | ६ महिना |
| १५. | हेभी इक्विपमेन्ट मेकानिक | ४ महिना |
| १६. | ब्याक्हो लोडर/एक्साभेटर अपरेटर | १ महिना |
| १७. | हलुका सवारी चालक | १ महिना |

कक्षा संचालन हुने मिति : २०७५ भाद्र १ गते ।
प्रशिक्षार्थीहरुको आवश्यकता अनुसार सहुलियत दरमा छात्रावासको समेत व्यवस्था छ ।

सानो ठिमी प्राविधिक शिक्षालय
(Sano Thimi Technical School)
सानोठिमी, भक्तपुर
फोन नं. : ०१-६६३१२७९, ०१-६६३०३८८
www.ucep.org.np

एसईईपछि

# ओभरसियर बन्ने कि ?

**सिटिइभिटीअन्तर्गतका थुप्रै शिक्षालयले ओभरसियर अध्यापन गराउँछन् । एसईईपछि डिप्लोमा इन इन्जिनियरिङ गर्न चाहनेहरूले यो बाटो उपयोग गर्न सक्छन् । एसईईमा सी भन्दा ग्रेड ल्याउनेहरूले प्रवेश परीक्षामा प्रतिस्पर्धा गरेर ओभरसियरमा नाम निकाल्न सक्छन् । सिटिइभिटीका आंगिक शिक्षालय एवं सम्बन्धन प्राप्त शैक्षिक संस्थामा विद्यार्थीले ओभरसियर अध्ययन गर्ने अवसर प्राप्त गर्छन् । आंगिक शिक्षालयमा शुल्क सस्तो हुन्छ भने सम्बन्धनमा केही महँगो ।**



### डिप्लोमा इन सिभिल इन्जिनियरिङ

तीन वर्षमा पढाइ सकिने डिप्लोमा इन सिभिल इन्जिनियरिङ सिटिइभिटी तथा निजी क्षेत्रका ३६ शिक्षालयले पढाउने गरेका छन् । एउटा शिक्षालयमा ३० देखि बढीमा ४८ जना भर्ना लिइन्छ । पूर्वाधार विकाससम्बन्धी सरकारी, गैरसरकारी एवं निजी क्षेत्रको कार्यालयमा सिभिल इन्जिनियरको पद सिर्जना गरि एकाले यस्ता जनशक्तिको माग बढ्दो छ । यो विषय सिटिइभिटीअन्तर्गतका सेती प्राविधिक शिक्षालय दीपायल तथा लाहान प्राविधिक शिक्षालयमा अध्यापन हुन्छ । यो विषय ओभरसियर पदका लागि योग्य मानिन्छ । डिप्लोमा इन सिभिल इन्जिनियरिङ उत्तीर्ण गरेपछि विभिन्न विश्वविद्यालयमा इन्जिनियरिङको स्नातक तहमा अध्ययन गर्न सकिन्छ ।

### डिप्लोमा इन सर्भे इन्जिनियरिङ

तीनवर्षे डिप्लोमा इन सर्भे इन्जिनियरिङ हाल भू-सूचना अध्ययन प्रतिष्ठान बानेश्वरमा मात्र अध्यापन हुन्छ । यहाँ अध्ययनका लागि ४८ जनाको भर्ना क्षमता छ । यो विषयको अध्ययनपछि सरकारी निकायमा प्राविधिक सुब्बासरहको जागिरका लागि योग्य भइन्छ । गैरसरकारी तथा निजी क्षेत्रमा भने आवश्यकताअनुसार जिम्मेवारी पाइन्छ । यो विषय गर्नेहरूले विश्वविद्यालयमा सर्भे इन्जिनियरिङतर्फ स्नातक तह अध्ययन गर्नसक्छन् ।

### डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ

डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ २५ वटा निजी शिक्षालयमा अध्यापन हुन्छ । त्यस्तै सिटिइभिटीको आफ्नै डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ बनेपाले पनि २४ सिट क्षमतामा कक्षा सञ्चालन गरिरहेको छ । सम्बन्धन प्राप्त एउटा शिक्षालयमा सामान्यतः ४८ जनाको भर्ना क्षमता छ । यो तीनवर्षे कोर्स हो । यो विषय नेपालमा मात्र नभै विदेशमा पनि लोकप्रिय मानिन्छ । सरकारी रोजगारी भन्दा स्वरोजगारतर्फ उन्मुख हुन यो विषय अध्ययन गरिन्छ ।

### डिप्लोमा इन मेकानिकल इन्जिनियरिङ

तीनवर्षे डिप्लोमा इन मेकानिकल इन्जिनियरिङ सिटिइभिटीका दुईवटा आंगिक शिक्षालयमा अध्यापन हुन्छ । यसका लागि ७८ वटा सिट छन् । त्यसबाहेक सम्बन्धन प्राप्त २ वटा शिक्षालयमा डिप्लोमा इन मेकानिकल अध्ययन गर्न सकिन्छ । यिनीहरूले कुल ९६ सिटका लागि भर्ना लिन्छन् । इन्जिनियरिङ मध्ये मेकानिकल विषय सबैभन्दा खर्चिलो विषय मानिन्छ । मेकानिकल इन्जिनियरिङ अध्ययन गरेका विद्यार्थीले अस्ट्रेलिया, क्यानाडा, अमेरिकाजस्ता विकसित देशमा बसाई-सराइको अवसर पाउँछन् भने खाडी मुलुकमा उच्च पारिश्रमिक प्राप्त गर्न सक्छन् ।

### डिप्लोमा इन इलेक्ट्रोनिक्स इन्जिनियरिङ

इलेक्ट्रोनिक्स इन्जिनियरिङका कक्षा सञ्चालनका निम्ति सिटिइभिटीले निजी क्षेत्रका ११ वटा प्राविधिक शिक्षालयलाई सम्बन्धन दिएको छ । सिटिइभिटीका २ वटा आंगिक क्याम्पसमा पनि ७८ सिटका लागि विद्यार्थीले प्रतिस्पर्धा गर्न सक्छन् । यो विषय पढेपछि सम्बन्धित क्षेत्रमा प्राविधिक नायब सुब्बासरहको रोजगारी प्राप्त गर्न सकिन्छ । एउटा शिक्षालयमा भर्ना क्षमता ४८ जनाको हुन्छ । डिप्लोमा इन इलेक्ट्रोनिक्स इन्जिनियरिङ उत्तीर्ण गरेपछि सरकारी तथा निजी क्षेत्रमा रोजगारी पाइन्छ । टेलिकमलगायत प्रसारण सञ्चार माध्यममा रोजगारीको अवसर प्राप्त हुन्छ ।

### डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ

सिटिइभिटीको भेरी प्राविधिक शिक्षालय, बालाजु स्कुल अफ इन्जिनियरिङ एन्ड टेक्नोलोजी, मनमोहन मेमोरियल पोलिटेक्निक, बनेपा पोलिटेक्निक इन्स्टिच्युटले इलेक्ट्रिकल इन्जिनियरिङ अध्यापन गराउँछन् । सिटिइभिटीकै अन्य दुइवटा आंगिक क्याम्पसले पनि यो विषयमा अध्यापन सुविधा दिएका छन् । यसवाहेक अन्य ९ वटा निजी शिक्षालयले इलेक्ट्रिकल इन्जिनियरिङका अध्यापनका लागि सिटिइभिटीबाट सम्बन्धन लिएका छन् । यो विषय अध्ययन गरेकाहरूले विभिन्न विश्वविद्यालयमा इन्जिनियरिङको स्नातक तह अध्ययन गर्ने योग्यता राख्छन् । यो विषय अध्ययन गरे विद्युत् प्राधिकरण तथा हाइड्रोपावर परियोजनाहरूमा रोजगारी पाइने सम्भावना हुन्छ ।

### डिप्लोमा इन इन्फर्मेसन टेक्नोलोजी

कम्प्युटर टेक्नोलोजीसँग सम्बन्धित कोर्स हो, डिप्लोमा इन इन्फर्मेसन टेक्नोलोजी । यो विषय अन्तर्गत विद्यार्थीले सूचना तथा सञ्चार प्रविधिका बारेमा विस्तृत अध्ययन गर्न पाउँछन् । आईटी जनशक्ति उत्पादन गर्ने उद्देश्यले सिटिइभिटीले यो शैक्षिक कार्यक्रम थपेको हो । डिप्लोमा इन इन्फर्मेसन टेक्नोलोजी कम्प्युटर इन्जिनियरिङको आधारशिला हो । यो विषय अध्ययन गरेकाहरूले कम्प्युटर प्राविधिकका रूपमा काम गर्ने अवसर प्राप्त गर्न सक्छन् । बनेपा पोलिटेक्निक इन्स्टिच्युट काभ्रेले आइटीमा प्रमाणपत्र तहका लागि २४ जनालाई अध्ययनको सुविधा उपलब्ध गराउँदै आएको छ ।

## कहाँ-कहाँ काम पाइन्छ ?

नेपालले पर्याप्त मात्रामा दक्ष इन्जिनियर उत्पादन गर्न सकेको छैन । स्तरीय प्रविधि उपयोग गर्न नेपाली इन्जिनियरहरू अझै अन्तर्राष्ट्रिय बजारसम्म पुग्न सकेका छैनन् । नेपालमा अध्यापन गरिने शिक्षा अन्य देशको तुलनामा कम गुणस्तर र प्रयोगात्मक खालको छैन । सरकारी इन्जिनियरिङ अध्ययन संस्थानमा अध्यापन गराउने प्राध्यापकहरू बढी पैसा कमाउने मनसाय पालेर बसेका छन् । सरकारी क्याम्पसमा हाजिरी लगाएर निजी क्याम्पसमा पढाउँन जाने क्रम रोकिएको छैन ।

तथ्यांकले बताउँछ, नेपालमा वर्षमा झन्डै ६ हजार इन्जिनियर उत्पादन हुन्छन्, तर तिनीहरूको कुनै मापदण्ड र गुणस्तर परीक्षण गर्ने निकाय भने छैन । सरकारी निकाय काउन्सिल त छ, तर उसको काम लाइसेन्स दिने मात्र हो जस्तो देखिन्छ ।

### कुन क्षेत्रमा कस्तो काम ?

**सिभिल** : भवन, सिँचाइ, सडक, खानेपानी, ढल निकास आदिको निर्माण तथा मर्मत ।

**आर्किटेक्चर**: आर्किटेक्चरल डइडहरू बनाउनुका साथै भवन निर्माणमा सुपरिवेक्षण ।

**इलेक्ट्रिकल**: विद्युत्सम्बन्धी साना तथा मझौला उपकरण सञ्चालन, मर्मत तथा सञ्चालन ।

**इलेक्ट्रोनिक्स**: घरेलु तथा सञ्चारसम्बन्धी इलेक्ट्रोनिक सरसामान सञ्चालन, मर्मत एवं जडान ।

**मेकानिकल**: विभिन्न किसिमका मेसिनहरू चलाउने, जडान गर्ने, मर्मत तथा प्लम्बिङको काम ।

**अटोमोबाइल**: पेट्रोल र डिजल इन्जिन तथा विभिन्न सवारी साधनको मर्मत सम्भार ।

**रेफ्रिजेसन एन्ड एयर कन्डिसिनिङ**: यी मेसिनहरूको सञ्चालन एवं मर्मत ।

**कम्प्युटर**: कम्प्युटर तथा अन्य इलेक्ट्रोनिक्स सामग्रीहरू मर्मत तथा जडान ।

### शुल्क कति लाग्छ ?

त्रिभुवन विश्वविद्यालयले नियमित र पूर्ण शुल्क गरी २ प्रकारको शुल्क लिन्छ । पूर्ण शुल्कमा भर्ना हुन नियमितभन्दा अतिरिक्त शुल्क तिर्नुपर्छ । यसका लागि पनि प्रवेश परीक्षा भने उत्तीर्ण हुनैपर्छ । यी क्याम्पसमा पनि फरक-फरक भर्ना क्षमता छ । त्रिभुवन विश्वविद्यालयअन्तर्गतका क्याम्पसमा नियमिततर्फ भर्ना भएकाहरूले एक वर्षमा ५ हजार तिर्नुपर्छ । पूर्ण शुल्कतर्फ भने झन्डै ३० हजार रुपैयाँ खर्च लाग्छ । यस हिसाबले नियमित तर्फ तीन वर्षमा १५ हजार तथा पूर्ण शुल्कमा ९० हजार खर्च लाग्छ । सिटिइभिटी अन्तर्गतका शिक्षालयहरूमा भने तीन वर्षमा डेढदेखि २ लाख रुपैयाँसम्म लाग्ने बताइन्छ ।

### सिटिइभिटीअन्तर्गतका कलेज एवं कार्यक्रम

डिप्लोमा इन् सिभिल इन्जिनियरिङ अध्ययनका लागि सिटिइभिटी तथा निजी क्षेत्रमा १७ वटा शिक्षालय छन् । एउटामा ४८ जनाले भर्ना पाउँछन् । आगिंकतर्फ सेती प्राविधिक शिक्षालय दीपायल तथा लाहान प्राविधिक शिक्षालयमा सिभिल इन्जिनियरिङको पढाइ हुन्छ ।

- एक्मि इन्जिनियरिङ कलेज, सीतापाइला– सिभिल, कम्प्युटर तथा इलेक्ट्रिकल (इलेक्ट्रोनिक्स)
- एड्भान्स कलेज अफ इन्जिनियरिङ, ललितपुर– सिभिल तथा कम्प्युटर (इलेक्ट्रिकल)
- अरनिको इन्स्टिच्युट अफ टेक्नोलोजी, बनेपा– कम्प्युटर
- वैजनाथ इन्जिनियरिङ कलेज, महेन्द्रनगर– सिभिल
- वीरगन्ज टेक्निकल इन्स्टिच्युट, श्रीपुर– कम्प्युटर, मेकानिकल तथा इलेक्ट्रोनिक्स कम्प्युटर
- जनकपुर इन्जिनियरिङ कलेज– कम्प्युटर
- काठमाडौं इन्स्टिच्युट अफ टेक्नोलोजी, काठमाडौं– सिभिल, कम्प्युटर तथा इलेक्ट्रोनिक्स (इलेक्ट्रिकल)
- ख्वप पोलिटेक्निक स्कुल, भक्तपुर– सिभिल
- लुम्बिनी इन्जिनियरिङ कलेज, रुपन्देही– कम्प्युटर, मेकानिकल
- नेपाल पोलिटेक्निक इन्स्टिच्युट, चितवन– सिभिल
- पाल्पा इन्जिनियरिङ कलेज, पाल्पा– सिभिल
- पोखरा इन्जिनियरिङ कलेज, कास्की– कम्प्युटर आर्किटेक्चर इलेक्ट्रोनिक्स
- स्कुल अफ जियोमेट्रिक्स, काठमाडौं– सर्भे
- सुनसरी टेक्निकल इन्स्टिच्युट, धरान– कम्प्युटर
- सुष्मा टेक्निकल इन्स्टिच्युट, धरान– सिभिल

# आफ्नै जीवनलाई...

पृष्ठ ५ बाट

गाह्रो भयो । यद्यपि मैले अनुरोध गरेपछि उमेशले कुनै पनि कुरा नाईं नभन्ने भएकाले केही दिनको मेहनतपछि नै मनाउन सफल भएँ ।

**उमेश :** मेरो व्यस्तता एकातिर थियो, अर्कातिर मेरो मोटो ज्यानले चलचित्रमा अभिनय गर्ने भनेपछि मैले कसरी पत्याउने ? यद्यपि कविताले मरिहत्ते गरेपछि मैले 'नो' भनिरहन सकिनँ । अभिनय गर्नै पर्ने निश्चित भएपछि सर्वप्रथम मैले ज्यान घटाउने निर्णय गरें । झन्डै तीन महिनामा मैले आफ्नो ८५ केजीको शरीरलाई ६६ केजीमा झारें । त्यसअघि निर्देशक चाम्सले हाम्रो वास्तविक जीवनको कथामा अन्य कलाकारले न्याय गर्न नसक्ने कुरा पनि बताउनुभएको थियो । ती सबै कुरा बुझेपछि म अभिनयका लागि तयार भएको थिएँ ।

**ज्यान घटाउन के-के गर्नुभयो ?**

**उमेश :** चलचित्रमा १८ वर्षको युवादेखि अहिलेसम्मको चरित्र निर्वाह गर्नुपर्ने भएकाले आफ्नो शरीरलाई त्यही अनुसार ढाल्नु मेरा लागि चुनौतीकै विषय थियो । ज्यान घटाउन मैले 'अन बड एक्सरसाइज' विधि अपनाएँ । त्यसक्रममा अत्यधिक शारीरिक व्यायाम हुने काम जस्तै दौडिने, उफ्रिने, पुसअप गर्ने, झुन्डिने आदि सबै काम गरें । केही समय जिमशाला पनि धाएँ । त्यसबाहेक मैले योग गरें, हप्ताको दुई पटक फुटबल खेलें, टेनिस खेलें, स्वीमिङ गरें । दिनहुँ केही न केही गरिरहें । कठोर व्यायाम प्रारम्भ गरेको पहिलो तीन महिनामै म घटिसकेको थिएँ ।

**कविता :** खानामा पनि असाध्यै नियन्त्रण गर्नुभयो । मदिरारहित जीवन बिताउनुभयो । फलफूल तथा तरकारीमा जोड दिनुभयो ।

**छायांकनको पहिलो दिनको अनुभव सुनाउनुहोस् न ?**

**उमेश :** सबैभन्दा पहिले गीतको छायांकन गरियो । गीतको पहिलो शटको छायांकनपछि मलाई क्यामेरा पर्सन पुरुषोत्तम प्रधानले बोलाएर मेरो हाउभाउ देखाउनुभयो । मैले त्यसअघि आफूलाई त्यति सुन्दर (हेन्डसम) कहिल्यै अनुभव गरेको थिइनँ ।

**कविता :** गीतको छायांकन भएकाले धेरै अभिनय गर्नै परेन । म त त्यसै पनि अभिनयका लागि उत्साहित भएकाले पहिलो दिन म अति एक्साइटेड थिएँ ।

**नर्वेको समग्र छायांकन कस्तो रहयो ?**

**उमेश :** ठ्याक्कै एक वर्षअघि जुन महिनामा यो चलचित्रको छायांकन नर्वेबाट प्रारम्भ भएको हो । नर्वेमा झन्डै १५ दिन छायांकन भयो । प्रारम्भमा गीतको छायांकन गरियो । गीतका लागि हामी नर्वेका विभिन्न सुन्दर लोकेसन पुग्यौं । हाम्रो १५-२० जनाको युनिटले दिनरात नभनी काम गर्दा राम्रै परिणाम प्राप्त गऱ्यो ।

**अभिनय गर्ने क्रममा कत्तिको असहज महसुस भयो ?**

**कविता :** छायांकनमा जानुअघि हामी वर्कशपमा सहभागि भएका थियौं । उक्त वर्कसपले गर्दा हामीलाई आफ्नै जीवनमा भोगेका कुरा व्यक्त गर्न खासै असहज भएन ।



> हो, कतिपय दृश्यमा अभिनय गर्ने क्रममा हामी झक्कानियौं पनि । धनाढ्य गुरुङ परिवारमा जन्मिएकी कविताले विवाहपछि तथा म नर्वे गएपछि घरमा गर्नु परेको ढिकी-जाँतो, चुलो-चौका, कुटो-कोदालोको कुरा सुनेर म दुःखी मात्र हुन्थें, उनले अभिनय नै गरेपछि भने म अझ बढी झक्कानिएको थिएँ । कविताले अभिनय गरेका कतिपय दृश्य मैले हेर्न समेत सकेको थिइनँ ।

**उमेश :** हो, कतिपय दृश्यमा अभिनय गर्ने क्रममा हामी झक्कानियौं पनि । धनाढ्य गुरुङ परिवारमा जन्मिएकी कविताले विवाहपछि तथा म नर्वे गएपछि घरमा गर्नु परेको ढिकी-जाँतो, चुलो-चौका, कुटो-कोदालोको कुरा सुनेर म दुःखी मात्र हुन्थें, उनले अभिनय नै गरेपछि भने म अझ बढी झक्कानिएको थिएँ । कविताले अभिनय गरेका कतिपय दृश्य मैले हेर्न समेत सकेको थिइनँ ।

**चलचित्र बनेपछि यसले व्यवसायिक सफलता पाउने कुरामा कत्तिको विश्वस्त हुनुहुन्थ्यो ?**

**कविता :** हाम्रो कथा नै बेजोड थियो । हामीले भोगेका भोगाइहरू निकै रोचक थिए । उक्त कथालाई चलचित्रको स्वरूप प्रदान गर्ने व्यक्ति स्थापित निर्देशक मिलन चाम्स हुनुहुन्थ्यो । यही कुराले म यो चलचित्रको सफलताप्रति करिब-करिब ढुक्क थिएँ ।

**उमेश :** हाम्रो कथा दर्शकलाई रोचक लाग्ने छ भन्ने कुरा त थाहा थियो, यद्यपि हाम्रो कामले यसरी चौतर्फी प्रशंसा पाउँदा, हामी कलाकारका रूपमा चिनिनेछौं भन्ने कुरा मैले त अनुमान समेत गरेको थिइन ।

**चलचित्रमा नदेखाइएको एउटा विषय, नर्वे गएर तपाईंले कुन विषय पढ्नुभयो ?**

**उमेश :** मैले पोखरामै तीन वर्षको ओभरसियर पूरा गरेकाले नर्वे गएर दुईवटा टेलिकम्युनिकेसन तथा इलेक्ट्रिकल विषयमा इन्जिनियरिङ गरें । त्यसपछि इलेक्ट्रिकल इन्जिनियरिङमै मास्टर्स पनि सिध्याएँ । जागिर खाने क्रममा अफिसकै खर्चमा नर्वेकै सबैभन्दा ठूलो विश्वविद्यालय नर्वेजियन विजनेस स्कुलबाट एमबीए समेत गरें । म अहिले पनि मल्टिनेसनल कम्पनी सिमेन्समा प्रोजेक्ट म्यानेजरका रूपमा कार्यरत छु । यी कुरालाई चलचित्रमा देखाइएको छैन । त्यसो त हामी पोखराबाट भागेर काठमाडौं आएका बेला मेरो ओभरसियरको अन्तिम परीक्षा बाँकी नै थियो । विवाह गरेको एक महिनापछि पुनः पोखरा फर्किएर मैले उक्त परीक्षा दिएको थिएँ । परीक्षा दिने क्रममा कविता मलाई भेट्न पोखरा आएकी थिइन् । त्यतिबेला उनको माइतबाट हामी दुवैलाई खतरा भएकाले हामी लुक्दै, भाग्दै पोखरामा बसेका थियौं । यी कुरालाई पनि चलचित्रमा देखाइएको छैन ।

**विवाहलगत्तै नर्वेचाहिं कुन भिसामा जानुभएको थियो ?**

**उमेश :** म इन्जिनियरिङ गर्न विद्यार्थी भिसामा नर्वे गएको थिएँ । त्यसअघि नै नर्वेसंग मेरो बेग्लै नाता जोडिएको थियो । आर्थिक पृष्ठभूमि त्यति बलियो नभएकाले म एसएलसी दिनेबित्तिकै केही महिना काम गर्ने हिसाबले पहिलो पटक नर्वे गएको थिएँ । नर्वेमा समर जब गर्ने हिसाबले पहिलो पटक तीन महिनाका लागि म नर्वे पुगेको थिएँ । त्यतिबेला मैले फार्म हाउसमा काम गरेर केही पैसा जोगाएको थिएँ, त्यो पैसाले लुभुको हाम्रो घरमा ट्वाइलेट बनाएँ, आमालाई १४ इन्चको टिभी किनिदिएँ, पहिलो पटक आफ्नै लागि साइकल किनें अर्थात् १५ वर्षको उमेरदेखि नै मैले घर चलाउन थालिसकेको थिएँ । त्यसको एक वर्ष पछि म पुनः तीन महिनाका लागि नर्वे गएँ । उताबाट स्वदेश फर्किएपछि मैले इलेक्ट्रिकल इन्जिनियरिङ पढ्ने निर्णय गरें, किनभने नर्वेमा यो विषयको भविष्य छ भन्ने मैले बुझेको थिएँ । त्यतिबेला नेपालमा पोखरा र धरानमा मात्र इलेक्ट्रिकल इन्जिनियरिङको पढाइ हुन्थ्यो, मैले पोखरामा इलेक्ट्रिकल ओभरसियरमा नाम निकालें । पोखरामै अध्ययनरत छँदा कवितासँग भेट भएर माया-पिरती बसेको हो । चलचित्र 'बोबी' मा भने पोखरामा कवितासँग भेट भएपछिका दृश्यहरू मात्र समावेश गरिएका छन् । कुनै दिन चलचित्रको प्रिक्वेल/सिक्वेल बनेछ भने मेरो बाल्यकाल तथा किशोरावस्थाका यी कुरा समेट्नुपर्ला ।

**विद्यार्थीका रूपमा नर्वे पुगेपछि भाषाको समस्या भएन ?**

**उमेश :** ठूलै समस्या भयो नि । पहिलो सेमेस्टरमा मैले अंग्रेजी भाषामा परीक्षा दिन्छु भनेको, कलेजले मानेन । नर्वेजियन भाषामा परिक्षा दिएर उत्तीर्ण नभए कलेजमा पढ्नै नपाउने बताएको थियो । त्यसपछि मैले दिन-रात एक गरेर नर्वेजियन भाषा मात्र पढें । त्यतिबेला मैले यति धेरै पढेंछु कि मेरो आँखाको पावर नै कम भएको थियो । अन्ततः मेरो मेहनतले सकारात्मक परिणाम ल्यायो, मैले छोटो समयमै भाषा सिकेर परीक्षा पनि त्यही भाषामा दिएँ, म त्यो सेमेस्टरको नजितामा तेस्रो स्थान ल्याउन सफल भएँ । अँ...धेरै पढेकाले चस्माचाहिँ सधैंका लागि लगाउनुपर्ने भयो ।

**श्रीमान् नर्वे गएपछिका दिनहरू कसरी बिताउनु भयो ?**

**कविता :** धेरै कुरा त चलचित्रमै देखाइएको छ । ती दिनहरू सजिला थिएनन् । काठमाडौं र पोखराको धनाढ्य गुरुङ परिवारबाट लुभुको निम्न आर्थिक अवस्था भएको क्षेत्री परिवारमा भित्रिएकी बुहारीले जे-जे गर्नुपर्थ्यो, त्यो सबै गरें । यद्यपि ती काम गर्नुपर्दा मैले कहिल्यै कसैसँग गुनासो गरिन, किनभने मैले उमेशलाई माया गरेकी थिएँ । मायामा हरेक कुरा जायज हुन्छ भनेको साँच्चै रहेछ ।

**प्रसंग बदलौं, चलचित्रबाट कस्तो प्रतिक्रिया पाउनुभएको छ ?**

**उमेश :** चलचित्र प्रदर्शन भएको पहिलो एक-दुई दिनसम्म सिनेमा हलमा खासै दर्शक आउनुभएको थिएन, तर जति-जति दिन बित्दै गए, दर्शकहरूको संख्या बढ्दै गयो । आज हामीलाई दर्शकले कलाकारका रूपमा दिन थाल्नु भएको मायाले हामी अत्यन्त भावुक भएका छौं ।

**कविता :** हाम्रो कथालाई दर्शकहरूले यति धेरै मन पराउनु हुन्छ भन्ने कुरा हामीले सोचेकै थिएनौं । एउटा सामान्य व्यक्तिको जीवन संघर्षको कथालाई दर्शकहरूले यति धेरै साथ र सहयोग दिनु भएकोमा हामी सम्पूर्ण दर्शकप्रति कृतघ्न छौं ।

**चलचित्रको लगानी सुरक्षित हुने सम्भावना कत्तिको छ ?**

**उमेश :** निर्देशक मिलन चाम्सका अनुसार चलचित्रमा झन्डै ३ करोड रुपैयाँ लगानी भएको छ । नर्वेको छायांकनमै हामीले झन्डै १ करोड रुपैयाँ लगानी गरेका थियौं । नेपालको छायांकन तथा प्रचार-प्रसारमा निर्देशक चाम्सले झण्डै दुई करोड रुपैयाँ लगानी गर्नुभएको छ । अहिले आएर दर्शकले चलचित्रलाई जसरी साथ दिनु भएको छ, नेपालबाट जसरी माग आएको छ, त्यो हिसाबले हाम्रो चलचित्रको लगानी सुरक्षित होला भन्ने अपेक्षा गरेका छौं ।

**विदेशबाट पनि राम्रो माग आएको चर्चा छ नि ?**

**उमेश :** मैले प्रत्येक दिन तीन-चार सयवटा म्यासेज पाइरहेको छु । तीमध्ये अधिकांश म्यासेजमा विदेशमा यो चलचित्र कहिले आउँछ भन्ने छ । यद्यपि हामी विदेशको पहिलो शो अगष्ट १० का दिन कुवेतमा गर्दैछौं । त्यसपछि युरोप, अमेरिकासहित विश्वका अधिकांश देशमा प्रदर्शन हुनेछ ।

**भविष्यमा पुनः चलचित्रमा दोहोरिने सम्भावना छ ?**

**कविता :** बोबीको सिक्वेल बन्यो भने मात्र पुनः चलचित्रमा आउने सम्भावना छ ।

**उमेश :** मलाई चाहिं केही चलचित्रबाट अभिनयको प्रस्ताव आइरहेको छ । यद्यपि मैले ती चलचित्रलाई समय दिन असम्भव छ । किनभने अबको केही दिनभित्रै मैले नर्वे पुग्नैपर्ने हुन्छ ।

**सिक्वेल बन्ने सम्भावनाचाहिं छ हैन ?**

**उमेश :** निर्देशक मिलन चाम्ससँग सल्लाह भैरहेको छ । अबको केही महिना यही चलचित्र विदेशमा प्रदर्शन हुनेछ । त्यसपछि हामी अर्को चलचित्र निर्माण गर्ने कि नगर्ने भन्ने निर्ष्कोलमा पुग्नेछौं ।

**अन्त्यमा, चलचित्रमा विजय लामाले निर्वाह गर्नुभएको कविताको काकाचाहिं को हो ?**

**कविता :** चलचित्रकी नायिका बोबीलाई असाध्यै माया गर्ने काका, बोबी घर छाडेर उमेशसँग भागेपछि असाध्यै क्रूर बन्ने काका, भतिजीले विवाह गरेको झन्डै १५ वर्षपछि मात्र पहिलो पटक घरमा बोलाउने काका अनि आज कविता, उमेश र नातिलाई बोलाएर सम्मान नै गर्ने काका हुनुहुन्छ– निर्मल गुरुङ । उहाँ सगरमाथा टेलिभिजनका सञ्चालक तथा वैदेशिक रोजगार व्यवसायीका रूपमा स्थापित हुनुहुन्छ ।

## एन्ड्रोइडलाई प्रतिस्थापन गर्दैछ गुगलले




गुगलका इन्जिनियरहरूको एक टिमले करिब २ वर्ष यता नयाँ अपरेटिङ सिस्टमका लागि कार्य गरिरहेको खुलासा भएको छ । ब्लुमबर्गले आफ्नो एक रिपोर्टमा बताए अनुसार उक्त प्रोजेक्टको नाम फुचसिया हो र यसले आगामी दिनमा हाल प्रचलित गुगलको एन्ड्रोइड अपरेटिङ सिस्टमलाई प्रतिस्थापन गर्नेछ । यसले हाल एन्ड्रोइडमा भएका सुरक्षासँग सम्बन्धित सबै कमी-कमजोरीलाई हटाउनेछ र सानो तथा ठूलो सबै स्क्रिन रिजोल्युसनलाई समेत सपोर्ट गर्नेछ । आगामी ३ वर्षभित्रै उक्त नयाँ अपरेटिङ सिस्टम प्रयोगमा आउने अनुमान गरिएको छ । नयाँ अपरेटिङ सिष्टमलाई इनहाउस ग्याजेटदेखि लिएर पिक्सेल फोन तथा स्मार्टफोन सबैमा प्रयोग गर्न सकिनेछ । हाल विश्वभर करिब ८५ प्रतिशत स्मार्टफोनमा एन्ड्रोइड अपरेटिङ सिस्टम प्रयोग भैरहेको छ । यद्यपि १० प्रतिशत मानिस मात्र एन्ड्रोइडको नयाँ फिचर अपडेट गर्न सक्छन् । नयाँ अपरेटिङ सिष्टमले यी सबै कमी पुरा गर्ने अपेक्षा गरिएको छ ।

## आउने भयो कर्निङ गोरिल्ला ग्लास-६




अमेरिकी टेक्नोलोजी कम्पनी कर्निङले आफ्नो गोरिल्ला ग्लासको नयाँ भर्सन कर्निङ गोरिल्ला ग्लास-६ ल्याउने घोषणा गरेको छ । यो हालसम्मकै सर्वाधिक बलियो स्क्रिन प्रोटेक्सन ग्लास हुनेछ । यो ग्लास प्रयोग गरिएको स्मार्टफोनलाई १ मिटर अर्थात् करिब ३९ इन्च माथिबाट १५ पटक खसाल्दा पनि स्क्रिन नफुट्ने दाबी गरिएको छ । यो हाल प्रचलित गोरिल्ला ग्लास-५ को तुलनामा दोब्बर सुरक्षित भएको बताइएको छ ।

स्मार्टफोन खस्दा त्यसलाई फुट्नबाट जोगाउन प्रयोग गरिएको ग्लास अर्थात् सिसालाई गोरिल्ला ग्लास भनिन्छ । साधारण भाषामा यसलाई डिस्प्लेको माथि राखिएको सिसा भन्न सकिन्छ । एप्पल, सामसुङ, एलजी वा अन्य कम्पनीले आफ्ना स्मार्टफोनलाई कोर्निङ गोरिल्ला ग्लासले सुरक्षित बनाएका हुन्छन् । आगामी बर्ष अर्थात २०१९ मा बजारमा आउने स्मार्टफोनमा गोरिल्ला ग्लास-६ प्रयोग हुने अनुमान गरिएको छ ।




## हुवावेका दुई स्मार्टफोन

हुवावेको नोभा सिरिजअन्तर्गतका 'नोभा थ्री' तथा 'नोभा थ्री आई' स्मार्टफोन नेपाली बजारमा सार्वजनिक भएको छ । नोभा थ्री तथा नोभा थ्री आई दुवैमा २४ मेगापिक्सेल प्राइमरी क्यामेरा एवं २ मेगापिक्सेलको सेकेन्डरी क्यामेरा जडान गरिएको छ । नोभा थ्री तथा नोभा थ्री आईमा उच्च क्षमताका क्यामेराका साथै आर्टिफिसियल इन्टेलिजन्स (एआई) जडान गरिएको छ । दुवै फोनमा दुईवटा फ्रन्ट क्यामेरा छन्, २४ एमपी प्राइमेरी क्यामेरा तथा २ एमपीको सेकेन्डरी क्यामेरा । यी फोनले अँध्यारो वा कम उज्यालो ठाउँमा राम्रो तस्बिर खिच्ने दाबी कम्पनीको छ । आफ्ना अघिल्ला संस्करणका स्मार्टफोनको तुलनामा यी स्मार्टफोन आकर्षक र पातलो भएको हुवावेले जनाएको छ । कम्पनीले नोभा थ्री आईको मूल्य ३८ हजार ९ सय तथा नोभा थ्रीको मूल्य ५९ हजार ९ सय रुपैयाँ निर्धारण गरेको छ ।

## बन्द भयो याहु म्यासेन्जर



म्यासेजिङको संसारमा क्रान्ति ल्याउन सफल याहु म्यासेन्जर बन्द भएको छ । कुनै समयमा एक-अर्कासँग सम्पर्क गर्न कम्प्युटर तथा इन्टरनेट प्रयोगकर्ताहरू याहु म्यासेन्जरकै प्रयोग गर्थे, यद्यपि गत जुलाई १७ देखि यो पूर्ण रूपमा बन्द भएको छ ।

पहिलो म्यासेन्जरका रूपमा आएको भए पनि पछि गुगल र माइक्रोसफ्टले याहु भन्दा राम्रो सेवा प्रदान गर्न थाले । त्यसपछि यसको लोकप्रियता घट्दै गएको थियो । अहिले त झन् भिडियोका साथै टेक्स्टको सुविधासमेत प्रदान गर्ने विभिन्न सेवा आइसकेका छन् । त्यसैले पनि याहुले आफ्नो सेवा बन्द गरेको हो ।

सन् १९९८ मा याहु पेजरका रूपमा लन्च भएको यो सेवालाई १९९९ देखि याहु म्यासेन्जरका रूपमा ब्रान्डिङ गरिएको थियो । म्यासेन्जर रुम याहु म्यासेन्जरको चर्चित फिचर मानिन्थ्यो, जसमा विभिन्न देशमा रहेका प्रयोगकर्ताहरूसँग (नचिने पनि) च्याट गर्ने सुविधा हुन्थ्यो । च्याट रुम फिचर सन् २०१२ मै बन्द गरिएको थियो ।

## विश्वकै सर्वाधिक महँगो गाडी

पगानी जोन्डा एचपी बार्सेटा विश्वकै सर्वाधिक महँगो कार भएको छ । यसको मूल्य १३ दशमलव ५ मिलियन पाउन्ड अर्थात् करिब १ अर्ब ९५ करोड रुपैयाँ पर्छ । यो कारलाई १ सय किलोमिटर प्रतिघण्टाको स्पिड लिन ३ दशमलव १ सेकेन्ड मात्र लाग्छ ।


हालै बेलायतको पश्चिमी ससेक्समा आयोजित गुडवुड फेस्टिभल अफ स्पिड-२०१८ मा उक्त कारको प्रदर्शन गरिएको थियो । पगानी जोन्डाको एचपी बार्सेटामा ७ दशमलव ३ लिटरको इन्जिन छ, जसमा ६-स्पिड गियरबक्स जडान गरिएको छ जसले ७८९ बीएचपी पावर दिन्छ ।

३ सय ४६ किलोमिटर प्रतिघण्टा गुड्न सक्ने यो कार कार्बन फाइवरबाट बनेको हुनाले यसको बडी मजबुत हुनुका साथै त्यसले यसलाई कर्भी र सानदार लुक्स प्रदान गरेको छ ।



कम्पनीले यस्ता कार तीनवटा मात्र बनाएको छ । तीमध्ये एउटा कार कम्पनीले आफै राख्नेछ । गुडवुड फेस्टिभल प्रत्येक वर्ष आयोजना गरिने इभेन्ट हो । यसमा ऐतिहासिक मोटर रेसिङ कारहरू प्रदर्शन गरिन्छ । यो इभेन्ट प्रत्येक वर्ष जुनको अन्त्य वा जुलाईमा आयोजित हुन्छ ।

## ग्लोबल साइबर सेक्युरिटी समिट



साइबर सुरक्षाका लागि विश्वव्यापी ऐक्यबद्धता जनाउँदै नेपालमा पहिलो पटक आयोजित दुईदिने सिस्को ग्लोबल साइबर सेक्युरिटी समिट-२०१८ सम्पन्न भएको छ । इन्फर्मेसन सेक्युरिटी रेस्पोन्स टिम नेपाल (एनपीसर्ट) को मुख्य आयोजना तथा आइसिटी फ्रेमको सहआयोजनामा होटल र्‍याडिसनमा सञ्चालित उक्त समिटमा साइबर अपराध, साइबर नीति र कानुन तथा सुरक्षाका विभिन्न अभ्यासका सम्बन्धमा छलफल भएको थियो ।

समिटका मुख्य वक्ता आइक्यान एसिया प्यासिफिकका रिजनल सेक्युरिटी, स्टाबिलिटी एन्ड रिजेलेन्सी म्यानेजर चाम्पिका वाइजायातुङ्गाले डोमेन नेम सेक्युरिटीका लागि विश्वभर अझै चेतना अभिवृद्धि हुन नसकेको बताए । वाइजायातुङ्गाले नेपालको राष्ट्रिय डोमेन (डट एनपी) पनि डोमेन नेम सेक्युरिटीमा पर्न नसकेको जानकारी दिए । उनले नेपालको राष्ट्रिय डोमेनलाई संरक्षित गर्न साइबर सेक्युरिटी विज्ञहरूको सामूहिक प्रयास आवश्यक भएको बताएका थिए ।

समिटमा साइबर सुरक्षासम्बन्धी विभिन्न विषयवस्तुमा नेपाल, भारत, श्रीलंका, बंगलादेश, अमेरिका तथा बेलायतका विज्ञहरूको उपस्थिति थियो । उक्त अवसरमा क्लाउड कम्प्युटिङ एन्ड सेक्युरिटी, म्यानेजिंग रिस्क इन डिजिटल इनभाइरोमेन्ट, थ्रेट एन्टेलिजेन्स सेयरिङ, यनिफाइड थ्रेट म्यानेजमेन्ट, साइबर सुरक्षाका लागि सचेतना आदि विषयमा छलफल तथा अन्तर्क्रिया गरिएको थियो । समिटमा सरकारी, व्यावसायिक, बैंक तथा वित्तीय संस्था, दूरसञ्चार एवं इन्टरनेट सेवाप्रदायक, शैक्षिक संस्था आदि क्षेत्रका करिब २ सय जनाको सहभागिता थियो ।

समिटकै अवसर पारेर पहिलो दिन शुक्रबार नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) एवं राष्ट्रिय कृषि तथा अनुसन्धान केन्द्र (नार्क)मा प्रि-समिट वर्कसप सञ्चालन गरिएको थियो । वर्कसपमा 'साइबर सेक्युरिटी टेक्नोलोजी' तथा 'साइबर सेक्युरिटी क्याप्चर द फ्ल्याग (सिटिएफ)' विषयमा सहभागीहरूलाई विभिन्न विधाका विज्ञहरूले क्षमता अभिवृद्धि तालिमसमेत प्रदान गरेका थिए ।

केवल एक प्रश्न

# नेपालको राष्ट्रिय रोग के हो ?

निन्दा, कुनै पनि विषयवस्तुको गहिराइमा नपुगिकनै कुरा काट्ने, आफूमाथि प्रश्न नगर्ने, अरूलाई मात्र दोषी देख्ने, यो बिरामीको लक्षण हो ।

**निखिल उप्रेती, अभिनेता**

अहिलेको परिस्थितिमा विकास–निर्माणका काम धेरै हुनुपर्ने हो, तर नेपाललाई कामभन्दा कुरा धेरै भन्ने रोगले सताएको छ ।

**केदारप्रसाद घिमिरे, हास्यकलाकार**

रेफ्री तन्दुरुस्त हुनु र खेलाडीचाहिँ अत्यन्तै सरुवा रोगी हुनु, रोगको अनुसन्धान जनताले गर्नु र सरकार चाहिँ लु अनुसन्धान गर भनेर जनतालाई कर थोपर्नतिर लाग्नु ।

**हरिमाया भेटुवाल, उपन्यासकार**

राष्ट्रिय रोग त धेरै छन् तर महारोगचाहिँ अरूको उन्नति देख्न नसक्नु, अनि राष्ट्रिय गीतचाहिँ म त हिँड्छु मेरो बाटो खुट्टा तान्दै गर ।

**दीपकराज गिरी, अभिनेता**

मानिसको स्वास्थ्यका दृष्टिकोणले हेर्दा मलेरिया, टाइफाइड, क्यान्सरजस्ता रोग राष्ट्रिय रोगका रूपमा देखिएका छन् । सरकारले यी रोग निर्मूल पार्ने कुरालाई उच्च प्राथमिकतामा राख्नुपर्छ ।

**आकाश अधिकारी, निर्देशक**

धेरैजसो नेपाली ग्याँस्ट्रिकबाट प्रताडित छन्, त्यसैले मेरो विचारमा ग्याँस्ट्रिक नै नेपालको राष्ट्रिय रोग हो ।

**आर्यन पुडासैनी, मोडल**



कुनै पनि देशको राष्ट्रिय रोग होला जस्तो त लाग्दैन ।

**प्रमोद खरेल, गायक**

चाँडै उत्साही हुने र छिट्टै निराश हुने । देशमा जताततै भताभुङ्गको स्थिति छ तर हामी नेपाली चमत्कार र तत्काल नतिजा खोज्छौं । हामीमा धैर्यताको कमी छ । त्यसैले हामी जति चाँडो उत्साही हुन्छौं त्यति छिट्टै निराश पनि बन्छौं ।

**बुद्धिसागर, साहित्यकार**

यतिबेला हामी नेपाली कसैमा पनि सहनशक्ति देखिँदैन, त्यसैले यही नै राष्ट्रिय रोग हो कि ?

**अशिष्मा नकर्मी, अभिनेत्री**

ग्याँस्ट्रिक, म पनि ग्याँस्ट्रिकबाट प्रताडित छु । समयमा खाना नखाने बिहान–बेलुका भातै खाने बानी लगभग सबै नेपालीमा छ जसले गर्दा ग्याँस्ट्रिकको सिकार हुने नेपाली धेरै छन् ।

**रामचन्द्र काफ्ले, गायक**

मैले भेटेका र चिनेजानेका धेरैले ग्याँस्ट्रिकबाट पीडित छु भन्छन्, त्यसैले मेरो विचारमा ग्याँस्ट्रिक नै नेपालको राष्ट्रिय रोग हो ।

**टंक तिमल्सिना, गायक**

नेपालीको राष्ट्रिय रोग नै ग्याँस्ट्रिक हो ।

**दुर्गेश थापा, मोडल तथा गायक**

मैले जसलाई भेट्छु अधिकांशले ग्याँस्ट्रिक छ भन्छन्, त्यसैले ग्याँस्ट्रिक नै हाम्रो राष्ट्रिय रोग हो ।

**पूजा शर्मा, अभिनेत्री**

राजनीतिक स्थिरता नहुनु र एउटा राजनैतिक दलको राम्रो एजेन्डालाई अर्को दलले स्वीकार गर्न नसक्नु नै नेपालको राष्ट्रिय रोग हो ।

**दिनेश काफ्ले, कलाकार**

ग्याँस्ट्रिक नै नेपालको राष्ट्रिय रोग हो, किनभने, ग्याँस्ट्रिकबाट आम नेपाली प्रताडित छन् ।

**एकनारायण भण्डारी**
**गीतकार एवं संगीतकार**

मेरो विचारमा नेपालको राष्ट्रिय रोग जन्डिस हो, किनभने यो रोगका कारण बर्सेनि धेरैले ज्यान गुमाउँदै आएका छन् ।

**खुमन अधिकारी, गायक**

मेरो विचारमा त भ्रष्टाचार नै हो ।

**कमल जोसी, इभेन्ट म्यानेजर**

बेरोजगारी नै नेपालको राष्ट्रिय रोग हो ।

**बिन्दु परियार, गायिका**

रोग पनि राष्ट्रिय/अन्तर्राष्ट्रिय हुन्छन् र ? ग्याँस्ट्रिक नै होला । उतिबेला महको एउटा प्रहसनमा ठट्यौली रूपमा ग्याँस्ट्रिकका आधारमा नागरिकता दिनु पर्छ भन्ने कुरा पनि आएको थियो ।

**अमृत सुनुवार, सिनेमेटोग्राफर**

आफूले केही पनि नगर्ने, सबै काम अरूले नै गरून् भन्ने अनि चिया पसलमा बसेर कुरा काट्ने ।

**वसन्त सापकोटा, संगीतकार**

भ्रष्टाचार ।

**अमित पोखरेल, अभिनेता/मोडल**

इन्टरनेट नै होला । आजभोलि मानिस जब इन्टरनेटसँग कनेक्ट हुन्छ, त्यसपछि उसलाई कसैको मतलब हुँदैन । जतिबेला हेऱ्यो, मोबाइलमा घोप्टिएको घोप्ट्यै हुन्छ । कलियुग होइन, घोप्टे युगमा छन् नेपालीहरू ।

**अर्जुन अधिकारी, निर्देशक**

एकातिर गरिबी, अर्कोतिर भ्रष्टाचार । यी दुईलाई नै मैले नेपालको राष्ट्रिय रोगका रूपमा लिएको छु ।

**चिरञ्जीवी भण्डारी, गायक**

नेपालका राष्ट्रिय रोग थुप्रै छन् । त्यसमा पनि भ्रष्टाचार र कुर्सीमोह त क्यान्सर र एड्सभन्दा पनि घातक राष्ट्रिय रोग हुन् ।

**आनन्द कार्की, गायक**

अनावश्यक गफ गर्नु । जीवनको उत्पादनशील समय गफमा सकिन्छ । नेपाली राजनीतिको बलियो विम्बसमेत हो– गफ । काम नगर्ने तर गफिने प्रवृत्ति । गफ नेपाली न्यारेटिभ भैसकेको छ । गफ दिने तर काम नगर्ने प्रवृत्ति अवश्य सुखद होइन ।

**विष्णु शर्मा, सञ्चारकर्मी**

अहिले ग्याँस्ट्रिकले धेरैलाई सताएको छ । त्यसैले अहिलेको परिस्थितिमा ग्याँस्ट्रिक नै राष्ट्रिय रोग हो ।

**राजु ढकाल, गायक**

शरीरमा लाग्ने राष्ट्रिय रोग ग्याँस्ट्रिक हो जस्तो लाग्छ । अनि अर्कोचाहिँ नेताहरूले आफ्नो राजनीतिलाई अघि बढाउन जनतासामु झूटा आश्वासन बाँड्नु हो । यो पनि नेपालका लागि राष्ट्रिय रोग हो ।

**वसन्त थापा, गायक तथा संगीतकार**

धेरै छन्, शासकहरूले सही नियम बसाल्न सकेनन्, यही नै नेपालको राष्ट्रिय रोग हो ।

**रामचन्द्र अधिकारी, हास्यकलाकार**

ग्याँस्ट्रिक तथा सुगर अहिलेको नेपालको राष्ट्रिय रोग हो ।

**जाहन्वी बस्नेत, अभिनेत्री**

राम्रोलाई राम्रो भन्न नसक्नु तथा नराम्रो कुरालाई बढी महत्व दिनु नै अहिलेको हाम्रो राष्ट्रिय रोग हो

**बद्री पंगेनी, गायक**

नेपालको अहिलेको राष्ट्रिय रोग भनेको भ्रष्टाचार हो ।

**जितु नेपाल, हास्यकलाकार**

ग्याष्ट्रिक ।

**वसन्त बी थापा, गीतकार**

चटपटे प्रश्न

# इन्दिरा जोशीलाई सरी भन्थें

**तपाईंले गीत गाउने क्रममा स्वर परिवर्तन भएर गायिकाको जस्तो भयो भने ?**

मौन बस्न मिल्ने भए मौन बस्थें, नभए गायिकाजस्तै गाउन थाल्थें ।

**सुतेर उठ्दा आफू गर्भवती भएको कुरा थाहा पाउनुभयो भने ?**

प्रकृति र विज्ञानलाई चुनौती दिने यो कुरा सबैलाई भन्थें । आफ्नो विशेष भोगाइलाई सौभाग्य र कर्तव्य मानेर स्वस्थ शिशु जन्माउन आवश्यक सतर्कता अपनाउँथें ।

**अचानक तालु खुइले हुनुभयो भने ?**

ऐनामा आफूलाई हेर्दै, अहिलेको बाक्लो र सिल्की केश सम्झेर दुःखी हुन्थें । बाहिर चाहिँ केहि समय वीग लगाएर हिँड्थें कि ?

**हिँडिरहेका बेला यमराजसँग जम्काभेट भयो भने ?**

सबैभन्दा पहिले यमराजलाई न्यानो अभिवादन टर्क्याउँथें, उनको प्रिय बन्न खोज्थें र 'हाम्रो यस्तो स्वर्ग समान देश बिगार्ने मुख्य जिम्मेवारहरू, नालायक, भ्रष्टाचारी तथा कपुतहरूलाई हामीले चिन्न सकेनौं प्रभु, हजुरले नै चिनेर सबैलाई नर्कमा लगेर राख्नुपऱ्यो', भनेर आग्रह गर्थें ।

**अन्डा उसिन्ने क्रममा चल्ला निस्कियो भने ?**

ग्याँस निभाएर भान्साबाट भाग्थें ।

**प्रधानमन्त्री केपी शर्मा ओलीले फोन गर्नुभयो भने ?**

प्रधानमन्त्रीज्युले नै फोन गर्नुभयो भने त त्यो विषयगत अथवा त्यसको उचित कारण पक्कै हुन्छ । पहिले त्यो कारण बुझ्नेछु । मेरो विचार र काम या त उहाँको जिज्ञासा मेटाउने हुनेछ अथवा निर्देशन पालना गर्ने ।

**घर पुग्दा भान्सामा ऐश्वर्या रायले चिया पकाइरहेको पाउनुभयो भने ?**

एकछिन त अचम्मित हुन्थें । त्यसपछि अभिषेक बच्चन र अभिताब बच्चन पनि आउनु भा'छ कि भनेर सोधखोज गर्थें ।

**मनिप्लान्टबाट साँच्चिकै पैसा फल्न थाल्यो भने ?**

पहिले राम्रोसँग चेक गर्थें– त्यो नोट बजारमा चल्छ कि चल्दैन ? यदि चल्ने रहेछ भने त कोठाभरि मात्र किन घरभरि नै मनिप्लान्ट रोप्थें नि ।

**गायिका इन्दिरा जोशीले विवाह गर्छु भनेर मरिहत्ते गरिन् भने ?**

हाहा....'सरि, यसपालि तपाईंलाई म काठमाडौंको मेरो घर लिएर जान सक्दिनँ, अर्को वर्ष प्रयास गर्नुस्' भन्थें । वास्तवमा म विवाहका लागि तयार नभएरै हो, अन्यथा यति राम्री र प्रतिभावान् श्रीमती पाउने अवसर किन गुमाउँथें र ?

प्रस्तुति : कृष्ण भट्टराई



● प्रदीप बास्तोला, अभिनेता/संगीतकर्मी

कुराकानी

# नेपाली भाषा स्विट लाग्छ

**भारतको उडिसाकी लोकप्रिय गायिका नेपाली संगीतमा कसरी आकर्षित हुनुभयो ?**

म झन्डै १२ वर्षदेखि वीरगन्जमा छु । नेपालमा रहँदा आफूले जानेको गायन कलालाई निरन्तरता दिनुपर्छ भन्ने लागेर नेपाली गीत गाउन थालेकी हुँ ।

**गायनमा सक्रिय भएको कति भयो ?**

मैले छ वर्षको उमेरमा पहिलो पटक अल इन्डिया रेडियोमा भक्ति संगीतमा आधारित गीत रेकर्ड गराएकी थिएँ । त्यसयता मैले नेपाली, हिन्दी, उडिया, बाङ्ला तथा संस्कृत भाषाका गरी झन्डै १ सयभन्दा बढी गीत रेकर्ड गराइसकें ।

**नेपाली गीत गाउने अवसर कसरी पाउनुभयो ?**

केही वर्षअघि वीरगन्जमा आयोजित एउटा सांस्कृतिक कार्यक्रममा गायिका अन्जु पन्तको 'न बिर्सें तिमीलाई...' गाउँदा दर्शकबाट पाएको उत्साहजनक प्रतिक्रियाले नै मलाई नेपाली गीत गाउन प्रेरित गरेको हो ।

**तपाईंले गाएका नेपाली गीत कस्ता छन् ?**

मैले हालसम्म सात वटा नेपाली गीत रेकर्ड गराएकी छु । अधिकांश गीत सुगम संगीतमा आधारित छन् । रमेश परियार, राजन तिमिल्सिना, हरि लम्साल आदि संगीतकारका कम्पोजमा गाउने मौका पाएकी छु । मेरा केही गीत युट्युबमा समेत उपलब्ध छन् ।

**उडिया भाषाकी गायिकालाई नेपाली गीत गाउन कत्तिको गाह्रो भयो ?**

मलाई त नेपाली भाषा बंगाली, उडिया र संस्कृति भाषाको सम्मिश्रण जस्तो लाग्यो । बंगाली जत्तिकै स्विट छ नेपाली भाषा । यस्तो मीठो भाषामा गीत गाउन पाउँदा असहज महसुस हुने कुरै भएन ।

**नयाँ के गर्दै हुनुहुन्छ ?**

संगीतकार हरि लम्सालको संगीतमा निकट भविष्यमै 'खुसी हुँदा...' गीत लिएर आउँदैछु । त्यसपछि संगीतकार किरण कँडेलको संगीतमा पनि गाउँदैछु । नेपाली भाषाका गीतको एल्बम नै प्रकाशित गर्ने योजना छ । काठमाडौं तथा वीरगन्जमा आयोजना हुने सांगीतिक कार्यक्रममा नियमित रूपमा सहभागिता जनाइरहेकी छु ।

● दीपशिखा मिश्र, गायिका





# प्रेमध्वजको पुरानो गीत

गीतकार विजय शिवाकोटीले आफ्नै रचनाको एउटा पुरानो गीत यसै साता फेसबुकमार्फत सार्वजनिक गरेका छन् । गायक प्रेमध्वज प्रधानको स्वरमा झण्डै १८ वर्षअघि रेकर्ड भएको एउटा गीतको म्युजिक भिडियो अहिले आएर सार्वजनिक भएको हो । 'गायक प्रेमध्वज प्रधानको स्वरमा मेरा तीनवटा गीत रेकर्ड भएका छन्, तीमध्ये यो पहिलो गीत भए पनि अहिले मात्र यसलाई सार्वजनिक गर्न सफल भएँ, गीतकार शिवकोटीले विभिन्न कारणले झण्डै दुई दशकअघि रेकर्ड भएर पनि भरखरै गीत श्रोतामाझ ल्याउन सकिएको बताए । जीवनदर्शनमा आधारित 'जिन्दगीले जता लान्छ' शीर्षकको उक्त गीतमा राजु सिंहको संगीत तथा अमुल कार्कीको संगीत संयोजन छ । राजेश श्रेष्ठले उक्त पुरानो गीतलाई नयाँ शैलीमा भिडियोमा उतारेका छन् ।

# अनमोलसँग प्रियंका र भिटेन



अभिनेता अनमोल केसी गायकका रूपमा प्रस्तुत हुने उनको जीवनकै पहिलो लाइभ कन्सर्टमा अर्का युवा गायक भिटेनले साथ दिने भएका छन् । आयोजक कमल जिसीका अनुसार युवा पुस्तामा भिटेनको क्रेज चुलिएका बेला अनमोलकै सिफारिसमा उनलाई कार्यक्रममा समावेश गर्न लागिएको हो । भदौ ९ गते बुटवलबाट प्रारम्भ हुने 'अनमोल इभ' मा अनमोलले प्रस्तुत गर्ने गीतमा सांगीतिक समूह संघर्षले ब्याकअप ब्यान्डका रूपमा सघाउनेछ भने अभिनेत्री प्रियंका कार्कीले नृत्य प्रस्तुत गर्नेछिन् ।

# स्काइलाई ब्युँझाउँदै कवीन्द्र

कुनै बेला लोकप्रियताको शिखरमा रहेको पप गीत हो 'डाँडैमा मेला लागेछ....।' उक्त गीतको सर्जक हो सांगीतिक समूह– स्काइ ब्यान्ड । वि.सं. २०५० मा स्थापना भएको स्काइ ब्यान्ड आज भने सक्रिय छैन, यद्यपि उक्त ब्यान्डका मुख्य गायक कवीन्द्र श्रेष्ठ भने आफ्नो ब्यान्डलाई पुनर्जीवन दिने कार्यमा सक्रियतापूर्वक लागिपरेका छन् । आफ्नो ब्यान्डलाई पुनः सक्रिय बनाउने उद्देश्यले कवीन्द्रले आफ्नो भिन्न स्वरूपको कन्सर्ट आयोजित गर्न थालेका छन् । केही अघि चितवनमा सम्पन्न कन्सर्टमा गायक श्रेष्ठले आफ्नो ब्यान्डका लोकप्रिय गीतमात्र प्रस्तुत गरेनन्, हरिश माथेमा, सञ्जय श्रेष्ठ, भीम तुलाधर, बबिन प्रधान, जेम्स प्रधान आदि पुराना लोकप्रिय गायकहरूलाई समेत मञ्चमा उतारे । 'वर्खा सकिएलगत्तै म यही कार्यक्रमलाई देशका विभिन्न सहरमा प्रस्तुत गर्दैछु, स्काई ब्यान्डकै नाममा केही नयाँ गीत रेकर्ड गराइरहेका गायक श्रेष्ठ भन्छन्- 'केही महिनापछि नै दर्शक तथा श्रोताले स्काइ ब्यान्डलाई नयाँ गीत-संगीतका साथ सुन्न तथा हेर्न पाउनु हुनेछ ।'



# कृषिविज्ञको गायन



सुरेन गौतम व्यवसायिक गायक होइनन् । पेशाले कृषिविज्ञ सुरेन गायनमा असाध्यै रुचि राख्छन् । स्वदेशबाट बिएस्सीएजी तथा जर्मनीबाट एमएस्सीएजी गरेका गौतम कलेजमा अध्ययनरत छँदै गायनमा अग्रसर हुन्थे । एमएस्सीएजी गरेर स्वदेश फर्किएपछि गौतमले आफ्ना गीतको एकल एल्बम नै तयार पार्ने योजना बनाए अनि झण्डै पाँच वर्ष लगाएर झन्डै आधा दर्जन गीत रेकर्ड गराए । भरत देउराली, सुनिल चित्रकार, विक्रम थापा, प्राचीन ब्यान्ड आदिले संगीतबद्ध गरेका गीतहरू गाएर गौतमले हालसालै पहिलो एकल गीति एल्बम 'प्रनभ' सार्वजनिक गरेका छन् । गौतमले ओएस म्युजिक एवार्ड समेत जितिसकेका छन् ।

## म्युजिक अपडेट



**अमेरिकामा ढकाल सुमधुर साँझ :** यसै साता अमेरिकाको न्युयोर्कमा सम्पन्न ढकाल सुमधुर साँझमा आफ्ना लोकप्रिय गीत-संगीत प्रस्तुत गर्दै गायक रामकृष्ण ढकाल ।

### अलगको श्रृंखला

प्रत्येक महिना संगीत तथा साहित्यको मिश्रित श्रृंखला सञ्चालन गर्दै आएको अलग अभियानले साउनको श्रृंखलामा संगीतकार किरण कँडेल तथा कवि फूलमान बललाई प्रस्तुत गरेको छ ।

### तबलावादकलाई सहयोग

मुटुमा समस्या आएर अस्पताल भर्ना भएका तबलावादक जीवन राईलाई कलानिधि इन्दिरा संगीत महाविद्यालयले उपचारका लागि एक लाख रुपैयाँ सहयोग गरेको छ । महाविद्यालयले हालै स्थापना गरेको कलानिधि कलाकार सहयोग कोषमार्फत उक्त रकम उपलब्ध गराइएको हो । मुटुमा पेस मेकर जडान गर्नुपर्ने भएकाले राई यतिबेला आर्थिक संकटमा छन् ।

### रानालाई सहयोग

दुवै मृगौलामा खराबी आएपछि अस्वस्थ भएका चलचित्र निर्देशक तथा गायिका संगीता राना प्रधानका श्रीमान् किशोर रानाको उपचारका लागि ४ लाख ५ हजार ५ सय ५१ रुपैयाँ हस्तान्तरण गरिएको छ । एक महिनाअघि काठमाडौंमा आयोजित सुमधुर साँझ कार्यक्रमका संकलित उक्त रकम निर्देशक रानाकी श्रीमती प्रधानलाई हस्तान्तरण गरिएको थियो ।

### हलेसी साइनो स्टार

खोटाङमा बृहत् एकल सांगीतिक प्रतियोगिता हलेसी साइनो स्टार-२०७५ को आयोजना हुने भएको छ । सांगीतिक प्रतिभाहरूलाई उजागर गर्दै विश्वसामु पुर्‍याउने उद्देश्यले 'हलेसी' साइनो स्टार सञ्चालन गर्न लागिएको हो ।

### यमदेखि लाक्पासम्म

गायक यम बराल मोरङको विराटचौकमा सुनिए । उक्त अवसरमा गायिका सत्यकला राईको प्रस्तुतिमा दर्शकहरू कम्मर मर्काउन बाध्य भए । कार्यक्रममा संगीतकार राजु सिंह तथा गायक लाक्पा शेर्पाले समेत प्रस्तुति दिएका थिए ।

### नेपालगन्जमा मेलिना

गायिका मेलिना राईका चर्चित गीत गत शुक्रबार नेपालगन्जमा गुन्जिए । पहिलो पल्ट नेपालगन्जमा प्रस्तुति दिन आएकी राइले दर्शकहरूको मन सहजै जितिन् । उक्त अवसरमा गायिका मेलिनासँगै कन्काइष्ट राईले राष्ट्रियता, सामाजिक सद्भावका साथै आफ्ना बहुचर्चित गीतहरू सुनाएका थिए ।

### बोस्टनमा अन्जु पन्त

अमेरिकाको बोस्टनमा 'अन्जु पन्त सुमधुर सन्ध्या बोस्टन' सम्पन्न भएको छ । कार्यक्रम भव्य रूपमा सफल भएको संयोजक सुरेश वाग्लेले बताए । बोस्टनस्थित आर्लिङ्टन सहरको 'रिजेन्ट थिएटर' मा आयोजित उक्त कार्यक्रममा बोस्टन आसपासका नेपालीहरूको बाक्लो उपस्थिति थियो ।

## फिल्मी डायरी

### लिलिबिली अस्ट्रेलियामा

केही महिना अघि सार्वजनिक चलचित्र लिलिबिली अब अस्ट्रेलियामा प्रदर्शन हुने भएको छ । निर्माता गोविन्द शाहीले यो चलचित्र अगस्ट ४ मा मेलवर्नस्थित नोभा सिनेमा हल तथा ३ र ५ मा सिड्नीमा प्रदर्शन गरिने जानकारी दिएका छन् । अभिनेता प्रदीप खड्का अहिले यो चलचित्रको प्रदर्शनका लागि अस्ट्रेलियामै छन् ।

### अर्को साता टिनएज

नृत्य निर्देशकबाट चलचित्र निर्देशनमा फड्को मारेका दिनेश पाखिनले आफ्नो पहिलो चलचित्र 'टिन एज' लाई साउन २५ गतेदेखि दर्शकमाझ ल्याउने बताएका छन् । अघिल्लो वर्ष नै प्रदर्शन हुने भनिए पनि वितरक तथा निर्माताबीच कुरा नमिल्दा चलचित्रको प्रदर्शन एक वर्षपछि सरेको हो । चलचित्रमा नरेश वीर सिंह, प्रतिक्षा खड्का, एन्जिला खड्गी, कृष्ण सिवाकोटी, सरिता राजभण्डारी, सरोज शाह आदि कलाकारले अभिनय गरेका छन् ।

### गोपीमा भित्रिइन् वर्षा

खगेन्द्र लामिछाने तथा सुरक्षा पन्तपछि चलचित्र गोपीमा वर्षा सिवाकोटीले समेत अभिनय गर्ने पक्का भएको छ । छायांकनको तरखरमा रहेको चलचित्र गोपीको पटकथाले अन्तिम रूप लिएसँगै वर्षालाई अनुबन्धित गरिएको निर्देशक दीपेन्द्र लामाले बताएका छन् ।



नयाँ जोडी : असोज १९ गतेदेखि प्रदर्शन हुने ऋषिराज आचार्यको चलचित्र ड्रिमगर्लको एक दृश्यमा अभिनेत्री आश्मा गिरी ।

### साइनोमा नीता

नेपालको पहिलो चलचित्र आमाका दुई अभिनेत्री चैत्यदेवी सिंह तथा भुवन चन्दले निर्माण गर्ने चलचित्र साइनोमा नीता ढुंगाना अनुबन्धित भएकी छिन् । दसैंपछि छायांकनमा जाने उक्त चलचित्रमा नीता ढुगांना प्रशिक्षकको भूमिकामा देखिने बताइएको छ । साइनोलाई रमेश थापाले निर्देशन गर्नेछन् भने त्यसमा मिरुना मगर तथा राजकुमारको समेत महत्वपूर्ण भूमिका रहनेछ ।

### रेनीको रिलिज डेट पक्का

सरोज खनाल अभिनित चलचित्र रेनीको फस्टलुकसँगै प्रदर्शन मिति घोषणा गरिएको छ । यो चलचित्र भदौ ८ गते प्रदर्शनमा आउनेछ । यो मितिमा नाईं नभन्नू ल-५ पनि प्रदर्शन हुँदैछ जसमा खनाल पनि एउटा महत्वपूर्ण भूमिकामा छन् । त्रिकोणात्मक प्रेमकथामा आधारित चलचित्र रेनीमा सुरवीर पण्डित, दीपक ढकाल, गिरिश रिजाल तथा सनम मल्ल आदिको समेत अभिनय हेर्न पाइनेछ ।

### बहसमा बक्स अफिस

चलचित्र पत्रकार संघ नेपालले काठमाडौंमा बहस तथा छलफलमुखी कार्यक्रम 'स्पिकर्स कर्नर' आयोजना गरेको छ । विशालनगरस्थित संघको कार्यालयमा सम्पन्न कार्यक्रममा साउन १ गतेदेखि उपत्यकाका सिनेमा हलमा लागू भएको बक्स अफिसलाई छलफलको विषय बनाइएको थियो । ' बक्स अफिस कार्यान्वयनका चुनौती' विषयको बहस कार्यक्रममा चलचित्र विकास बोर्डका अध्यक्ष निकिता पौडेल, नेपाल चलचित्र संघका अध्यक्ष प्रदीपकुमार उदय, चलचित्र निर्माता संघका अध्यक्ष आकाश अधिकारी, निर्देशकहरु मिलन चाम्स, एभरेष्ट सूर्य बोहोरा, चलचित्र पत्रकार संघका अध्यक्ष सन्दीप सापकोटा सहितका वक्ताले सहभागिता जनाएका थिए ।

## सानो पर्दा

### हिमालय रोडिज टु सुरु



चर्चित रियालीटी सो हिमालय रोडिजको दोस्रो संस्करण प्रारम्भ भएको छ । साउन १४ सुरु भएको यो कार्यक्रम हिमालय टेलिभिजनमा प्रसारण भैरहेको छ । युवापुस्तामा लक्षित यो एड्भेन्चर रियालीटी शोको अघिल्लो संस्करणमा समन श्रेष्ठ तथा अनिमेश शाही विजेता भएका थिए । यो शोमा रेमनदास श्रेष्ठ, दिया मास्के तथा अशिष राना 'लाउरे' यो वर्ष पनि निर्णायकको भूमिकामा देखिने छन् । कुल १८ श्रृंखला प्रशारण हुने रियालिटी शो हिमालय रोडिजका ५ वटा श्रृंखलामा चितवन, बुटवल, पोखरा, इटहरी तथा काठमाडौंको अडिसन समेटिनेछ भने बाँकी १३ वटा श्रृंखलामा जर्नी राउन्ड प्रस्तुत हुनेछ । सामाजमा सजिलै खुलेर बोल्न नसकिने विषयहरूलाई गत संस्करणभन्दा यो संस्करणको अडिसनमा अझ सशक्त ढंगले समेटिएको निर्देशक अमन प्रताप अधिकारीले बताए । हिमालय रोडिजको विजेताले २० लाख रुपैयाँसम्मको नगद तथा यामाहा एफ जेड- २५० सीसीको मोटर साइकल प्राप्त गर्नेछन् । हरेक साताको सोमबार साँझ आठ बजे हिमालय रोडिजको प्रसारण हुनेछ भने यसलाई युट्युबमा समेत हेर्न सकिनेछ । भारतलगायत दक्षिण एसियामा निकै प्रख्यात रहेको यो एड्भेन्चर रियालटी शो एम टिभी रोडिजको फ्रेन्चाइज हो ।

### रियालिटी शोको फाइनल

मेरो डान्स कप यूएस तथा मेरो भ्वाइस कप यूएस-२०१८ को ग्रान्ड फिनाले आगामी अगस्ट ४ मा अमेरिकाको ओहोयास्थित एक्रोनमा हुँदैछ जसका लागि अहिले प्रतिस्पर्धीहरू कडा मेहनत गरिरहेका छन् । यी दुवै कार्यक्रम गत मार्चमा सुरु भएको थियो । मेरो भ्वाइस कप यूएसमा अमेरिकाका विभिन्न स्थानका ७० जना नेपालीभाषी सहभागी थिए । उनीहरू छनोट हुँदै अहिले टप ६ सम्म आइपुगेका छन् । आयोजकहरूका अनुसार मेरो भ्वाइस कपको ग्रान्ड फिनालेमा उत्कृष्ट ४ जनाबीच प्रतिस्पर्धा हुनेछ । यो कार्यक्रम यही वर्षदेखि सुरु भएको हो । यस्तै अमेरिकामा छोटो समयमै चर्चित हुन सफल मेरो डान्स कप यूएसका सहभागीहरूले पनि कडा मेहनत गरिरहेका छन् । मेरो डान्स कप यूएस सन् २०१६ देखि लगातार आयोजना हुँदै आएको छ । यसअघि २०१६ मा जर्जिया एटलान्टाकी पूर्णी गुरुङ तथा २०१७ मा नर्थ डकोटाकी मनिता सिञ्जाली प्रथम भएकी थिइन् । यी दुवै कार्यक्रम अमेरिका आइपुगे पनि नेपाली भाषी भुटानीहरूले आफ्नो भाषा, कला, संस्कार, संस्कृति र साहित्य बिर्सनु हुँदैन भन्ने उद्देश्यले आयोजना गरिएको बताइएको छ । यी कार्यक्रमको फिनालेमा राजेश हमाल, दिलीप रायमाझी, रामकृष्ण ढकाल, रिमा गुरुङ, नन्दिता केसी, केकी अधिकारी तथा रिमा विश्वकर्मा सहभागी हुँदैछन् ।

## पोस्टर/ट्रेलर

### छक्का पञ्जाको गीत



चलचित्र छक्का पञ्जाको तेस्रो श्रृंखलाको पहिलो गीत सार्वजनिक भएको छ । कविराज गहतराजले कोरियोग्राफी गरेको पहिलो नम्बरमा शीर्षकको उक्त गीतको भिडियोमा दीपकराज गिरी, दीपिका प्रसाईं, दीपाश्री निरौला, प्रियंका कार्की, जितु नेपाल, केदार घिमिरे, वर्षा राउत, बुद्धि तामाङ, स्वस्तिमा खड्का, सुमन गिरी, संजोग कोइराला आदिले आकर्षक नृत्य गरेका छन् । दीपक शर्माको संगीत एवं राजेन्द्र थापाको शब्दको उक्त गीतमा डेभिड शंकर तथा विन्दु परियारको स्वर सुन्न सकिन्छ ।

### मेरी मामुको गीत

सन्तोष सेनको चलचित्र मेरी मामुको शीर्ष गीत सार्वजनिक भएको छ । गीतको भिडियोमा ६ वर्षीय आयुव सेनको मन छुने अभिनय हेर्न पाइन्छ भने त्यसमा रोहित जोन क्षेत्रीको आवाज सुन्न सकिन्छ । यो चलचित्रमा कुसुम गुरुङले आयुवकी आमाको भूमिका निर्वाह गरेकी छिन् भने पिताको भूमिकामा अभिनेता शारुक ताम्राकार छन् ।

### उडायो हावाले

रेनाशा वान्तवा राईद्वारा निर्देशित चलचित्र इन्टु मिन्टु लन्डनमाको पहिलो गीत सार्वजनिक भएको छ । उडायो हावाले बोलको उक्त गीतमा हर्कुलस बस्नेत तथा निकिता थापाको स्वर सुन्न सकिन्छ । नव-अभिनेता धिरज मगर तथा साम्राज्ञी राज्यलक्ष्मी शाहद्वारा अभिनित उक्त गीतको कोरियोग्राफी विक्रम लामा एवं एन्जिला खत्रीले गरेका हुन् ।


### सुश्री सम्पतिको गीत

भदौ २२ गते प्रदर्शनमा आउने चलचित्र सुश्री सम्पत्तिको पहिलो गीत सार्वजनिक भएको छ । हुकुम बक्सियोस् बोलको उक्त गीतमा मेलिना राई तथा विशाल राईको स्वर सुन्न सकिन्छ भने त्यसमा सुरेश अधिकारीको शब्द तथा संगीत छ । गीतको भिडियोमा अभिनेताद्वय सलोन बस्नेत र विनोद न्यौपानेसँगै अभिनेत्री सारा सिर्पाली देखिएकी छिन् ।

### तीन भर्जिन युवाको कथा

चलचित्र मिस्टर भर्जिनको ट्रेलर सार्वजनिक भएको छ । तीन भर्जिन युवाको कथा बोल्ने उक्त ट्रेलर हास्य संवादले भरिएको छ । भदौ १ गते प्रदर्शन हुने यो चलचित्रमा गौरव पहारी, विजय बराल, कमलमणि नेपाल, मरिश्का पोखरेल, भोलाराज सापकोटा, रवीन्द्र झा, सिर्जना सुब्बा आदि कलाकारले अभिनय गरेका छन् ।

### जय शम्भुको ट्रेलर



भदौ १ गतेदेखि प्रदर्शनमा आउने चलचित्र जय शम्भुको ट्रेलर सार्वजनिक भएको छ । ट्रेलरमा अभिनेत्री वर्षा सिवाकोटीका लागि दुई अभिनेता प्रशान्त ताम्राकार तथा अनुप विक्रम शाहीबीच द्वन्द्व देख्न सकिन्छ । लभस्टोरी एक्सनमा आधारित चलचित्र जय शम्भुमा टंक बुढाथोकीको संगीत, रामजी लामिछानेको नृत्य तथा रुपेश तामाङको निर्देशन छ ।

बलिउड

# ब्रेकअपबारे बोलिन् दीपिका



बलिउडमा दीपिका पादुकोण तथा रणवीर कपुरको जोडीलाई सुपर मानिन्थ्यो, तर यो जोडीको सम्बन्धमा पूर्णविराम लागेको केही वर्ष भैसकेको छ । दीपिका अहिले रणवीर सिंहसँग प्रेम सम्बन्धमा छिन् भने रणवीर कपुर आलिया भट्टसँग रोमान्स गरिरहेका छन् । अहिलेसम्म दीपिका र रणवीरको ब्रेकअप किन भएको हो भन्ने कुरा कसैले पत्ता लगाउन सकेका थिएनन् । हालै दीपिकाले आफ्नो उक्त प्रेम सम्बन्ध तोडिनुको कारण सार्वजनिक गरेकी छिन् । उनले एक अन्तर्वार्तामा रणवीर कपुरको नाम नलिई ब्रेकअपको पीडा छताछुल्ल पारेकी हुन् । दीपिकाले भनेकी छन्– मैले उसलाई रंगेहात पक्रिएकी थिए । त्यही बेला सबै माया, भावना भुलेर मैले अलग हुने फैसला गरेँ । उक्त अन्तर्वार्तामा दीपिकाले भनेकी छिन्– मेरा लागि कसैसँग सम्बन्धमा रहनु शारीरिक सम्बन्धमा रहनु मात्र होइन, भावनात्मक रूपमा पनि बाँधिने कुरा हो ।



# फोर्ब्सको टप १०० मा सलमान र अक्षय

संसारको सबैभन्दा लोकप्रिय म्यागजिन फोर्ब्सले दुनियाँका सबैभन्दा धनी सेलिब्रेटीको सूची सार्वजनिक गरेको छ । उक्त सूचीको अग्रस्थानमा अमेरिकी मुक्केवाज फ्लोयड मेवेदर छन् । उनको कमाइ २८ दशमलव ५ करोड डलर छ । हलिउड अभिनेता जार्ज क्लुनी २३ दशमलव ९ करोड कमाइका साथ दोस्रो स्थानमा छन् । १६ दशमलव ६ करोड डलरका साथ शलिउड मोडल काइली जेनर तेस्रो स्थानमा छिन् भने वकिल जुडी शेंडलिन १४ दशमलव ७ अमेरिकी डलरसहित चौथो स्थानमा छिन् । अभिनेता ड्वेन जोनसन १२ दशमलव ४ करोड डलरसहित पाँचौं स्थानमा छन् । फोर्ब्सले सार्वजनिक गरेको टप १ सयको सूचीमा बलिउडका दुई भाग्यमानी कलाकार सलमान खान तथा अक्षय कुमार पनि अटाएका छन् । अक्षयको कमाइ ४ दशमलव ०५ करोड डलर छ भने सलमानको कमाई ३ दशमलव ७७ करोड डलर छ ।



# दोब्बर भयो रणवीरको पारिश्रमिक

रणवीर कपुर अभिनीत चलचित्र सञ्जुले चमत्कारिक व्यापार गरेपछि निर्माताहरू त खुसी छँदैछन्, त्यसले रणवीरको करिअरलाई समेत उकासेको छ । सूत्रका अनुसार रणवीरले आफ्नो पारिश्रमिकमा दोब्बर वृद्धि गरेका छन् । विगतमा रणवीरले एउटा विज्ञापनमा काम गरेबापत साढे ४ करोडभन्दा बढी लिने गरेका थिए भने अहिले उनले आफ्नो पारिश्रमिक ९ करोड पुर्‍याएका छन् । उनले केही समयअघि मात्र एउटा विज्ञापनका लागि ९ करोड लिएको बताइन्छ । भनिन्छ, रणवीरले चलचित्रको पारिश्रमिकसमेत वृद्धि गरेका छन् । उनी चाँडै आफ्नी गर्लफ्रेन्ड आलिया भट्टसँग चलचित्र ब्रह्मास्त्रमा देखिँदैछन् ।

# ब्युटिफुल कपल इन पार्टी

बलिउडको लाइफस्टाइल लोभलाग्दो छ । क्यामेराबाहिर बलिउड स्टारहरु आफ्नो मुड फ्रेस गर्न अनेकन उपाय अपनाउँछन् । उनीहरु साथीभाइहरुको बर्थ डे, विवाहको रिसेप्सन पार्टी वा अन्य कुनै पनि सभा–समारोहमा परिवार, श्रीमान्–श्रीमती, प्रेमी वा प्रेमिकासहित सहभागी हुनुलाईसामान्य मानिन्छ । बलिउडमा केही कलाकारका जोडीले एक–अर्काको हात समातेर त्यस्तो अवसरमा सहभागी हुनुलाई पापराजी वा गसिप रिपोर्टरका लागि ठूलै मसला मानिन्छ । यतिसम्म कि त्यस्तो अवसरमा सहभागी हुने जोडीहरु आफुलाई फोकस गराउन अनेकन जुक्ति अपनाउँछन् । यसका लागी उनीहरु ड्रेसअप, मेकअप तथा हेयर स्टाइलमा समेत ध्यान दिन्छन् । बलिउडमा भैरहने विभिन्न समारोहमा क्यामेरामा कैद भएका बलिउडका केही चर्चित जोडी :



शाहरूख खान तथा गौरी खान



रणवीर कपुर तथा आलिया भट्ट



सैफ अली खान तथा करिना कपुर



अजय देवगण तथा काजल



सहिद कपुर तथा मीरा राजपुत



सोनम कपुर तथा आनन्द आहुजा



विराट कोहली तथा अनुश्का शर्मा



अनिल कपुर तथा सुनिता कपुर



अमिर खान तथा किरन राव



अभिषेक वच्चन तथा ऐश्वर्या राय

# असार-साउनमै तीज गीतको बाढी

महेश तिमल्सिना



तस्बिर : सौजन्य

हिन्दू धर्मावलम्बी महिलाहरूको महान् चाड हरितालिका तीज आउन अझै एक महिना बाँकी छ, तर गाउँ-बस्ती तथा सहरबजारमा तीजका भाकाहरू घन्किन थालिसकेका छन्। कलाकारहरू तीज गीतकै कारण भ्याइनभ्याइ छन्। विशेषगरी लोकदोहोरी गायक/गायिका तथा मोडलहरूलाई तीज गीतले बेफुर्सदी बनाएको छ।

यतिबेला गायक पशुपति शर्मा तीजकै चटारोमा छन्। शर्माले यसपालि आफ्नै शब्द-संगीतमा चारवटा गीत तयार पारेका छन्। लौरी हरायो, गोली मार्दै पुतली, माननीयज्यू, यही माया हो आदि गीतमा शर्माकै स्वर सुन्न सकिन्छ। ती गीतले युट्युबमा राम्रै भ्युज पाएका छन्। तीमध्ये लौरी हरायो गीतले यसपालि सार्वजनिक भएका तीज गीतमध्ये सबैभन्दा धेरै भ्युज पाएको छ। शर्मा भन्छन्- मैले गतवर्ष धेरै गीत गाएँ तर, २ वटा गीतले मात्र चर्चा पाए, त्यसैले यसपालि थोरै गाउने तर, राम्रो गाउने सोँच बनाएको छु। शर्मा तीज विशेष कार्यक्रममा सहभागी हुन यो वर्ष अस्ट्रेलिया, जापान, भारत आदि देश जाँदै छन्।

तीजको रंगमा गायक बद्री पंगेनी पनि रंगिएका छन्। उनले यसपालि ३ वटा तीज गीत बजारमा ल्याइसकेका छन्। माइतीघर, जमुना र मोतीराम, चिटिक्कै मलाई सुहायो गीतमा पंगेनीको स्वर छ। पंगेनी भन्छन्- हामी तीज गीत पैसा कमाउन भन्दा पनि स्टेज कार्यक्रम पाउन गाउँछौं। यसपालि मेरो आशा पनि त्यही हो। पंगेनी पनि यो वर्षको तीज विशेष कार्यक्रममा सहभागी हुन दुबई तथा भारत जाँदै छन्।

गायक खुमन अधिकारीले यो वर्ष थुप्रै गीत गाएका छन्। बरिलै, उल्टो सुनेर, हरियो चुरा, चम्किए तरुनी, शिरफूल खस्यो मेरो, मोटा मोटा छन्, भुरुरु उडेको पुतली आदि ३० वटा गीतमा अधिकारीको स्वर सुन्न सकिन्छ। जसमध्ये १५ वटा गीत बजारमा आइसकेका छन्। खुमनले आफैंले गाएका ४ वटा तीज गीतमा अभिनय समेत गरेका छन्। गायक अधिकारीले यो वर्ष तीज गीत गाएरै ४ लाख रुपैयाँ आम्दानी गरेका छन्। उनी तीज विशेष कार्यक्रमका लागि अस्ट्रेलिया, दुबई, जापान, इजरायल आदि देश पनि जाँदै छन्।

गायिका राधिका हमालले यसपालि १६ वटा तीज गीतमा स्वर भरिसकेकी छिन्। आफूले एउटा गीतमा स्वर दिएबापत १५ हजार रुपैयाँ पारिश्रमिक लिने हमाल बताउँछिन्। यसपालि तीज गीत गाएर २ लाख रुपैयाँको हाराहारीमा आम्दानी भएको उनी बताउँछिन्। राधिका तीज विशेष कार्यक्रमका लागि अस्ट्रेलिया तथा जापान जाने तयारीमा छिन्। त्यहाँका स्टेज कार्यक्रमबाट ७ लाख रुपैयाँभन्दा माथि आम्दानी गर्ने लक्ष्य रहेको हमाल बताउँछिन्। गायिका पूर्णकला बिसीलाई पनि तीजले छोपिसकेको छ। उनले यो वर्ष २६ वटा तीज गीतमा स्वर दिएकी छिन्। बिसी एउटा गीतमा स्वर दिएबापत ७ हजार रुपैयाँ पारिश्रमिक लिने गरेको बताउँछिन्। उनले यसपालि तीज गीत गाएर २ लाख रुपैयाँजति आम्दानी गरिसकेकी छिन् भने देश-विदेशमा हुने तीज विशेष कार्यक्रममार्फत २ लाख ५० हजार रुपैयाँ आम्दानी हुने अपेक्षा उनको छ। बीसी तीज विशेष कार्यक्रमका लागि अस्ट्रेलिया, जापान तथा भारत जाने पक्का भैसकेको छ।

गायिका देवी घर्ती र तीज गीत एक-अर्काका पर्याय झैं भैसकेका छन्। यो वर्षको तीजमा मात्र उनले एक दर्जनभन्दा बढी तीज गीत गाइसकेकी छिन्। यस पटकको तीजको अवसरमा गायिका देवी अस्ट्रेलियामा आयोजना हुने तीज विशेष कार्यक्रममा सहभागी हुँदैछिन्। सिड्नीको अस्फिल्ड पार्कमा हुने तीज मेला-२ मा गायिका घर्तीले आफ्ना लोकप्रिय गीतहरूका साथै तीज गीतसमेत प्रस्तुत गर्नेछिन्। कार्यक्रममा देवी घर्तीका साथै गायक पशुपति शर्मा, गायिका मञ्जु पौडेल, गायक सन्तु थापा, विजय थापासहितका लोकप्रिय गायक-गायिकाहरू सहभागी हुने छिन्।

गायक तथा मोडल रामजी खाँडलाई पनि तीजले छपक्कै छोपेको छ। उनले अहिलेसम्म ८ वटा गीतमा स्वर दिइसकेका छन् भने ३५ वटाभन्दा बढी तीज गीतको भिडियोमा अभिनय गरिसकेका छन्। एउटा गीत गाएबापत १० हजार रुपैयाँ तथा मोडलिङबापत २५ देखि ३५ हजार रुपैयाँसम्म पारिश्रमिक लिने खाँड बताउँछन्। उनले यसपालि तीजमा ८ लाख रुपैयाँभन्दा बढी आम्दानी गरेका छन्। खाँड यसपालिको तीज विशेष कार्यक्रमका लागि जापान, इजरायल, कोरिया आदि देश पुग्दै छन्।

गायनका साथै मोडलिङमा समेत राम्रो दखल राख्ने गायक प्रकाश सपूतले यसपालि ४५ वटाभन्दा बढी तीज गीतका भिडियोमा अभिनय गरेका छन्, भने ३ वटा गीतमा स्वर दिएका छन्। उनले यसपालि गायन तथा मोडलिङबाट ४ लाख रुपैयाँको हाराहारीमा आम्दानी गरिसकेका छन्। सपूत यो वर्ष जापान, दुबई तथा बेंगलुरुको तीज विशेष कार्यक्रममा सहभागी हुँदैछन्।

मोडल अञ्जली अधिकारीले हालसम्म ६५ वटा भन्दा बढी तीजका भिडियोमा अभिनय गरिसकेकी छिन्। करिश्मा ढकाललाई पनि तीजले भ्याइनभ्याइ बनाएको छ। ढकालले ५५ वटा तीज गीतमा अभिनय गरिसकेकी छिन्। यो तीजमा ७० भन्दा बढी भिडियोमा अभिनय गर्ने ढकाल बताउँछिन्। एउटा भिडियोमा अभिनय गरेबापत ढकाल १५ हजार रुपैयाँ पारिश्रमिक लिन्छिन्। उनले यो तीज अवधिभर म्युजिक भिडियोमा अभिनय गरेबापत १० लाख रुपैयाँजति आम्दानी हुने अपेक्षा गरेकी छिन्। ढकाल तीज विशेष कार्यक्रमका लागि दुबई जाने तयारीमा छिन्।



तस्बिर : नवराज वाले

## फेरि आइन् माननीय कोमल वली

कोमल वली राजनीतिमा लागिन्, अब उनले गीत गाउँदिनन् भन्ने अनुमान धेरैको थियो। यद्यपि धेरैको अनुमान विपरीत वलीले यसैपालि एक दर्जन तीज गीतमा स्वर दिएकी छिन्, जसमध्ये उनको आफ्नै स्वर तथा अभिनयको आउँ दिदी-बहिनी हो तथा माननीयज्यू गीत बजारमा आइसकेका छन्। विगतका वर्षको तुलनामा यो वर्ष आफूले केही बढी तीज गीत गाएको वली बताउँछिन्। तीज गीतबाटै चर्चा बटुलेकी वलीको २०६३ मा बजारमा आएको पोइल जान पाम गीत अझै पनि जनजिब्रोमा छ। पोइल जान पामले तीज गीतमा क्रान्ति नै ल्याएको गायिका वलीको दाबी छ। उक्त गीत सार्वजनिक भएको वर्ष करिब ९ महिना जति विदेशका कार्यक्रममै बितेको उनी सम्झन्छिन्। करिब १२ वर्ष पहिले सार्वजनिक भएको उक्त गीतबाट उनले त्यतिबेला २० लाख रुपैयाँजति आम्दानी गरेकी थिइन्। वली यतिबेला राष्ट्रिय सभा सदस्य भैसकेकी छिन्। यो वर्षको तीजमा उनले १५ लाख रुपैयाँजति आम्दानी गर्ने अनुमान गरेकी छिन्। उक्त रकमबाट एउटा एम्बुलेन्स किन्ने योजनामा छिन् वली। उनी यो वर्ष तीज विशेष कार्यक्रमका लागि अस्ट्रेलिया तथा क्यानाडा पनि पुग्दैछिन्।

## भड्किला गीत बहिष्कार

गत वर्ष पूर्णकला बिसी तथा गोपाल नेपालको स्वरको कट्टमा बुट्टा गीतको सर्वत्र आलोचना भयो। उक्त गीतको धेरै आलोचना भएपछि बिसीले लोकदोहोरी प्रतिष्ठानमा लिखित रूपमा क्षमा समेत मागेकी थिइन्। यो वर्ष पनि बिसीलाई त्यस्तै, अश्लील शब्द प्रयोग भएका गीत गाउने अफर आएका थिए, तर उनले त्यस्ता गीत गाउन अस्वीकार गरिन्। उता गायिका राधिका हमाललाई पनि अश्लील शब्द प्रयोग भएका गीत गाउन अफर आएको थियो, तर उनले पनि अश्लील शब्द प्रयोग भएकै कारण ती गीत नगाएको बताइन्। बिसी र हमालसहित मुना थापामगर, टीका पुन, देवी घर्ती आदि गायिकाले पनि अश्लील गीत गाउन अस्वीकार गरेको बताइन्छ।

## घाटामा तीज गीत

महिलाहरूको महान चाड तीजमा अनगिन्ती गीत सार्वजनिक हुन्छन्। यसरी गीत सार्वजनिक भएको देख्दा तीज गीतबाट प्रसस्तै आम्दानी हुने अनुमान गरिन्छ, तर तीज गीतबाट लगानी उठाउनै गाह्रो पर्ने संगीतकर्मीहरू बताउँछन्। कलाकारहरूले देश-विदेशको स्टेज कार्यक्रम पाउने आशाले तीज गीत सार्वजनिक गर्ने गायक बद्री पंगेनी बताउँछन्। अहिले एउटा तीज गीतको भिडियो निर्माण भएर बजारसम्म आउन सामान्यतया: १ लाख ५० हजार रुपैयाँदेखि २ लाख रुपैयाँसम्म लगानी हुन्छ। अहिलेको परिस्थितिमा तीज गीतको लगानी उठाउन कलाकारहरू स्टेज कार्यक्रममै निर्भर छन्।

## तीजका लागि सबै अस्ट्रेलिया

तीज आउन डेढ महिना बाँकी नै छ, यद्यपि तीज विशेष गीत-संगीतले तीजको वातावरण सिर्जना गरिसकेका छन्। साउने सोमबारको क्रेजले गाउँ-सहरमा तीजको रौनक ल्याइसकेको छ। यसबीच यो वर्षको तीजमा अधिकांश गायक-गायिका स्वदेशमा उपलब्ध नहुने निश्चित छ। झन्डै दुई दर्जन गायक-गायिका करिब-करिब उस्तै समयमा अस्ट्रेलिया जाँदै छन्। कोमल वली, पशुपति शर्मा, मेलिना राई, खुमन अधिकारी, तेजस रेग्मी, देवी घर्ती, माण्डवी त्रिपाठी, मञ्जु पौडेल, कल्पना कुसुम, शान्तिश्री परियार, शन्तु थापा, लक्ष्मी मल्ल आदि अबको दुई साताभित्र अस्ट्रेलिया पुगिसक्ने बताइन्छ। उनीहरूसँगै अभिनेत्री करिश्मा मानन्धर, गौरी मल्ल, प्रियंका कार्की आदि पनि अस्ट्रेलियाका तीज कार्यक्रमहरूमा सहभागी हुँदैछन्। नाम चलेका कलाकार अस्ट्रेलिया पुग्दा स्वदेशका तीज विशेष कार्यक्रमहरू खल्लो पो हुने हुन् कि भन्ने चिन्ता पारखीहरूको छ।

विकेन्ड प्याजेन्ट



# भोलि मिस ग्रान्ड नेपाल-२०१८

भोलि शनिबार मिस ग्रान्ड इन्टरनेसनल नेपालको आयोजना हुँदैछ । उक्त प्रतिस्पर्धामा काठमाडौं, पोखरा, नवलपरासी, चितवन, धरान आदिका युवतीहरु सहभागी हुँदैछन् । मिस ग्रान्ड नेपाल-२०१८ की विजेताले म्यानमारमा आयोजना हुन लागेको मिस ग्रान्ड इन्टरनेसनलमा सहभागिता जनाउने कुरा बताइएको छ ।

**स्थान :** हेरिटेज गार्डेन, सानेपा । **आयोजक :** आर.के. इन्टरटेन्मेन्ट ग्रुप

विकेन्ड नाइट



# टर्टल लाउन्जमा र्‍यापर लाहुरे

तपाईं र्‍याप गीत सुन्न कत्तिको रूचाउनुहुन्छ ? अहिले र्‍याप गीत रूचाउनेहरूको जमात बढ्दैछ । यो क्षेत्रमा समर्पित भएर आउने र्‍यापरहरूको संख्या पनि थपिँदैछ, जसमा पोखराका र्‍यापर लाहुरे (आशिष राना) बहुचर्चित छन् । तिनै लाहुरेले भोलि ठमेल, नर्सिङचोकस्थित टर्टल लाउन्ज एन्ड क्लबमा र्‍याप गीत सुनाएर मनोरञ्जन प्रदान गर्ने भएका छन् । उक्त अवसरमा डिजे सुरेन, डिजे अशोक, डिजे पाल्देनहरूले समेत प्रस्तुति दिनेछन् भने एरियल्स ब्यान्डले पनि गीत सुनाउनेछ ।

**आयोजक :** टर्टल लाउन्ज एण्ड क्लब, ठमेल
**समय :** ७ बजे । **प्रवेश :** नि:शुल्क

विकेन्ड लाइभ

# इबिजामा रसियन डिजे



रसियन डिजे मेडुजा हट् फोटोसुट तथा आफ्नो प्रस्तुतिले गर्दा संसारभर चर्चामा छिन् । सेक्सी फिगर तथा फरक सांगीतिक प्रस्तुतिका लागि प्रख्यात मेडुजा रसियाकी टप मोडलहरूमध्ये एक हुन् । उनले रसियाको राजधानी मस्कोका साथै अन्य विभिन्न देशमा काम गरिसकेकी छिन् । मेडुजाले टेक हाउस, बेस हाउस तथा जी हाउसजस्ता आफ्नै ट्र्याकहरु उत्पादन गरेकी छिन् । युरोप, अफ्रिका, एसिया तथा मध्यपूर्वका थुप्रै देशमा आफ्नो प्रस्तुति दिएर स्टेज तताउँदै आएकी मेडुजा पहिलो पटक काठमाडौंमा प्रस्तुत हुँदैछिन् ।

**आयोजक :** इबिजा लाउन्ज एन्ड बार
**समय :** साँझ ८ बजे ।
**टिकट :** १ हजार रुपैयाँ

विकेन्ड फुड फेस्टिबल

# द टेस्ट अफ इन्डियन



नयाँ स्वाद चाख्ने रहर कसलाई हुँदैन र ? खानाका पारखीहरूलाई खुसीको खबर छ । दरबारमार्गस्थित होटल याक एन्ड यतिको सनराइज रेस्टुराँमा गएको शनिबारदेखि द टेस्ट अफ इन्डिया फुड



फेस्टिबल सञ्चालन भैरहेको छ । याक एन्ड यतिका एक्जिक्युटिभ सेफ सागरसिंह रावतका अनुसार उक्त फेस्टिबलमा इन्डियन परिकारका ९ वटा स्पेसल कोर्स चाख्न पाइनेछ । यो परिकार महोत्सवमा क्षमतावान् तथा अनुभवी सेफहरूद्वारा विभिन्न इन्डियन परिकारलाई आधुनिक तरीकाले प्रस्तुत गरिने रावतले बताएका छन् ।

**समय :** ६: ३० देखि साढे १० बजेसम्म **स्थान :** होटल याक एन्ड यति
**मूल्य :** २ हजार २ सय ५० रुपैयाँ (वाइनसहित)

विकेन्ड ड्रिंक्स

# क्यान र बोतलका भन्दा ताजा जुस राम्रो

नेपाली बजारमा किसिमकिसिमका पेय पदार्थ उपलब्ध छन् । यस्ता पेय पदार्थ ४० प्रतिशतको हाराहारीमा नेपालमै उत्पादन हुन्छन् भने बाँकी भारत, हवाई, सिंगापुर, बंगलादेश आदिबाट आयात गरिन्छन् । क्यान, बोतल तथा टेट्रा प्याकमा उपलब्ध यस्ता थरीथरीका जुस स्वास्थ्यका दृष्टिले उपयोगी मानिन्छन् ।

नेपाली बजारमा दुई थरीका प्रिप्याक्ड जुस पाइन्छन् । पहिलो नेक्टर, दोस्रो जुस । नेक्टर भनेको कुनै पनि फलको शुद्ध रस हो भने जुसमा फलको गुदीमा पानी, चिनी आदि मिसाइएको हुन्छ । जुसभन्दा नेक्टरको मूल्य महँगो हुन्छ ।

नेपालमा सर्वाधिक रुचाइएको जुस आँपको जुस हो । यो लगभग सबै ब्रान्डमा उपलब्ध छ । नेपालमा भित्रिने अधिकांश आँपको जुस भारत तथा बंगलादेशबाट आउँछन् । नेपालको बजारमा आँपपछि क्रमश: सुन्तला, भुँइकटहर, स्याउ, अनार, अम्बा, मिश्रित तथा अंगुरका जुस लोकप्रिय छन् । त्यसबाहेक नेपालमा क्रेनबेरी, किवि, एभोकाडो, वाटरमेलोन जस्ता जुस पनि उपलब्ध छन् । यी जुस बढीजसो बिरामीले प्रयोग गर्छन् ।

नेपालमा सबैभन्दा बढी लोकप्रिय जुस ब्रान्ड रियल नै हो । रियल जुस नेपालमै पनि उत्पादन हुन्छ भने केही भारतबाट समेत आयात गरिन्छ । त्यस बाहेक बंगलादेशको प्रान ब्रान्डको जुस पनि नेपालमा लोकप्रिय मानिन्छ । थापाथलीस्थित बीएन्डबी फ्रुट सपका वैजनाथ गुप्ता क्यान, बोतल तथा टेट्रा प्याकेटको जुसभन्दा ताजा जुस पिउन सल्लाह दिन्छन् । प्याकेटको जुसले हानी गर्छ । गुप्ता भन्छन् -केही महँगो भए पनि ताजा जुस पिउनु नै स्वस्थ्यकर हुन्छ । ताजा जुसको हकमा बनाउन सजिलो भएकाले नरिवलको पानी, उखु तथा मौसमीको रस बढी लोकप्रिय



पोखरा कन्टेस्ट

# मिस्टर पोखरा

भोलि शनिबार पोखरामा प्रथम एनएफबीएफ मिस्टर पोखरा शारीरिक सुगठन प्रतियोगिता-२०७५ हुँदैछ । कास्की बडी बिल्डिङ तथा फिटनेस एसोसियनसनले आयोजना गर्ने उक्त प्रदेशस्तरीय शारीरिक सुगठन च्याम्पियनसिपमा विभिन्न तौल समूहमा ७७ जना खेलाडीले सहभागिता जनाउनेछन् । ५५, ६०, ६५, ७०, ७५ तथा ७५ केजीमाथिको तौल समूहमा प्रतिस्पर्धा गराइने उक्त प्रतियोगितामा १६ जिल्लाका खेलाडीहरु सहभागि हुने एसोसिएसनले बताएको छ । कार्यक्रमको थप आकर्षण खेलकुद गीत तथा जुम्बा डान्स रहनेछ ।

**स्थान :** पोखरा सभागृह
**समय :** दिउँसो २ बजे
**प्रवेश :** नि:शुल्क

चलचित्र

# कायरा



**निर्देशक :** लक्ष्मण रिजाल **कलाकार :** आर्यन सिग्देल, साम्राज्ञी राज्यलक्ष्मी शाह, शिशिर राणा, हितेश शर्मा, सुरेश न्यौपाने, मरिषा श्रेष्ठ आदि । **संगित :** कोसिस क्षेत्री, अर्जुन पोखरेल, कल्याण सिंह

यो वर्षको बहु-प्रतीक्षित चलचित्र कायरा आज शुक्रबार ८० वटाभन्दा बढी हलमा एकसाथ प्रदर्शन हुँदैछ । यो चलचित्रले मल्टिप्लेक्स तथा सिंगल थिएटर दुवैमा राम्रै हल पाएको बताइन्छ । आर्यन सिग्देल इन्टरटेन्मेन्ट तथा आर एन्ड आर प्रोडक्सनको ब्यानरमा निर्माण भएको कायरा पूर्ण प्रेमकथामा आधारित चलचित्र हो । केही समयअघि सार्वजनिक गरिएको यो चलचित्रको ट्रेलरमा आर्यन र साम्राज्ञीबीच एक-अर्कालाई प्राप्त गर्ने संघर्ष एवं विछोड देखाइएको थियो । म्युजिकल लभ स्टोरी भनिएको यो चलचित्रको कथा लेख्न मात्रै एक वर्ष लागेको अभिनेता आर्यन सिग्देल बताउँछन् । गीत, ट्रेलर तथा पोस्टर सार्वजनिक भएसँगै दर्शकबाट निकै सकारात्मक प्रतिक्रिया पाएको चलचित्र कायराको सफलताप्रति निर्माण पक्ष ढुक्क छ । निर्देशक लक्ष्मण रिजाल भन्छन्, 'मैले अहिलेसम्म आधा दर्जन चलचित्र बनाएको छु, यो चलचित्रमा अन्य चलचित्रको तुलनामा एकदमै धेरै मेहनत परेको छ ।' शिवराम श्रेष्ठको छायांकन, केदार भुसालको पटकथा तथा संवाद, बनिष शाह र मिलन श्रेष्ठको सम्पादनको चलचित्र कायराको सम्पूर्ण छायांकन फिलिपिन्समा गरिएको हो । फिलिपिन्सका दृश्य, आर्यन र साम्राज्ञीको केमेस्ट्री तथा गीत-संगीतले यो चलचित्र दर्शनीय बनाउने अपेक्षा छ ।

# झमकबहादुर



**निर्देशक :** भोमन कटुवाल **कलाकार :** अनुपविक्रम शाही, यादव देवकोटा, राजु कमेडी, सुजाता थापा, मीनकुमार तामाङ, नेयोना गुरुङ, राजन महर्जन, कल्याण अधिकारी आदि । **संगीत :** रञ्जित गजमेर तथा ओम सुनुवार

दुई दशकअघि निर्माण भएको लोकप्रिय चलचित्र साइनोको आमैले भन्थे धाराको पानी गीतलाई रिमिक्स गरेर झमकबहादुरमा राखिएसँगै यो चलचित्रप्रति दर्शकको चासो बढेको हो । यो गीतलाई दर्शकले राम्रै साथ दिएका छन् । यसअघि सार्वजनिक ट्रेलर तथा पोस्टरबाट सकारात्मक प्रतिक्रिया बटुलेको झमकबहादुर टिम यो चलचित्रलाई दर्शकले साथ दिने कुरामा आशावादी छ । देशका ६० वटाभन्दा बढी हलमा एकसाथ प्रदर्शनमा आउने यो चलचित्रमा अपहरण तथा सुन तस्करीको कथा समेटिएको बताइन्छ । यही कारणले केही दिनअघि केन्द्रीय चलचित्र जाँच समितिले यसको सेन्सर रोकेको थियो । कुनै पनि दृश्य नकाटिए पनि केही ठाउँमा अपशब्द प्रयोग भएकाले सेन्सर बोर्डले म्युट गर्न निर्देशन दिएको बताइन्छ । १६ वर्षभन्दा मुनिकाले यो चलचित्र हेर्न अभिभावकहरूको साथ लिनुपर्नेछ । पहिलो ट्रेलर सार्वजनिक भएपछि यो चलचित्र दक्षिण भारतीय चलचित्र 'मुम्बई एक्सप्रेस' को फोटोकपि भएको भन्दै आलोचित भएको थियो । राजु किराँत राई द्वन्द्व निर्देशक रहेको चलचित्र झमकबहादुरलाई मीनकुमार तामाङले निर्माण गरेका हुन् । पवन गौतमले यो चलचित्रको दृश्य काठमाडौंका अतिरिक्त केही बाहिरी जिल्लामा समेत खिचेका थिए ।

रंगमञ्च

# सकेको तिरौंला नत्र फिरिमा



अनामनगरस्थित मण्डला थिएटरमा सकेको तिरौंला नत्र फिरिमा नाटक मञ्चन हुने भएको छ । विकास जोशीको अनुवाद तथा निर्देशनको उक्त नाटक साउन १८ गतेदेखि भदौ १० सम्म चल्नेछ । नाटकमा सरिता गिरी, प्रमिला खनाल, अनुपम शर्मा, विजय बराल, उमेश तामाङ आदि कलाकारले अभिनय गर्दैछन् ।

# शिल्पीमा पिकनिक

बत्तीसपुतलीस्थित शिल्पी थिएटरमा नाटक पिकनिकको मञ्चन सम्पन्न भएको छ । साउन १० देखि १६ गतेसम्म मञ्चित उक्त नाटकलाई आशान्त शर्माले आफ्नै लेखनमा निर्देशन गरेका थिए । नाटक पिकनिकमा रामबाबु रेग्मी, रेनुका सिंह, लब्ली चन्द, छिरिङ शेर्पा, दिपेन्द्र कार्की, अनिल कुर्मी, सुरज तमु, गोपिनी सेडाई आदि कलाकारले अभिनय गरेका थिए भने त्यसमा विवेक भट्टराईले संगीत भरेका थिए ।

ग्यालरी

# नेपाल आर्ट काउन्सिलमा फोटो प्रदर्शनी

बबरमहलस्थित नेपाल आर्ट काउन्सिलमा फोटो पत्रकारहरूद्वारा खिचिएको फोटो प्रदर्शन भैरहेको छ । फोटो पत्रकार क्लबद्वारा आयोजित उक्त प्रदर्शनीमा १ सय ६० वटा तस्विर अवलोकन गर्न सकिन्छ । साउन २१ गतेसम्म चल्ने उक्त प्रदर्शनीमा ९० जनाभन्दा बढी फोटोग्राफरको तस्विर संकलित छ । पिजे क्लबले हरेक वर्ष सञ्चालन गर्दै आएको फोटो प्रतियोगिताका लागि यसपालि ७ हजार तस्विर प्राप्त भएको थिए जसमध्ये उत्कृष्ट तस्विरहरूलाई प्रदर्शनीमा राखिएको क्लबका अध्यक्ष विकास कार्कीले जानकारी दिएका छन् ।

# अमेरिकामा नेपालीको मोडलिङ मोह

शिव शर्मा

मोडलिङको रंगीन मोहले अमेरिकामा पनि धेरै नेपाली युवतीलाई आकर्षित गरिरहेको छ जसमध्ये कतिपयलाई यसले यहाँको नेपाली समाजमा पहिचान समेत दिलाएको छ । काठमाडौंकी बिना श्रेष्ठ अध्ययनका क्रममा अमेरिका आएकी हुन् । उनी नेपालमै हुँदा मोडलिङमा चिनिने क्रममा थिइन् । बिनाले सानै उमेरमा परिवार नियोजनको एउटा विज्ञापनमा मोडलिङ गरेकी थिइन् । केही ज्याम्प शोदेखि लघु चलचित्रमा समेत अभिनय गरेकी श्रेष्ठले अमेरिका आएपछि पनि मोडलिङलाई निरन्तरता दिइरहेकी छिन् । टेक्सासमा बस्दै आएकी श्रेष्ठ यतिबेला मिस नेपाल युएस प्रतियोगितामा सहभागी छिन् ।

श्रेष्ठजस्तै अमेरिकामा बसोबास गर्ने युवतीहरू सौखसँगै करिअरका रूपमा मोडलिङमा छन् । कतिले मोडलिङमा लागेर अवसर समेत पाएका छन् भने कतिपयले अन्तर्राष्ट्रिय फेसन शोहरूमा समेत आफूलाई सहभागी गराइसकेका छन् । पेसाले नर्स रिमा केसी पनि अमेरिकामा चिनिएकी नेपाली मोडल हुन् । मेरिल्यान्ड राज्यमा बसोबास गर्ने केसीले यहाँका ज्याम्प शोदेखि म्युजिक भिडियो तथा पेपर एडहरूमा समेत आफूलाई स्थापित गराएकी छिन् ।

केसीले नेपालीसँगै विदेशी मोडलहरूसँग एउटै ज्याम्पमा क्याटवाक गरिसकेकी छिन् । अहिले अन्तर्राष्ट्रिय ज्याम्पहरूमा पनि उनको उपस्थित बाक्लो हुँदै गएको छ । अमेरिकामै नेपाली म्युजिक भिडियोहरू निर्माण भैरहेकाले पनि युवतीहरूलाई यो क्षेत्र ले तानिरहेको छ ।

'मोडलिङको हरेक पाटोमा युवतीहरूको सहभागिता बढ्दो छ,' नेपाल ११ इन्टरटेनमेन्टका संस्थापक प्रतीक सुवेदी बताउँछन् । सुवेदीका अनुसार भिज्युअल, पेपरदेखि ज्याम्प मोडलिङमा सबैको समान सहभागिता रहँदै आएको छ । अध्ययनका लागि आएका विद्यार्थीदेखि विभिन्न पेसा व्यवसाय र काममा व्यस्त युवतीहरूले यो पेसा अँगाल्दै आएका छन् ।

अमेरिकाको टेक्सासमा बस्दै आएकी इशा गुरुङले मोडलिङमार्फत नै आफ्नो पहिचान बनाएकी छिन् । उनले केही गीतको म्युजिक भिडियोदेखि थुप्रै पेपर एडमा काम गरिसकेकी छिन् । नेपाली चलचित्रमा समेत अभिनय गर्ने तयारी गरिरहेकी गुरुङले भनिन्- 'यो क्षेत्रमा निरन्तर लगावकै कारण विदेशी भूमिमा मोडलका रूपमा आफूलाई चिनाउन पाउँदा खुसी लाग्छ ।' गुरुङ साप्ताहिकको मध्यपृष्ठमा समेत प्रकाशित भैसकेकी छिन् ।

सन् २०११ देखि यहाँ हुँदै आएको मिस नेपाल यूएससँगै अमेरिकामा नेपाली समुदायबीच मोडलिङ तथा फेसनसँग गतिविधिहरू नियमित हुने क्रम बढेको हो । सन् २०१४ मा मिस नेपाल युएसमा सेकेन्ड रनर्सअपसँगै क्याटवाक र ट्यालेन्टको उपाधि जितेकी सुष्मा अधिकारीले अध्ययनसँगै आफ्नो फेसन तथा मोडलिङको करिअरलाई अघि बढाइरहेकी छिन् । अधिकारीले न्युयोर्कमा दुई अन्तर्राष्ट्रिय फेसन शोको ज्याम्पमा क्याटवाक गरिसकेकी छिन् । अमेरिकाको बोस्टनमा बस्दै आएकी अधिकारी त्यहाँ हुने प्रायः हरेक कार्यक्रमकी होस्ट समेत हुन् । नर्सिङ अध्ययनरत अधिकारी भन्छिन्- 'अध्ययनसँगै मोडलिङलाई पनि सँगसँगै अघि बढाइरहेकी छु ।'

युवतीहरूलाई मोडलिङमा लाग्न केही वेब पोर्टल तथा नेपाली फोटोग्राफहरूले समेत टेवा पुऱ्याएका छन् । मोडलिङप्रतिको रुचिकै कारण यहाँ सौन्दर्य प्रतियोगिता तथा फेसन शोहरू आयोजित हुने क्रम बढ्दो छ ।




सूचना र मनोरञ्जनको सँगालो
साप्ताहिक
साम्राज्ञी
राज्यलक्ष्मी
शाह




तस्बिर : महेश प्रधान

लोकेसन : सम्पदा गार्डेन रिसोर्ट, लाजिम्पाट, काठमाडौं





# न हिट, न फ्लप !

जान्वी बोहोराले केही चलचित्रमा अभिनय गरेकी छिन् । सपना तिम्रो मेरोबाट करिअर सुरु गरेकी जान्वी त्यसपछि थप केही चलचित्रमा देखिइन् । उनले अभिनय गरेको चलचित्र शेरबहादुर केही महिनाअघि मात्र प्रदर्शनमा आयो तर फ्लप भयो । मेनुका प्रधानजस्ती कलाकारका अगाडि जान्वी कता हराइन् पत्तो भएन । उनले अभिनय गरेको अर्को चलचित्र भैरे अर्को फ्लप चलचित्रको सुचीमा चढ्यो । विदेशमा पुगेर विभिन्न हट तस्बिर सामाजिक सन्जालमा पोस्ट गर्ने जान्वी पत्रकार सम्मेलनमा समेत अरूलाई मात ख्वाउने पहिरनमा उपस्थित हुन्छिन् । जान्वीले केही समयअघि आफूलाई हिट अभिनेत्रीको तिर्खा लागेको बताएकी थिइन् । जान्वीलाई कसैले सिकाओस्, सामाजिक सन्जालमा तस्बिर राख्दै हट हुँ भनेर हिँड्दैमा हिट हुन सकिँदैन । प्रशंसक कमाउन दमदार अभिनय र उत्तिकै प्रभावकारी भूमिका पनि चाहिन्छ ।

# छोरी पनि

चलचित्रमा बोल्ड भूमिका निर्वाह गरेर त्यस्तै छवि बनाउने अभिनेत्री हुन्- उमा बेबी गिरी । केही वर्षयता अभिनयका साथै निर्मात्रीका रूपमा समेत सक्रिय उमा बेबीले आफ्नो पछिल्लो चलचित्रमा आफ्नै छोरीलाई डेब्यु गराउँदै छिन् । साउनको तेस्रो साता प्रदर्शनमा आउने चलचित्र 'कहीं कतै' मार्फत उमाकी छोरी शिवानी गिरी ठूलो पर्दामा पदार्पण गर्दैछिन् । यो रोमान्टिक चलचित्रमा उमाले छोरी शिवानीको जोडी नयाँ अनुहार सोनम बरफुङ्गपासँग बाँधी दिएकी छिन् । मिस भारत तथा मिस हिमालयनमा फस्ट रनर्सअपको उपाधि जितिसकेकी शिवानीले अभिनेत्री बन्ने आफ्नो सपना पूरा भएको खुसी व्यक्त गरेकी छिन् । पहिलो चलचित्रमा आफूले इनोसेन्ट युवतीको भूमिका निर्वाह गरेको शिवानीको भनाइ छ ।





तथ्य र रहस्य

# प्रशान्त ताम्राकार, अभिनेता/मोडल

**वास्तविक नाम** : प्रशान्तरत्न ताम्राकार
**जन्म** : २०३० मंसिर २३ गते
**जन्मस्थान** : काठमाडौं, यट्खाबहाल
**पहिलो चलचित्र** : टाटा बाई बाई
**हिट चलचित्र** : ऐश्वर्या
**एवार्ड/पुरस्कार** : बेस्ट सर्पोटिङ एक्टर-२०१८, बेस्ट एक्टर इन नेगेटिभ रोल- २०१८
**प्रदर्शोन्मुख चलचित्र** : जय शम्भो, क्याप्टेन, रणवीर, सुटिङमा कस्मिक लभ र मायांक
**उचाइ** : ६ फिट १ इन्च
**तौल** : ९५/९६ केजी
**कम्मर** : ३६ इन्च
**जुत्ताको साइज** : १२
**मोबाइल** : सामसुङ जे ७
**चस्मा** : रेबन
**ल्यापटप** : तोसिवा
**गाडी** : किया स्पोर्टटिज
**मन पर्ने परिकार** : उसिनेका परिकार तथा फलफूल

# खगेन्द्रको रिस

मोबाइलबाट फोन नगरी नहुने, तर मोबाइलले काम गरेन, ह्याङ भयो । त्यसपछि कलाकार, लेखक तथा निर्देशक खगेन्द्र लामिछानेको रिसको पारो तात्यो । खगेन्द्रले मोबाइललाई जोडले भित्तामा हिर्काए तर मोबाइल फुटेन । उनको रिस साम्य भएको थिएन अनि सिलौटामा राखेर मोबाइल फुटाए । लगत्तै उतिखेर नै बजार गएर मोबाइल किनेर ल्याए । आफूले अहिलेसम्म मोबाइल नहराए पनि पटक-पटक रिस उठेर मोबाइल फुटाएको खगेन्द्र बताउँछन् । रंगमञ्च र चलचित्रको क्षेत्रमा आफ्नो बेग्लै पहिचान बनाएका लामिछानेको निर्देशनको पाँचौं नाटक अटलबहादुरको आतंकको रिहर्सलका क्रममा उनले पोखराका कलाकारहरूमाझ उक्त कुरा सेयर गरेका हुन् ।





## इग्नोर गर्दै आयांक

अघिल्लो साता चलचित्र कथा काठमाडौंको 'रातका कुरा...' गीतको भिडियो सार्वजनिक भयो । संगीता श्रेष्ठद्वारा निर्देशित चलचित्रको उक्त पहिलो गीत यूट्युबमा अपलोड भए लगत्तै आलोचनाको शिकार हुन थाल्यो । आलोचकहरूको निशानामा परिन् अभिनेत्री प्रियंका कार्की । उक्त गीत अपलोड हुनुभन्दा केही दिनअघि मात्र आयुष्मान देशराज जोशीसँग इन्गेज्मेन्ट रिङ साटासाट गरेकी प्रियंकाले इन्दिरा जोशीको स्वरको उक्त गीतमा अभिनेता प्रमोद अग्रहरीसँग अन्तरंग दृश्य दिएकी छिन् । उक्त भिडियो सार्वजनिक भएपछि अधिकांश यूट्युब प्रयोगकर्ताले अभिनेत्री कार्कीको जमेर विरोध गरे । कतिपयले त भिडियोलाई यूट्युबबाट हटाउन समेत माग गर्न भ्याए । केहीले भने अभिनेता आयुष्मानको भविष्यको चिन्ता जाहेर गरे । उक्त भिडियो सार्वजनिक हुँदा प्रियंका अमेरिका थिइन् भने आयुष्मान काठमाडौंमा । अहिले प्रियंका पनि काठमाडौं आइसकेकी छिन् । प्रियंका काठमाडौं आए लगत्तै आयुष्मान तथा प्रियंका दुवैले सामाजिक सञ्जालमा आफ्नो इन्गेज्मेन्टका सामूहिक तस्बिरहरू अपलोड गरिरहेका छन् । यसबाट के अनुमान गर्न सकिन्छ भने उक्त भिडियोले प्रियंका र आयुष्मानको जीवनमा कुनै प्रभाव पारेका छैन, त्यसैले उनीहरूका शुभचिन्तकहरूले खासै सुर्ता गर्नुपर्दैन । अझ रमाइलो कुरा के छ भने चलचित्र कथा काठमाडौंमा प्रियंका र आयुष्मान नै मुख्य भूमिका छन् ।



## अलिशाले देखाइन् सम्भावना

दर्जनौं म्युजिक भिडियोमा आकर्षक नृत्य गरिसकेकी एउटी मोडल तथा नृत्यांगना यतिबेला नेपाली चलचित्रमा अभिनेत्रीका रूपमा उदाएकी छिन् । अलिशा शर्माले अभिनय तथा नृत्य गरेका थुप्रै म्युजिक भिडियो यूट्युबको ट्रेन्डिङमा परिसकेका छन् । अलिशाले अभिनय गरेको गायक दीपक बज्राचार्यको 'मायाको डोरीले...' गीतको भिडियो हालै ट्रेन्डिङको अग्रस्थानसम्म पुगेको थियो । हरेक विधाका नृत्यमा पारंगत शर्मा अघिल्लो साता प्रदर्शन भएको चलचित्र 'चीँ मुसी चीँ' मार्फत दर्शकमाझ आएकी छिन् । म्युजिक थ्रिलर चीँ मुसी चीँमा अलिशाले दुई अभिनेता सुशान्त कार्की तथा सुनील क्षेत्रीको बीचमा रहेर अभिनय गरेकी छिन् । पहिलो साता औसत व्यवसाय गरेको उक्त चलचित्रमार्फत अलिशाले भने राम्रो प्रशंसा पाएकी छिन् । पहिलो चलचित्रको उनको काम देखेर केही निर्माता-निर्देशकले उनलाई आफ्ना चलचित्रका लागि प्रस्ताव राख्न थालेका छन् । अलिशा भने आफूलाई यहाँसम्म ल्याउने म्युजिक भिडियोलाई चटक्कै छाडेर चलचित्रमा मात्रै सीमित हुने पक्षमा छैनन् । शर्मा भन्छिन्- भिडियोबाट बचेको समय मात्र चलचित्रलाई दिनेछु ।



## म घमन्डी छैन

अभिनेत्री माला लिम्बू राम्रो अभिनय गर्न सक्ने कलाकार हुन् । कुनै चलचित्रमा अभियन गर्नुअघि कथा पढ्ने र उक्त विषयमा छलफल गरी सुझाव समेत पेस गर्ने बानीका कारण निर्माताहरु उनलाई चलचित्रमा काम गराउन डराउँछन् । हक्की स्वभावकी लिम्बू कुनै कुरामा चित्त नबुझे सिधै असहमतिसमेत जनाउँछिन् ।

**तपाईं हक्की कि घमन्डी ?**

दुवै होइन । म आफूलाई सही लागेको कुरा सहज ढंगले व्यक्त गर्छु। कुनै कुरामा चित्त नबुझे त्यसको प्रतिवाद गर्छु र आफूले जानेको कुरा अरूलाई भन्छु ।

**आफ्नो रूपको घमन्ड कत्तिको छ ?**

पटक्कै छैन । म रूपमा भन्दा पनि काममा विश्वास गर्छु ।

**कस्ता चलचित्रमा अभिनय गर्नुहुन्छ ?**

म प्राय:जसो चलचित्रको कथाप्रति न्याय गर्न सक्छु जस्तो लाग्यो भने मात्र काम गर्छु । नत्र सीधै गर्दिन भन्छु ।

**बढी खर्चिलो हुनुहुन्छ रे ?**

कसले भन्यो यस्तो कुरा तपाईंलाई ? म सामान्य मानिससरह नै खर्च गर्छु र कसैसँग त्यस्तो माग पनि गर्दिनँ ।

**छिटो रिसाउनु हुन्छ हो ?**

होइन, म आफूलाई चित्त नबुझेको कुरा स्पष्ट भन्छु म मनमा कुरा राख्दिनँ । भएको कुरा भन्दा कोही रिसाउँछन् भने त्यसमा मेरो भन्नु केही छैन ।

• माला लिम्बू, अभिनेत्री

## चेपुवामा साम्राज्ञी

झन्डै १० लाख रुपैयाँ पारिश्रमिक लिने अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाहले अभिनय गरेका दुई चलचित्र कायरा तथा इन्टु मिन्टु लन्डनमा प्रदर्शनको संघारमा छन् । आर्यन सिग्देलको कायरा त यही सातादेखि प्रदर्शनमा आउँदैछ भने इन्टु मिन्टु लन्डनमा झन्डै डेड महिनापछि दर्शकमाझ पुग्नेछ । यसबीच अभिनेत्री शाह यिनै दुई चलचित्रका निर्माताको टकरावको सिकार भएकी छिन् । डेढ महिनाको अन्तरमा प्रदर्शन हुने भए पनि दुवै चलचित्रले करिब-करिब उस्तै समयमा प्रचार सामग्री सार्वजनिक गरेपछि साम्राज्ञी चेपुवामा परेकी हुन् । कायरा डेढ महिनाअघि नै प्रदर्शन हुने भए पनि इन्टु मिन्टुले कायराका सामग्रीलाई प्रभाव पार्ने शैलीमा टिजर, ट्रेलर तथा गीत सार्वजनिक गरिरहेको छ । रमाइलो कुरा के छ भने दुवै चलचित्रका प्रचार सामग्रीमा साम्राज्ञीलाई नै केन्द्रमा राखिएको छ । करिब-करिब एकै दिन जस्तो पारेर एउटै अभिनेत्रीका दुई भिन्न चलचित्रका सामग्री सार्वजनिक हुँदा दर्शक समेत झुक्किन थालेका छन् । यसले अभिनेत्री शाहलाई थप तनाव दिएको बताइन्छ ।

# मिसेज नेपाल आइकन



मिसेज नेपाल आइकन-२०१८ मा ललितपुरकी सीमा भुर्तेलले जितेकी छिन्। फोटोजेनिक तथा ट्यालेन्ट एवार्डसमेत जितेकी सीमाले मिसेज नेपाल आइकनका रूपमा एउटा स्कुटर समेत हात पारेकी छिन्। प्रतियोगितामा सरु अर्याल फस्ट फेसन आइकन तथा मोस्ट डिजरभिङ एवार्डसहित रनर्सअपमा छानिएकी थिइन् भने अम्बिका थापा सेकेन्ड रनर्सअप घोषित भइन्। यसैगरी दया शर्मा थर्ड रनर्सअप तथा प्रिया कार्की फोर्थ रनर्सअप छानिए।



# मिस टिन गण्डकी

ब्रेभ इन्टरटेनमेन्टले पोखरामा आयोजना गरेको चौथो संस्करणको मिस टिन गण्डकी-२०१८ को उपाधि गरिमा केसीले जितेकी छिन्। केसीले मिस ट्यालेन्ट तथा अर्गानाइजर च्वाइसको पुरस्कारसमेत हात पारिन्। प्रतियोगितामा आशिका रेग्मी बेस्ट स्किनको सबटाइटलसहित फस्ट रनर्सअप तथा दिपाली गुरुङले भ्युअर च्वाइस, मिस फोटोजेनिक एवं बेस्ट ड्रेसको सबटाइटलसहित सेकेन्डरनर्सअपमा कब्जा जमाए। यो प्रतियोगितामा ८ जनाबीच प्रतिस्पर्धा भएको थियो।

# प्रिन्स एन्ड प्रिन्सेज इन्टरनेसनलमा सफलता

थाइल्यान्डको फुकेटमा सम्पन्न बालबालिका तथा टिनएजरसम्बन्धी अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगितामा टिम नेपालले सफलता आर्जन गरेको छ। गत साउन १० देखि १४ गतेसम्म चलेको उक्त प्रतियोगितामा नेपालका तर्फबाट सहभागी गोदावरी निवासी १२ वर्षीया प्रितान्सा थापाले मिस लिटिल प्रिन्सेज इन्टरनेसनल-२०१८ को शीर्ष उपाधि जितेकी छिन् भने ठमेलनिवासी १६ वर्षीय रोमश श्रेष्ठ मिस्टर टिन प्रिन्स इन्टरनेसनल-२०१८ मा फस्ट रनर्सअप घोषित भएका छन्। श्रेष्ठले मिस्टर टिन एसियाको एवार्डसमेत प्राप्त गरेका छन्। उक्त अवसरमा गोकर्णेश्वर निवासी १७ वर्षीया अस्मिता ढुंगाना मिस टिन प्रिन्सेज इन्टरनेसनल-२०१८ मा सेकेन्ड रनर्सअप भएकी थिइन्।

प्रिन्स एण्ड प्रिन्सेज इन्टरनेसनल-२०१८ को प्रि-टिन समूहमा प्रतिस्पर्धा गरेका हर्षित अग्रवालले बेष्ट इन्टरभ्यु एवार्ड जितेका छन् भने प्रि-टिन समूहमै सहभागिता जनाएकी अनुजा पन्त मिस चार्मिङ विधाको एवार्ड जित्न सफल भइन्। उक्त प्रतियोगितामा मिनी मिस्टर तथा मिस विधामा स्पर्श खड्गी एवं प्रविशित चन्द ठकुरीको समेत सहभागिता थियो।



# रोमन र रुबिनालाई उपाधि



मुन मिडिया हाउसले आयोजना गरेको पहिलो संस्करणको मिस्टर एन्ड मिस टिन पोखराको उपाधि रोमन गुरुङ तथा रुविना गुरुङले जितेका छन्। उक्त प्रतियोगिताको ग्रान्ड फिनालेमा योगेश गौतम तथा सुप्रिया गुरुङ फस्टरनर्सअप घोषित भए भने दीपक क्षेत्री तथा रोजिना केसीले सेकेन्डरनर्सअपमा चित्त बुझाए। भ्युअर च्वाइस एवार्ड समीक्षा क्षेत्रीले हात पारिन्। ग्रान्ड फिनालेमा ६ जना युवती तथा ५ जना युवाले प्रतिस्पर्धा गरेका थिए।



# मिस क्विन लमजुङ

मिस क्विन लमजुङ-२०१८ को उपाधि मोनिका गुरुङले जितेकी छिन्। गुरुङले मोस्ट ब्यूटीफुल उपाधिसमेत प्राप्त गरिन्। बेसीसहरमा आयोजित उक्त प्रतियोगितामा सारा लामा (तामाङ) फस्ट रनर्सअप तथा मोनिका श्रेष्ठ सेकेन्ड रनर्सअप भए। तामाङले मिस क्याटवाकको उपाधि हात पारिन् भने श्रेष्ठले बेस्ट फिगरको उपाधि पाइन्। विभिन्न उपाधितर्फ सिमरन श्रेष्ठले मिस पपुलर, बेस्ट स्माइलसँगै अर्गनाइजर च्वाइसको उपाधि जितेको उक्त प्रतिस्पर्धामा सुमिना श्रेष्ठ मोस्ट डिसिप्लिन घोषित भइन्। यसैगरी शर्मिला परियार मोस्ट ट्यालेन्ट र मोस्ट फ्रेन्ड्ली, पूनम लामा बेस्ट स्किन, सिमरन श्रेष्ठ बेस्ट स्माइल र मिस पपुलर तथा सलिना पराजुली मिस फोटोजेनिक र मोस्ट फ्याङ्क घोषित भए।



# पोखरामा फेसन शो

लुक्स फेसन होम एन्ड इभेन्ट म्यानेजमेन्टको संयोजनमा पोखरामा फेसन शो सम्पन्न भएको छ। उक्त अवसरमा कल्चरल, साडी, लेहङ्गा, जर्सी तथा पार्टी गाउनहरू प्रस्तुत गरिएका थिए।उक्त फेसन शोको संयोजन लायन्स क्लब अफ पोखरा सेन्टेनियलले गरेको थियो।

# भिजन आइडल



भिजन आइडल-२०७५ शीर्षकको गायन प्रतियोगिताको दोस्रो संस्करणको उपाधि मानेभन्ज्याङ गाउँपालिका-३, उँबु ओखलढुंगाका मनोजकुमार राईले जितेका छन्। ओखलढुंगा, खोटाङ, उदयपुर तथा सिन्धुलीका २ सय ५२ जना प्रतिस्पर्धीलाई उछिन्दै मनोजले उक्त उपाधि हात पारेका हुन्। प्रतियोगितामा खोटाङकी प्रवृत्ति राई फस्ट रनर्सअप तथा सुनकोसीकी सरिता तामाङ सेकेन्ड रनर्सअप भए।

कुम्भराज राई

# मिस एसिया नेपाल-२०१८

नेक्स्ट इभेन्ट इन्टरनेसनलद्वारा आयोजित मिस एसिया नेपाल-२०१८ शीर्षकको सौन्दर्य प्रतियोगिता सम्पन्न भएको छ। १४ जना युवतीबीचको उक्त प्रतिस्पर्धामा मोडलिङमा सक्रिय रहँदै आएकी युनिशा केसीले पर्सनालिटी विधाको एवार्डसहित मुख्य उपाधिमा कब्जा जमाइन्। प्रतियोगितामा हेमा हमाल मिस ग्ल्याम वर्ल्ड नेपाल-२०१८ चयन भइन्। युनिशा र हेमाले आ-आफ्नो उपाधिअन्तर्गतको अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालको प्रतिनिधित्व गर्ने बताइएको छ। यो प्रतियोगितामा रुबी प्रसाई फस्ट रनर्सअप घोषित भएकी थिइन्।



## संक्षेप

### मिस उर्लाबारीको दोस्रो संस्करण

दोस्रो संस्करणको मिस उर्लाबारीको तयारी प्रारम्भ भएको छ। सेन्ट्रल फेसन हबको आयोजनामा मिस उर्लाबारीको दोस्रो संस्करण सञ्चालन गर्न लागिएको अध्यक्ष जीवन चिमरियाले बताए। प्रतियोगितामा १६ वर्षदेखि २५ वर्षसम्मका किशोरी/युवतीहरूले सहभागिता जनाउन सक्नेछन्। प्रतियोगीहरूलाई कोरियोग्राफर प्रमिशा बज्राचार्यले प्रशिक्षण दिनेछिन् भने यो प्रतियोगिताको फाइनल भदौको दोस्रो साता हुने बताइएको छ।

सरोज बस्नेत

### मिस पोखराको दसौं संस्करण

दसौं संस्करणको मिस पोखराको आवेदन खुला भएको छ। पोखरा जेसिजले आयोजना गर्ने यो प्रतियोगितामा १२ कक्षा उत्तीर्ण १६ देखि २४ वर्षसम्मका अविवाहित युवतीले भाग लिन सक्ने बताइएको छ। साउन १९ गते हुने अडिसनपश्चात् छनौट भएका प्रतियोगीलाई करिब एक महिना बन्द प्रशिक्षण राखिनेछ। प्रतियोगिताको ग्रान्ड फिनाले असोज २० गते हुने कार्यक्रम संयोजक जेसी देवराज शर्माले बताए।

### मिस गण्डकीमा २० जना

एसटी क्रिएसनको आयोजनामा हुने पाँचौं संस्करणको मिस गण्डकीका लागि २० जना छानिएका छन्। पोखरामा आयोजित अडिसनमा सहभागी २८ जनामध्येबाट उनीहरू छनोट भएका हुन्। अब छनोट भएका प्रतियोगीहरूलाई नेतृत्व तथा व्यक्तित्व विकाससम्बन्धी प्रशिक्षण प्रदान गरिने आयोजक संस्थाका प्रबन्ध निर्देशक सुरज थापाले बताए। यो प्रतियोगिताको ग्रान्ड फिनाले असोज ५ गते हुने बताइएको छ।

### मिस नेपाल युएसमा २१

मिस नेपाल युएसको छैटौं संस्करणका लागि २१ जना युवती छनौटमा परेका छन्। यसरी छनौट हुनेमा अदिति श्रेष्ठ, एन्जिला पौडेल, वर्षा बराल, बिएन्का अधिकारी, विना श्रेष्ठ, दिलासा न्यौपाने, जया त्रिपाठी, कृति ढुंगेल, लाक्पा शेर्पा, आइसा ओझा, नेलिया गुरुङ, पोसा थापा, प्रवेशिका खत्री, प्रियंका तिमिल्सिना, सपना गौतम, सपना महर्जन, श्रेया नेपाली, सृजना रुपाखेती, सुकृति ढुंगेल, सुशाना पोखरेल तथा स्वीकृति भट्टराई छन्। अमेरिकाका विभिन्न राज्यबाट आएका ५७ आवेदनमध्येबाट उनीहरू अन्तिम प्रतिस्पर्धाका लागी छनौट भएको स्थानिय व्यवस्थापन गरिरहेको नेपाल ११ इन्टरटेनमेन्टका प्रतीक सुवेदीले बताए।

शिव शर्मा

पहिलो नि

# इन्स्टाग्राममा रवाफ




■ जोएला



■ हुडा कटन



■ केली जेनर

## सर्वाधिक शुल्क लिने सेलिब्रेटी

| नाम | फलोअर्स | प्रतिपोस्ट आम्दानी |
|---|---|---|
| केली जेनर | ११ करोड | ११ करोड |
| सलिना गोमेज | १३ करोड ९० लाख | ८ करोड ८० लाख |
| रोनाल्डो | १३ करोड ७० लाख | ८ करोड २५ लाख |
| किम कार्दशिन | ११ करोड ४० लाख | ७ करोड ९२ लाख |
| बियोन्स | ११ करोड ६० लाख | ७ करोड ७० लाख |
| डुवारे जोन्सन | ११ करोड १० लाख | ७ करोड १५ लाख |
| जस्टिन बिबर | १० करोड १० लाख | ६ करोड ९३ लाख |
| नेयमर | १० करोड | ६ करोड ६० लाख |
| लियोनल मेस्सी | ९ करोड ७३ लाख | ५ करोड ५० लाख |
| केन्डल जेनर | ९ करोड ३१ लाख | ५ करोड ५० लाख |

रूपैयाँमा

## प्रतिपोस्ट सर्वाधिक आम्दानी गर्नेहरू

| नाम | फलोअर्स | प्रतिपोस्ट आम्दानी |
|---|---|---|
| हुडा कटन | २ करोड ६० लाख | ३६ लाख ३० हजार |
| जोएला | १ करोड ७ लाख | १७ लाख ६० हजार |
| निक्की | १ करोड ८ लाख | १७ लाख ३२ हजार |
| नोओमी | ७५ लाख | १३ लाख २० हजार |
| जेफ्री स्टार | ६५ लाख | ११ लाख ५५ हजार |
| जेम्स चार्लिज | ६५ लाख | १० लाख ७२ हजार |
| अम्रा ओलेभिक | ५५ लाख | ९ लाख ९० हजार |
| मेन्नी गुजेरेज | ५० लाख | ८ लाख ६९ हजार |
| सायला मिचेल | २७ लाख | ८ लाख ६९ हजार |
| अमान्दा स्टिली | २६ लाख | ४ लाख ६२ हजार |

रूपैयाँमा

इन्स्टाग्राम अहिले ग्ल्यामर संसारको सर्वाधिक ठूलो सञ्जाल बनेको छ। कुनै समय यो रवाफ फेसबुकसँग थियो भने त्यसपछि ट्विटर हुँदै अहिले इन्स्टाग्राममा गएर अडिएको छ। अहिले ग्ल्यामरको क्षेत्रमा लागेका तथा आफूलाई ग्ल्यामरको संसारमा स्थापित गर्न चाहने जो-कोहीको पहिलो रोजाइ इन्स्टाग्राम हुने गरेको छ। इन्स्टाग्रामको यही क्रेजका कारण ग्ल्यामर संसारका धेरै सेलिब्रेटी तथा इन्स्टाग्रामबाटै सेलिब्रेटी बनेकाहरूले मनग्य आम्दानीसमेत गर्न थालेका छन्।

सेलिब्रेटी र इन्स्टाग्राम सेलिब्रेटीहरूले इन्स्टाग्राममा एउटा पोस्टबापत कति कमाउँछन् भन्ने विषयमा होपर एचक्युले नियमित निगरानी राख्दै आएको छ। सन् २०१८ मा इन्स्टाग्राममा पोस्ट गरेर सर्वाधिक आम्दानी गर्ने इन्स्टाग्राम सेलिब्रेटीहरूको सूचीमा युट्युबर एवं ब्युटी ब्लगर जोएला चौथो स्थानबाट एकै पटक दोस्रो स्थानमा उक्लिएकी छिन्। हालसालै ४ लाख फलोअर्स गुमाए पनि जोएलासँग रहेका १ करोड ७ लाख कोर फलोअर्सले नै उनलाई उक्त स्थानमा पुऱ्याएका हुन्। अर्की मेकअप आर्टिस्ट एवं ब्यूटी ब्लगर हुडा कटनभन्दा पछि रहे पनि जोएलाले इन्स्टाग्रामबाट ३३ करोड रुपैयाँ आम्दानी गरिसकेकी छिन्। अहिले उनी कुनै प्रायोजित तस्बिर पोस्ट गर्नुपरे प्रतिपोस्ट १७ लाख ६० हजार रुपैयाँ लिन्छिन्।

बेलायतकी जोएलालाई पछि पारेकी अमेरिकन हुडाले इन्स्टाग्रामबाट ४ अर्ब ९५ करोड रुपैयाँ आम्दानी गरेकी छिन्। उनी इन्स्टाग्राममा कुनै कुरा पोस्ट गर्नुपरे ३६ लाख ३० हजार रुपैयाँ लिन्छिन्। किनभने उनको इन्स्टाग्राममा २ करोड ६० लाख फलोअर्स छन्।

अहिले इन्स्टाग्राममा विभिन्न टिप्स दिएर फलोअर्स बढाई इन्स्टाग्राम सेलिब्रेटी बन्ने चलनमा निकै वृद्धि भएको छ, जसमा ब्युटी, फेसन, फिटनेस, फुड, लाइफस्टाइल, स्पोर्ट्स तथा ट्राभलजस्ता विषय लोकप्रिय छन्। निश्चित एउटा विषयका आकर्षक तस्बिर पोस्ट गरेर आफ्नो प्रभाव बढाउँदै लगेका प्रयोगकर्ताहरूकालाई अहिले इन्स्टाग्राम नै करोडौं रुपैयाँ कमाउने प्लेटफर्म भएको छ।

इन्स्टाग्राम आफूलाई सेलिब्रेटी आम्दानी समेत गर्ने कमाउने प्लेटफर्म सावित हुँदै गएपछि होपर एचक्युले गत वर्षदेखि कसले कति पैसा लिएर पोस्ट गर्छन् र वार्षिक रूपमा कति आम्दानी गरे भन्ने विषयमा सोधखोज गर्न थालेको हो।



■ सलिना गोमेज

नेदरल्यान्डबाट ब्युटीको ट्युटोरियल इन्स्टाग्राममा पोस्ट गर्दै आएकी निक्की आम्दानीका हिसाबले तेस्रो नम्बरमा छिन्। १ करोड ६ लाख फलोअर्स भएकी निक्कीले इन्स्टाग्राममा एउटा पोस्ट गरेको १७ लाख ३२ हजार रुपैयाँ लिने गरेकी छिन्।

इन्स्टाग्राममा सेलिब्रेटीहरूको आम्दानी पनि मनग्य हुने गरेको छ। इन्स्टाग्राममा पोस्ट गरेर सर्वाधिक आम्दानी गर्नेमा अमेरिकी रियालिटी शोकी प्रस्तोता केली जेनर अग्रपंक्तिमा छिन्। इन्स्टाग्राममा ११ करोड फलोअर्स भएकी केलीले अहिलेसम्म ५ अर्ब ५० करोड रुपैयाँ आम्दानी गरिसकेकी छिन्। उनी अहिले एउटा तस्बिर पोस्ट गरेको ११ करोड रुपैयाँ शुल्क लिन्छिन्।

केलीपछि सर्वाधिक शुल्क लिएर इन्स्टाग्राममा पोस्ट गर्नेमा अभिनेत्री एवं गायिका सलिना गोमेज छिन्। १३ करोड ९० लाख फलोअर्स भएकी गोमेजले एउटा पोस्टको ८ करोड ८० लाख रुपैयाँ लिन्छिन्। तेस्रो नम्बरमा भने फुटबलर क्रिस्टियानो रोनाल्डो छन्। १३ करोड ७० लाख फलोअर्स भएका रोनाल्डोले प्रतिपोस्ट ८ करोड २५ लाख रुपैयाँ शुल्क लिने गरेका छन्।

स्रोत : होपर एचक्यु

# कहिल्यै नपुगिने अमेरिका :
# फिल्मी शैलीको दुर्दान्त घटना



मंसिर महिना ०७२ साल। बाँकेकी २६ वर्षीया अस्मिता जापान जाने उद्देश्यले भाषा सिक्न काठमाडौं आउँछिन्। उनी स्वयम्भूस्थित एक इन्स्टिच्युटमा जापानी भाषा सिक्न थाल्छिन्। त्यही क्रममा उनको भेट मुस्ताङ घर भएकी एक महिलासँग हुन्छ। ती महिलाले सागर श्रीषको नाम लिँदै उसले आफ्ना धेरै आफन्तलाई सिंगापुर तथा अमेरिका पठाइदिएको कुरा सुनाउँछिन्। अस्मिता पनि श्रीषलाई भेट्न चाहन्छिन्।

२०७३ जेठ महिनातिर सागर श्रीषसँग अस्मिताको भेट दरबारमार्गस्थित एक मल्टिनेसनल रेस्टुराँमा हुन्छ। त्यसपछि सागर श्रीषले अस्मितालाई अमेरिका जाने बाटो बताउँछन्। अमेरिका जान काठमाडौंबाट बैंकक हुँदै सिंगापुर जानुपर्छ, त्यहाँ अन्तर्वार्ता हुन्छ, अन्तर्वार्तामा पास भएपछि भिसा लिएर मेक्सिको पुग्ने र मेक्सिकोबाट अमेरिका पुग्न सकिने कुरा सागरले अस्मितालाई बताउँछन्। यतिमात्र होइन, श्रीषले उनीहरूलाई अमेरिका पुग्न प्रतिव्यक्ति ३० लाख रुपैयाँ लाग्ने जानकारी दिन्छन्। प्रतिमहिना ३ लाख कमाइ हुने सपना पनि देखाउँछन्। अमेरिका नै जान पाइने भएपछि अस्मिता ३० लाख रुपैयाँ दिन तयार हुन्छिन्।

०७३ को तिजको केही समयअघि अस्मिताले अमेरिका प्रोसेसिङका लागि भन्दै आफ्नो पासपोर्ट र २ लाख रुपैयाँ श्रीषलाई थमाउँछिन्। गाउँ फर्किएकी अस्मिताले आफू अमेरिका जान लागेको कुरा साथी राधालाई सुनाउँछिन्। राधाले मलाई पनि अमेरिका जान मन छ, यताबाट जाँदा तँ पैसा हालिदे, उता पुगेपछि दाजुसँग कुरा गरेर तँलाई फर्काउँला भन्ने कुरा गरेपछि एक्लै जाँदा गाह्रो हुने तथा साथी भए सजिलो हुने सोचेर अस्मिता राधाको प्रस्ताव मान्न तयार हुन्छिन्। दसैंताका राधा र अस्मिता दुवै राधाको अमेरिका जाने विषयको टुंगो लगाउन श्रीषलाई भेट्न काठमाडौं आउँछन्। काठमाडौं आएका उनीहरू कमलादीमा सागर श्रीषलाई राधाको पासपोर्ट दिएर उनको पनि प्रोसेसिङ सुरु गरिदिन आग्रह गर्दै नेपालगन्ज फर्कन्छन्।

त्यसपछि उनीहरू दुवै तिहार मनाएर काठमाडौं फर्कन्छन्। काठमाडौं पुगेपछि उनीहरूले सागर श्रीषलाई फोन गर्छन्। यताबाट सागरले थाइ एयरलाइन्सको मंसिर २ गतेको टिकट बनिसक्यो, तयार भएर बस्नु सुरुको प्रोसेसिङका लागि मेरो प्रभु बैंकको खातामा १० लाख रुपैयाँ राखिदिनु भन्छन्। सागर श्रीषले भनेअनुसार नै अस्मिताले ९ लाख र राधाले १ लाख गरी १० लाख रुपैयाँ श्रीषको खातामा जम्मा गर्छन्। श्रीषले डकुमेन्टमा नाम फरक परेकाले त्यो दिन थाइल्यान्ड जान नसक्ने र ६ गतेको अर्को टिकट बनाएको कुरा बताउँछन्। ६ गते नै २-२ हजार डलर दिएर सागरले उनीहरूलाई बैंकक उडाउँछन्। अस्मिता र राधा २ महिनासम्म बैंककको एउटा अपार्टमेन्टमा बस्छन्। त्यसपछि २२ जुन २०१७ मा सागरले उनीहरूलाई मलेसिया पठाउँछन्। मलेसिया पुगेपछि उनीहरूले श्रीषलाई फोन गर्छन्, श्रीषले सिंगापुर महँगो भएकाले केही दिन त्यतै बस्नु, नेपालबाट अरु थप दुई जना आइसकेपछि मात्र सिंगापुर जानु भनेर अस्मिता र राधालाई अराउँछन्। उनीहरू १२ दिन मलेसियामा श्रीषले भनेकै होटलमा बस्छन्। उनीहरूसँग थप ५ लाख रुपैयाँ मागिन्छ, अस्मिताले आफ्नो घरमा फोन गरेर श्रीषको प्रभु बैंकको खातामा उक्त रकम जम्मा गर्न लगाउँछिन्। ३ फ्रेबुअरी २०१७ मा त्यहाँबाट अस्मिता र राधा ७५/७५ डलर तिरी ट्याक्सीमा ३ दिन लगाएर सिंगापुर पुग्छन्। सिंगापुरमा विराटनगरका नीरज कार्की र म्याग्दीका मानबहादुर पुनले उनीहरूको बसोबासको प्रबन्ध गर्छन्। चार दिन उनीहरूले दुवै जनालाई क्लास दिएपछि अन्तर्वार्ताका लागि सिंगापुरस्थित मेक्सिकन दूतावास पुर्‍याउँछन्। फेब्रुअरी ८ मा उनीहरूले ५१/५१ डलर शुल्क तिरेर अन्तर्वार्ता दिन्छन्। त्यसपछि उनीहरूको भिसा नलागेर राहदानी फिर्ता हुन्छ। यो कुरा उनीहरूले श्रीषलाई सुनाउँछन्, श्रीषले उनीहरूलाई त्यहाँबाट नयाँदिल्ली आउन भन्छन्। श्रीषले मिलाइदिएकै जहाजबाट उनीहरू नयाँ दिल्ली आउँछन्। अस्मिता र राधालाई नयाँदिल्लीको पहाडगन्जस्थित कुनै होटलमा राखिन्छ।

नयाँदिल्लीमा श्रीषले नै उनीहरूलाई बारा घर बताउने सुमित्रा कुँवरको नम्बर दिएर सम्पर्क गर्न भन्छन्। सुमित्रालाई फोन गरेपछि उनी आएर अस्मिता र राधालाई आफू बसेको होटलमा पुर्‍याउँछिन्, जहाँ उनीहरूको भेट पोखरा क्षेत्रमा घर बताउने धनबहादुर श्रेष्ठ तथा उनकी श्रीमतीसँग हुन्छ। नयाँदिल्लीमा सुमित्रा कुँवरले मसँगै यिनीहरू दुई जना पनि अमेरिका जान्छन्, कागजात तयार पारिदनु भनेर राहदानी धनबहादुरकी श्रीमतीलाई दिन्छिन्। सुमित्राले अस्मिता र राधासँग प्रोसेसिङका लागि थप १८ लाख रुपैयाँ माग्छिन्। राधाले पुनः घरमा फोन गरेर सुमित्राले भनेअनुसार नै अनिल बानियाँको एभरेष्ट बैंकको खातामा १० लाख रुपैयाँ जम्मा गर्न लगाउँछिन्, थप अपुग रकम अस्मिता र राधाले सागर श्रीषलाई दिएको पैसाबाट मिलाउँछन्। त्यसपछि सागर नयाँदिल्ली पुगेर ८ लाख रुपैयाँ सुमित्रालाई बुझाउँछन्।

त्यसपछि जोडिन आइपुग्छन्– सुदर्शन गौतम। अस्मिताले बयानमा भनेकी

पृष्ठ २३ मा


## मानव तस्करीमा अभिनेता सुदर्शन

'हिरो बन्न हातखुट्टा चाहिँदैन,' चलचित्र हिम्मतवालीमा अभिनेताको भूमिकामा देखिएपछि सुदर्शन गौतमले एक अन्तर्वार्तामा भनेका थिए। त्यति बेला उनको साहसको चौतर्फी प्रशंसा पनि भएको थियो। दुवै हात नभए पनि सगरमाथा चढेर कीर्तिमान राखेपछि उनको चर्चा थप चुलियो। अहिले तिनै नेपाली मूलका क्यानाडेली नागरिक सुदर्शन गौतम मानव तस्करी मुद्दामा मुछिएका छन्। विभिन्न व्यक्तिसँग मिलेर मानव तस्करी गिरोह चलाएको अभियोगमा नेपाल प्रहरीले गौतमविरुद्ध काठमाडौं जिल्ला अदालतमा मुद्दा चलाएको छ।

'मानव बेचबिखन तथा ओसार-पसारको यो घटनाको मुख्य अभियुक्त नै सुदर्शन गौतम हुन,' यो घटनामाथि अनुसन्धान गर्ने महानगरीय अपराध महाशाखाका प्रमुख तथा एसएसपी धीरजप्रताप सिंहले साप्ताहिकसँग भने, 'घटनामा उसको संलग्नता पुष्टि भएको छ। थप कारबाही अघि बढाइरहेका छौं।'

प्रहरीले नेपालबाट विभिन्न देश हुँदै अमेरिकामा मानव तस्करी गरेको आरोपमा जिल्ला अदालत काठमाडौंमा साउन २ गते गौतमसहित ५ जना विरुद्ध मुद्दा दायर गरेको हो। उक्त मुद्दामा अदालतले वारेन्ट जारी गरेसँगै प्रहरीले सुदर्शनलाई मोष्ट वान्टेडको सूचीमा राखेर खोजी थालेको छ। गौतममाथि रेड कर्नर नोटिस जारी गरेर पक्राउ गरी नेपाल फर्काउन प्रहरीले इन्टरपोललाई गुहारिसकेको छ। नेपाल प्रहरीले अन्तर्राष्ट्रिय प्रहरी संगठन (इन्टरपोल) मार्फत गौतममाथि रेड कर्नर जारी गर्न पत्राचारसमेत गरिसकेको जनाएको छ।

'हामीले सुदर्शन गौतमलाई पक्राउ गर्न इन्टरपोललाई पत्राचार गरिसकेका छौं,' काठमाडौं प्रहरी परिसरका प्रवक्ता तथा डिएसपी मोहन थापाले साप्ताहिकसँग भने, 'त्यो प्रक्रियामा छ, अब केही दिनमै उनीमाथि रेड कर्नर नोटिस जारी होला।'



गौतमविरुद्ध दुई महिनाअघि प्रहरीमा परेको उजुरीका आधारमा मुद्दा दायर भएको हो। गौतमले अमेरिका लाने भन्दै बाँकेका दुई तथा वाराकी एक युवतीलाई हाइटीमा अलपत्र पारेको उनी विरुद्ध प्रहरीमा दिइएको उजुरीमा उल्लेख छ। हाइटीमा अलपत्र परेका युवतीलाई अमेरिका लान उनले पोभो भन्ने ठाउँमा बोलाएका थिए। त्यहाँ गैरहेको जहाज बाटैमा बिग्रिएर खाना र पानीको समेत अभाव भएपछि १२ औं दिनमा तीन जनामध्ये एक महिलाको मृत्यु भएको थियो।

पृष्ठ २३ मा

# कहिल्यै नपुगिने...

पृष्ठ २२ बाट

छिन्, 'सुमित्रा कुँवरले सुदर्शन दाइले सबै कागजात मिलाई पठाइदिसकेको छ, हामीले चलचित्र संस्कारको सुटिङका लागि हाइटी जानुपर्ने हुन्छ, हामीहरू कलाकारका रूपमा हाइटी पुग्छौं, उतैबाट सुटिङ मिलाएर युएसएको भिसा लिने हो, आफूहरूलाई हिरोनी सम्फी राख्नु, सुमित्राले हामीलाई सिकाएकी थिइन् ।' यतिमात्र होइन, सुमित्राले उनीहरूलाई केपी फिल्मको कन्ट्याक्ट लेटर समेत देखाएर उनीहरूलाई दिल्लीबाट मस्को, म्याड्रिड, बोगोटा, चाइनाटाउन हुँदै डोमिनिक रिपब्लिक पुऱ्याउँछिन् । डोमिनिक रिपब्लिकमा उनीहरूले एक महिना बिताउँछन्, उक्त अवधिमा सुमित्राले दुवैलाई सुदर्शनसँग सम्पर्क भैरहेको भन्दै आश्वासन दिन्छिन् । त्यसपछि सुमित्राले सुदर्शनको हवाला दिँदै थप ११ लाख रुपैयाँ नपुगेको भनेर थप पैसा माग्छिन् । उक्त रकम अस्मिताका परिवारले लेकबहादुर पुनको प्रभु बैंकको खातामा जम्मा गर्छन् । रकम जम्मा भैसकेपछि उनीहरूलाई फिल्म सुटिङका लागि भन्दै हाइटी उडाइन्छ । हाइटीको एयरपोर्टमा फिल्म सुटिङका लागि सहयोग गर्ने भनिएका व्यक्ति चार्ल्स इलेस्टो उनीहरूलाई रिसिभ गर्न आउँछन् । चार्ल्सले उनीहरूको बसोबासको व्यवस्था मिलाउँछन्, उनीहरूको पासपोर्टलगायतका डकुमेन्टहरू लिन्छन् र फिल्मका लागि भन्दै विभिन्न ठाउँमा लगेर तस्बिर खिच्छन् । हाइटीमा थप ५ लाख रुपैयाँ दिन भनिएपछि अस्मिताले घरपरिवारलाई भनेर सुरज काफ्लेको सनराइज बैंकको खातामा ५ लाख रुपैयाँ जम्मा गर्न लगाउँछिन् । हाइटीमा ढिला हुन थालेपछि अस्मिता स्वयंले भाइबरमा सुदर्शनलाई फोन गर्छिन् । बयानमा उनले भनेकी छिन्, 'मैले सीधै सुदर्शन गौतमसँग भाइबरमा कुरा गरी हाम्रो काम किन ढिला भएको भनी सोध्दा उसले मैले बनाएको योजनाअनुसार युएसए पुऱ्याउने काम गर्न गाह्रो भो, अब पानीजहाजबाट भए पनि हाइटीबाट पोभो भन्ने ठाउँमा आऊ, म त्यही आउँछु, त्यहीबाट म तिमीहरूलाई युएसए ल्याउँछु भनेकाले निज सुमित्रा कुँवरसहित हामी पानीजहाजमा चढ्न भनी हाइटीकै पोर्ट-औ-बो भन्ने ठाउँमा पुग्यौं ।' पोभो जाने भनिएको उक्त जहाजमा अस्मिता, राधा र सुमित्रा गरी तीन जना नेपालीसहित अन्य १२ जना हुन्छन् । ७ घण्टामा पोभो पुग्ने भनिएको उक्त जहाजको इन्जिन त्यहाँबाट हिँडेको तीन घण्टापछि बिग्रन्छ । इन्जिन बिग्रिएको जहाजले दिशा पत्ता लगाउन सक्दैन, हावाको वेगमा जहाज कहिले कता त कहिले कता पुग्छ । जहाज हराएको १४ दिनसम्म उनीहरूले बोकेको खाद्यान, पानी सकिइसकेको हुन्छ । पानी खान नपाएपछि सुमित्रालाई ज्वरो आउँछ, त्यस क्रममा उनले समुद्रको पानी पिउँछिन् र उनको मृत्यु हुन्छ । लास सडेर गन्हाउने भएकाले उनको मृत शरीरलाई समुद्रमा फालिन्छ । हराएको जहाज १८ औं दिनमा बहामासको एनागोवा टापुस्थित प्रहरीको नियन्त्रणमा पुग्छ । त्यहाँको प्रहरीले बेहोस अवस्थामा रहेका उनीहरूलाई उद्धार गरेर हेलिकप्टरमार्फत बहामासको नासाउ भन्ने ठाउँको अस्पतालमा भर्ना गर्छ ।

> "मैले सीधै सुदर्शन गौतमसँग भाइबरमा कुरा गरी हाम्रो काम किन ढिला भएको भनी सोध्दा उसले मैले बनाएको योजनाअनुसार युएसए पुऱ्याउने काम गर्न गाह्रो भो, अब पानीजहाजबाट भए पनि हाइटीबाट पोभो भन्ने ठाउँमा आऊ, म त्यही आउँछु, त्यहीबाट म तिमीहरूलाई युएसए ल्याउँछु भनेकाले निज सुमित्रा कुँवरसहित हामी पानीजहाजमा चढ्न भनी हाइटीकै पोर्ट-औ-बो भन्ने ठाउँमा पुग्यौं ।"

चार दिनपछि उनीहरू होसमा आउँछन्, त्यसपछि त्यहाँबाट नेपाली राजदूतावास अमेरिकाले उनीहरूको उद्धार गर्छ । पाँच महिना त्यहाँको अध्यागमनमा बिताएपछि उनीहरूलाई क्युबा पठाइन्छ, क्युबामा कागजात बनाउन उनीहरूलाई थप २१ दिन लाग्छ । क्युबाबाट पेरिस, दुबई अनि ओमान हुँदै १६ पुस २०७४ मा उनीहरू काठमाडौं आइपुग्छन् ।

*(घटनाकी पीडित युवतीले प्रहरीलाई दिएको बयानमा आधारित) यो रिपोर्टमा सम्बद्ध युवतीहरूको नाम परिवर्तन गरिएको छ ।)*



तस्बिर : कोइनप्रेस

# मानव तस्करीमा...

पृष्ठ २२ बाट

अन्य दुई युवती भने १८ औं दिनमा अचेत अवस्थामा बहामासको एनागोवा टापु पुगे । त्यहाँको प्रहरीले अवैध रूपमा आइरहेको पानी जहाजलाई नियन्त्रणमा लिएपछि उनीहरूको उद्धार गरेर नेपाल फर्काइएको थियो ।

उद्धार गरेर ल्याइएका युवतीको उजुरी तथा बयानका आधारमा गौतमविरुद्ध मानव बेचबिखनको मुद्दा दायर गरिएको हो । महानगरीय अपराध महाशाखाका एक अधिकारीका अनुसार पीडित युवतीहरू प्रहरीको सम्पर्कमा आएपछि उक्त घटनामाथि अनुसन्धान अघि बढाइएको थियो । 'दुई महिनाअघि पीडितहरू हामी कहाँ आए,' ती अधिकारीले साप्ताहिकसँग भने, 'हामी मानव बेचबिखनमा पर्यौं, हाम्रो पैसा ठगियो भनेर उजुरी दिएपछि हामीले अनुसन्धान गर्दा यसको तार सुदर्शनसँग जोडिन पुगेको हो ।' अनुसन्धानका क्रममा एक महिलाको मृत्यु भएको रहस्यसमेत खुल्यो ।

साप्ताहिकलाई प्राप्त अदालतमा पेस भएको पीडितको जाहेरी तथा घटनाको विवरणमा दुई युवतीमध्ये एउटीले आफूबाट ५३ लाख ७३ हजार तथा अर्कीले ६८ लाख ५५ हजार रुपैयाँ क्षतिपूर्तिको माग गर्दै गौतमसहित अन्य अभियुक्तविरुद्ध मानव बेचबिखन तथा ओसार-पसार नियन्त्रण ऐनअनुसार कारबाही चलाउन माग गरेका छन् । उनीहरूले आफूमाथि ठूलो मानसिक दबाद दिएको, विभिन्न ठाउँमा लगेर अलपत्र पारिएको पनि बयानमा उल्लेख गरेका छन् ।

गौतमले अन्य कतिपय व्यक्तिबाट अमेरिका र क्यानाडा लाने भन्दै ठगी गरेको त ती दुवै देशमा मानव तस्करी गरेको समेत अनुसन्धानबाट खुलेको छ । दुई वर्षअघि पनि गौतम यस्तै काण्डमा मुछिएका थिए । काठमाडौं जिल्ला अदालतमा दर्ता गरिएको उक्त मुद्दाका एक प्रतिवादी लेकबहादुर पुनले आफ्नो बयानमा सुदर्शनले अमेरिकामा सुटिङ हुने एउटा चलचित्रका लागि १६ जना मानिस चाहिएको भन्दै २२ लाख रुपैयाँ पठाउन लगाएको र पछि सुटिङ नहुने भयो भन्दै उक्त रुपैयाँ फर्काएको कुरा उल्लेख गरेका छन् । पुनले त्यसपछि सुदर्शनले फेरि फोन गरी क्यानाडामा चलचित्र सुटिङ हुने र त्यसका लागि ६४ लाख रुपैयाँ मागेको अनि उक्त रकम आफूले सुदर्शनले भनेअनुसार नै विभिन्न व्यक्ति तथा कम्पनीको खातामा पठाएको बयान प्रहरीलाई दिएका छन् । तीन महिनासम्म पनि काम नभएपछि पुनले गौतमलाई उक्त रकम फिर्ता दिन दबाब दिए । त्यसपछि गौतमले पटक-पटक गरी ५२ लाख रुपैयाँ फिर्ता गरेका थिए भने अझै आफूहरूको १० लाख फिर्ता रुपैयाँ गरिनसकेको पुनको बयानमा उल्लेख छ ।

> उद्धार गरेर ल्याइएका युवतीको उजुरी तथा बयानका आधारमा गौतमविरुद्ध मानव बेचबिखनको मुद्दा दायर गरिएको हो । महानगरीय अपराध महाशाखाका एक अधिकारीका अनुसार पीडित युवतीहरू प्रहरीको सम्पर्कमा आएपछि उक्त घटनामाथि अनुसन्धान अघि बढाइएको थियो ।

### यसरी खुल्यो रहस्य

युवतीहरूले प्रहरीमा उजुरी दिएपछि महानगरीय अपराध महाशाखाले अनुसन्धान अघि बढायो । अनुसन्धानका क्रममा एकपछि अर्को नाम खुल्दै गए । त्यस क्रममा प्रहरीले गत असारमा बागलुङका सागर श्रीष, ओखलढुंगाका अनिल बानियाँ, म्याग्दीका लेकबहादुर पुन तथा बाँकेका सुरज काफ्लेलाई पक्राउ गऱ्यो । पीडित र पक्राउ परेकाहरूको बयानका आधारमा अनुसन्धान गर्दै जादा मुख्य नाइके गौतम भएको खुल्न आयो । त्यसपछि प्रहरीले सुदर्शनसहित पक्राउ परेका ५ जना विरुद्ध मुद्दा दायर गरेको बताइन्छ ।

उक्त मुद्दा दायर भएपछि काठमाडौं जिल्ला अदालतले पक्राउ परेका चार जनालाई पुर्पक्षका लागि थुनामा पठाएको छ भने सुदर्शनका नाममा वारेन्ट जारी गरेको छ । उक्त वारेन्टसँगै प्रहरीले उनलाई इन्टरपोलमार्फत पक्राउ गरेर नेपाल झिकाउने तयारी अघि बढाएको हो । यो घटनासँग जोडिएका केही व्यक्ति अझै फरार छन् ।



# को हुन् सुदर्शन गौतम ?

रामेछाप जिल्लाको गुन्सीमा जन्मिएका ४० वर्षीय सुदर्शन गौतम क्यानाडाका नागरिक हुन् । गौतमले केही वर्षअघि क्यानाडाकै नागरिकको हैसियतले सगरमाथा आरोहणसमेत गरेका थिए । गौतमको नाममा दुवै हात नभए पनि सगरमाथा आरोहण गरेको विश्व कीर्तिमान छ । झन्डै २७ वर्षअघि गौतम १३ वर्षको छँदा आफ्नै घरको छतमा रड लिएर खेल्ने क्रममा रडले बिजुलीको तार छोएपछि उनी दुर्घटनामा परेका थिए । त्यसपछि उनका दुवै हात काट्नुपरेको थियो । खुट्टाले लेखेर एसएलसी उत्तीर्ण गरेका गौतम कारसमेत खुट्टैले चलाउँछन् । क्यानाडा सरकारले 'मोटिभेसनल गेस्ट स्पिकर' का रूपमा त्यहाँको संस्थामा बोल्न बोलाएपछि श्रीमती अम्बिका हमालसहित उनी सन् २००५ मा क्यानाडा गएको बताइन्छ । गौतमले क्यानाडामा आफ्नै रेष्टुरा सञ्चालन गर्दै आएका छन् ।

आफ्नो व्यवसायमा आबद्ध भएकै बेला उनी अभिनेत्री रेखा थापाको सम्पर्कमा आए । अभिनेत्री थापासँग भेट भएपछि उनी नेपाली चलचित्रप्रति आकर्षित भए । आफ्नै लगानीमा रेखालाई नायिका बनाउँदै उनले चलचित्र 'हिम्मतवाली' तयार पारे, जसमा उनी आफैंले अभिनेताको भूमिका निर्वाह गरेका थिए । हिम्मतवालीको छायांकनका क्रममा रेखा र सुदर्शनको प्रेम सम्बन्धका बारेमा थुप्रै गसिपसमेत बनेका थिए ।

अपराध

# बनारसमा बन्धक बनाइएका
# केही नेपाली महिला अझै सम्पर्कविहीन

कमल पन्थी



भारतको बनारसमा बन्धक बनाइएका नेपाली महिलाहरू बसेको एउटा घरमा प्रहरीले छापा मार्दा दलालले सबैलाई लिएर सम्पर्क विहीन भएको बनारस प्रहरीले जनाएको केही दिनमै दिल्लीबाट गत सोमबार र मंगलबार गरी बन्धक बनाएका ३२ नेपाली महिलाको उद्धार गरिएको छ । यसअघि भारतीय तथा नेपाली गरी १ सय ५० महिला बन्धक बनाइएको जानकारी आएपछि बनारसका एसएसपी आनन्द कुलकर्णीको नेतृत्वमा गएको सुरक्षा दस्ताले उक्त छापा मारेको थियो ।

बन्धक बनाइएका मध्ये कतिपय नेपाली महिलाहरूको अवस्था अहिलेसम्म अज्ञात छ । बनारस प्रहरीले उनीहरूलाई दिल्ली पुऱ्याएको सूचना प्राप्त भएको बताएको छ । दिल्लीमा भएको जानकारी आएपछि बनारसबाट बन्धक बनाइएका नेपाली महिलाको खोजीमा दुई सादा पोसाकका प्रहरी अधिकृतसहितको टोली दिल्ली पुगेको बनारस, शिवपुर थानाका प्रहरी निरीक्षक शिवकुमार सिंहले बताए । बन्धक बनाइएका महिला झापा, इटहरी, सिन्धुली, रुपन्देही, दाङ, बाँके, बर्दिया आदि जिल्लाका भएको त्यहाँबाट मुक्त भएकी एक महिलाले बताइन् । छापा मार्न लागिएको सूचना लिक भएकाले उनीहरू त्यहाँबाट भागेको आशंका स्थानीय बासिन्दाले गरेका थिए ।

दलाल विरुद्ध भारतको बनारसमा बर्दिया मधुवनकी एक ३२ वर्षीया महिलाले मुद्दा दायर गरेकी छिन् । उनले नेपाली तथा भारतीय दलालले ललाई-फकाई ल्याएर बन्धक बनाएको भन्दै बनारसको शिवपुर थानामा सन्दीप भन्ने संजीव महत एवं सुन्दरीविरुद्ध लिखित उजुरी दिइकी थिइन् । भारतीय प्रहरीले मानव बेचविखनविरुद्ध उच्च न्यायालयमा मुद्दा दायर गरेको शिवपुर थानाका इन्चार्ज प्रहरी निरीक्षक विजयकुमारले बताए । नेपाली महिलाले बनारसमा मानव बेचबिखनविरुद्ध मुद्दा दिएको यो पहिलो घटना भएको बनारस प्रहरीले बतायो । केही महिला बन्धक बनाइएको आशंकामा बनारस, नटकनियादाइस्थित भारतीय जनता पार्टीका पूर्व महासचिव एंव युवा मोर्चाका अध्यक्ष पप्पु भनिने जयसिंहको घरमा छापा मारिएको थियो । बन्धक बनाइएको घरबाट प्रहरीले दुई महिला तथा तीन पुरुष सहित पाँच भारतीयलाई पक्राउ गरी मानव बेचबिखनसम्बन्धी मुद्दा दायर गरेको छ ।

एक साताअघि दलालबाट फुत्किएर बर्दियाका दुई महिला घर फर्किएका थिए । तीमध्ये एक महिलाले बर्दियाका प्रमुख जिल्ला अधिकारी राम बहादुर कुरुम्बाङको सहयोगमा बनारस पुगेर मुद्दा दायर गरेकी हुन् । उनले आफूलाई बन्धक बनाइएको घर स्थानीय गैरसरकारी संस्थाको सहयोगमा पत्ता लगाएपछि बनारस प्रहरीले छापा मारी पाँच भारतीयलाई नियन्त्रणमा लिएको थियो । दलालले बन्धक बनाएका नेपाली महिलाको उद्धारका लागि नेपाली अधिकारीहरूले अग्रसरता देखाएकाले दलालविरुद्ध कारबाही प्रक्रिया अघि बढाउन सहज भएको बनारसका एसएसपी आनन्द कुलकर्णीले बताए ।

'बन्धक बनाइएको घरमा ८० भन्दा बढी नेपाली महिला थिए,' त्यहाँबाट फुत्किएर आएकी ३२ वर्षीया नेपाली महिला भन्छिन् । बर्दिया फर्किएकी ती महिलालाई दाङ घर बताउने सुन्दरी नामकी एक महिलाले ज्यान मार्ने धम्की दिएको उनले बताइन् । बन्धक बनाइएका १ सय ५० मध्ये ७० जना महिलालाई बनारसस्थित नटकनियादाइकै अन्य घरमा राखिए पनि उनीहरूको अवस्था अज्ञात छ ।

### जानकारी दलाललाई

स्थानीय गैरसरकारी संस्था सेभ बनारसका संयोजक राकेशकुमारले महिलाहरूलाई बन्धक बनाइएको घर पहिचान गराएका थिए । मुक्त भएकी महिलालाई लिएर पुगेको प्रहरीलाई घर पत्ता लगाउन सहयोग गरेका राकेशकुमार त्यहाँ पुग्नासाथ प्रहरीको सहयोगबिना हामी घरमा पस्न सक्दैनौं भन्दै पन्छिएका थिए । त्यसपछि माईती नेपालसँग सहकार्य गर्दै आएका बनारसका संयोजक राजीव सिंहसहितको टोलीले सहयोग गऱ्यो । नेपाली दूतावास दिल्लीबाट आएका काउन्सिलर एसएसपी पुरुषोत्तम कँडेल, बर्दिया प्रहरीका डिएसपी युवराज खड्का, प्रशासकिय अधिकृत अर्जुन सुवेदी, मधुवनका मेयर गणेश केसी तथा पीडित महिला र उनका श्रीमान्सहितको टोलीले बनारसका एसएसपी आनन्द कुलकर्णीलाई घटनाका सम्बन्धमा जानकारी गराएका थिए । मधुवनकी ती महिला, गैरसरकारी संस्था सेभ बनारसका सिंह तथा उनकी पत्नी इन्दिरासहित सादा पोशाकका प्रहरीले महिलाहरूलाई बन्धक बनाइएको घरको पहिचान गरेका थिए । एसएसपी कुलकर्णीले बिहानै सर्च गर्ने भनेर नेपाली अधिकारीहरूलाई त्यहाँ पठाएका थिए भने मध्यरातमा एक्कासि छापा मार्न भन्दै सयभन्दा बढी प्रहरी घटनास्थल पुगेका थिए ।

बर्दियाका प्रजिअ कुरुम्बाङले भारतीय दूतावास काठमाडौंमा सम्पर्क बनाएका कारण सोही राती ११ बजे एसएसपीसहितको टोलीले उक्त घरमा छापा मारेको थियो । स्रोतका अनुसार दलालले छापा मार्ने जानकारी पाएकाले सबै नेपाली महिला सहित त्यहाँबाट अन्यत्र स्थान्तरण भैसकेका थिए । सत्तारुढ भारतीय जनता पार्टीका स्थानीय नेताको घर तथा प्रधानमन्त्री नरेन्द्र मोदीको चुनावी क्षेत्र भएका कारण प्रहरीले जोखिम उठाउन नचाहेको स्थानीय बासिन्दा रवीन्द्र यादवले बताए । नेपाली अधिकारी आएका कारण छापा मारे पनि दलालले स्थानीय प्रहरीबाटै सूचना प्राप्त गरेको बताइन्छ ।

### दलालले यसरी पुऱ्याउँछन्

वैदेशिक रोजगारीको प्रलोभन दिँदै नेपाली तथा भारतीय दलालहरू नेपाल तथा भारतका गाउँ घरमा सक्रिय छन् । दलालले १ लाख रुपैयाँ तलब, निःशुल्क आवास, औषधी उपचार खर्चसमेत केही नलाग्ने भन्दै फकाएर भारत पुऱ्याएको भागेर आएकी एक महिलाले बताइन् । ती महिलाका अनुसार उनले श्रीमान्लाई जानकारी नदिई राहदानी बनाएकी थिइन् । यसरी बन्धक हुनेहरूमा घर-परिवारलाई समेत जानकारी नदिई आएका ९० प्रतिशत छन् । 'बन्धक भै मुक्त ती महिलाले भनिन्, 'बन्धक बनाइएका कतिपय युवती शारीरिक शोषणमा परेका छन् ।'

बनारसस्थित अन्तर्राष्ट्रिय नेटवर्क विनविनको मुख्यालय बन्धक बनाइएको घर नजिक छ जहाँ ९९ प्रतिशत कामदार नेपाली युवती छन् । नेपालमा प्रतिबन्धित विनविनको कार्यालय बनारसमा छ । बनारसस्थित भोजुवीर तिराहास्थित कमल गंगेज होटलमा बस्ने दुई नेपाली युवतीले आफूहरू बनारस घुम्न आएको बताए । उनीहरूसँग काठमाडौं घर बताउने कर्ण नाम गरेका नेपाली युवा थिए । प्रहरीले छापा मारेको जानकारी पाउनासाथ उनीहरू त्यहाँबाट भागेर अन्यत्र गएका थिए ।

भारतीय अधिकारकर्मी इन्दिरा सिंहका अनुसार अहिले विनविनसमेत शंकाको घेरामा छ । नेपाली चेलीहरू रोजगारीका नाममा बेचबिखन हुने गरेको सिंह बताउँछिन् । नेपाल सरकारले भारतीय सरकारसँग मिलेर विनविनका बारेमा चासो लिनुपर्ने सिंहले बताइन् ।

### पाँच कोठामा कोचेर बसियो

दलालबाट मुक्त भएकी ती महिलाका अनुसार १ सय ५० जनाभन्दा बढी महिलालाई पाँचवटा कोठामा कोचेर राखिएको थियो । हामी खुट्टामाथि खुट्टा चढाएर सुत्न बाध्य थियौं । पाँच जना गुण्डाले घेरेर राखेको कोठामा सास फेर्न निकै मुस्किल भएको बताउँदै ती महिला भन्छिन्, 'उक्त कोठामा राति गुण्डाले केही महिलाहरूमाथि शारीरिक दुर्व्यवहारसमेत गरेका थिए ।' नेपाली महिला दलाल सुन्दरीले गुन्डासँग कुनै महिला जान नमाने कुटपिट पनि गर्थिन् ।

### दलालविरुद्ध बर्दियामा मुद्दा

उद्धार भै घर फर्किएका दुई महिलाले दलालविरुद्ध मानव बेचबिखनको मुद्दा दिने भएका छन् । उनीहरूले कहिले बाँके र कहिले सर्लाही घर बताउने सन्दीप तथा दाङकी सुन्दरीविरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दिने बताएका छन् । अहिले ती अभियुक्तको हुलिया पत्ता लगाउने काम भैरहेको प्रहरी नायव उपरिक्षक युवराज खड्काले बताए । यसबीच बनारस प्रहरीले अन्तर्राष्ट्रिय विमानस्थलबाट खाडी मुलुकतर्फ जान नेपाली चेलीलाई प्रतिबन्ध लगाएको छ ।

## ३२ नेपाली मुक्त

नेपालबाट भारत हुँदै खाडीतर्फ पठाउन लागिएका १६ जना महिलालाई गत सोमबार राति दिल्लीको पहाडगन्जबाट मुक्त गराइएको छ । यसअघि गत आइतबार पनि दिल्ली प्रहरीले दिल्ली महिला आयोगकी अध्यक्ष स्वाती मालीवालको अग्रसरतामा वसन्त बिहार प्रहरी थानाक्षेत्रको मुनिरकाबाट १६ महिलालाई मुक्त गरेको थियो । एउटै समूहमा रहेका यी ३२ नेपाली महिलालाई खाडीका विभिन्न मुलुकमा अवैध तरिकाले पठाउने तयारी भैरहेको अवस्थामा मुक्त गराइएको हो । यसरी मुक्त भएका नेपाली महिलालाई नेपाल फर्काउन दिल्ली महिला आयोगले भारतस्थित नेपाली दूतावाससँग समन्वय गरिरहेको छ । १८ देखि ३० वर्ष उमेर समूहका ती महिलालाई गत साता बनारसबाट दिल्ली पुऱ्याइएको बताइन्छ । तीमध्ये १६ जना नेपाली महिलालाई मंगलबारै काठमाडौं पठाइएको थियो ।





KANTIPUR PUBLICATIONS PVT. LTD.
KMG
कान्तिपुर
को
स्वर्णपुर
2
बम्पर उपहार १ किलो सुन
हरेक महिना १० तोला सुन
हरेक साता १ किलो चाँदी
* सर्तहरू लागू हुनेछन्।
जित्नुहोस १ किलो सुन
अनि स्क्र्याच गरी जित्नुहोस् लाखौंका उपहारहरू
Skyworth
ल्यापटप
एल.इ.डी टि.भी.
स्मार्ट फोन
वाटर प्युरिफायर
इमर्जेन्सी लाइट
ब्लुटुथ स्पिकर
पावर बैंक
घडी
रू २०० देखि २५०० सम्मको नगद छूट
गिफ्ट भौचर
ग्राहक अवधि बाँकी रहेकाहरूले पनि समय बढाएर यस योजनामा सहभागी हुन पाउनुहुनेछ।
"जति छिटो ग्राहक बन्नुहुन्छ त्यति नै धेरै जित्ने मौका।"
थप जानकारीका लागि
एन.टि.सि.: 16600122222, 9851216800
एनसेल: 9801572222, 9801016850
उपत्यका भित्र: 9841166784 (शिशिर), 9851098944 (राम कृष्ण)
उपत्यका बाहिर: 9856044140 (शंकर), 9856025885 (राजेश, पोखरा)
9851072403 (लक्ष्मण, नेपालगंज), 9852029233 (सन्तोष, विराटनगर)
SMS SUB to 38080
कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नुहोस् र पाउनुहोस् हरेक महिना १० तोला सुन, हरेक साता १ किलो चाँदी लगायत लाखौंका उपहारहरू जित्ने मौका। एक जना भाग्यशाली विजेताले जित्नुहुनेछ बम्पर उपहार १ किलो सुन।
आजै कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नुहोस्।

पुस्तक अंश

# यसरी सारियो पूर्व युवराज दीपेन्द्रको दिल

दिवानी दीपेन्द्रसँग विवाह गर्न अत्यन्त लालायित थिइन् । त्यसका निम्ति दीपेन्द्रलाई त उनले काबुमा लिएर तयार गरेकै थिइन्, परिवारका सदस्यहरूलाई मनाउने सफलता भने उनलाई मिल्न सकेन । सचिवालयका कर्मचारी र अङ्गरक्षकहरूलाई आर्थिक सहयोग गरेर दिवानीले प्रभावमा पारेकी थिइन् । समय-समयमा दिवानीले दीपेन्द्रको सचिवालयका कर्मचारी तथा अङ्गरक्षकहरूलाई उपहार पनि दिने गर्थिन् ।

दीपेन्द्रको वरिपरि दिवानीले यस्तो घेरा निर्माण गरेकी थिइन, जहाँबाट दीपेन्द्र उम्कन सम्भव नै थिएन । दीपेन्द्रका हरेक गतिविधिको सूचना दिवानीकहाँ निरन्तर पुगिरहन्थ्यो । आफू चन्द्रशमशेर खलकको सन्तान भएकीले विवाह गर्न अस्वीकार्य भएको सुन्नुपर्दा उनी दुःखी र क्रुद्ध बन्थिन् र बारम्बार दीपेन्द्रलाई प्रश्न गर्थिन्, 'गोरखशमशेर पनि चन्द्रशमशेरपट्टिकै हुन् । छोरी (श्रुति) को विवाह चन्द्रशमशेरको खलकभित्र हुनसक्छ भने म किन मान्य हुन सक्दिनँ ?'




> 'ताराको घर राणाको घरनजिकै थियो । राणाकी छोरी दिवानी ताराको काखैमा हुर्किएकी थिइन् र उनी दिवानीलाई छोरी नै भन्थे । प्रियाभन्दा धेरै सुन्दरी देखिने दिवानीसँग कुनै तरिकाले दीपेन्द्रको बनिबनाउ निकटता बढाइदिन सके परिस्थितिले कोल्टे फेर्थ्यो कि भन्ने आशा तारामा पलाएको थियो । त्यसो त स्वयम् राणासँग पनि उनले दिवानीको विवाह युवराजाधिराज दीपेन्द्रसँग गराउनुपर्‍यो भन्ने गर्थे । राणालाई पनि आफू राजाको सम्धी बन्ने इच्छा नभएको होइन, तर प्रियासँग दीपेन्द्रको सम्बन्धका बारेमा राणालाई जानकारी थियो र उनी तारासँग भन्ने गर्थे, 'होइन तारा, युवराजको त प्रियासँग प्रेम छ र विवाह उसैसँग हुँदै छ भनेको होइन र ?''

दीपेन्द्र कुनै पनि तरिकाले दिवानीसँग विवाह गर्न चाहन्थे भन्ने तथ्य सबैको जानकारीमा छ, तर उनले ०५८ जेठ २० गते नागार्जुनमा विवाह गर्ने कार्यक्रम तय गरेको जानकारी भने सार्वजनिक हुन सकेको थिएन । जेठ २० गते शनिबार नागार्जुन पुगेर दिवानीसँग विवाह गर्न पुरोहितसमेत तय गरिसकेको जानकारी त्यसबेला दीपेन्द्रको सचिवालयमा कार्यरत खास-खास कर्मचारीलाई थियो । सौजन्यकुमार सुल्प्या जोशी यस कुराको जानकारी पाउनेहरूमध्ये एक हुन् ।

दिवानीसँग दीपेन्द्र लन्डनमा 'ए' लेभल अध्ययन गर्ने समयमै सम्पर्कमा आएका थिए । बेलायतमा दीपेन्द्र र दिवानीका स्थानीय अभिभावक एकै व्यक्ति थिए । सन् १९९६ मा अमेरिकाको एटलान्टामा ओलम्पिक खेल हुँदा दीपेन्द्र पनि रुक्मशमशेर राणासँगै त्यहाँ पुगेका थिए । त्यतिबेला दिवानीले पनि अमेरिका आउने वचन दिएकी थिइन् तर उनी पुगिनन् । दिवानीको अनुपस्थितिका कारण दीपेन्द्र निकै खिन्न बनेको महसुस त्यहाँ उपस्थितहरूले गरेका थिए । त्यतिबेला नेपाली टोलीमा रहेका केही व्यक्तिहरूसँग दीपेन्द्रले आफू पाइलट बन्ने र दिवानीसँग विवाह गरी बाहिरी मुलुकमै बसोबास गर्ने इच्छा व्यक्त गरेका थिए ।

सन् २००० मा अष्ट्रेलियामा सम्पन्न ओलम्पिक खेल हेर्न युवराज दीपेन्द्र पनि पुगेका थिए । दीपेन्द्रको उपस्थितिले खेलाडीहरूको उत्साह निकै बढाएको महसुस गरिएको थियो । युवराज दीपेन्द्र खेलाडी बसेका होटलको कोठा-कोठामा पुग्थे र भन्थे, 'ल है भाइ, देशको नाम राख्नुपर्छ, तिमीमाथि ठूलो भरोसा छ ।' सकेसम्म खाना पनि खेलाडीहरूसँगै खान चाहन्थे । खानाको समयमा ठट्टा-मजाक गरेर सबैलाई हँसाउँथे र खेलमा विजय प्राप्तिका निम्ति प्रोत्साहन पनि दिन्थे ।

यसरी अरूलाई हँसाउने दीपेन्द्र एक्लै हुँदा भने निकै दुःखी र भावुक बन्थे । बारम्बार कसैलाई फोन गरिरहन्थे र 'आउने होइन भनेको' भनिरहन्थे । आउनुपर्ने ती को थिए त्यसको जानकारी कसैलाई थिएन तर, 'ती कोही' नआएका कारण युवराजको बेचैनी बढेको थियो, यसको महसुसचाहिं धेरैले गरेका थिए । ओलम्पिक टोली अस्ट्रेलिया पुगेको पाँच दिनपछि दीपेन्द्र बसेको होटेलमा अचानक दिवानी देखा परिन् । दीपेन्द्रले उनलाई रिसेप्सनमै आएरस्वागत गरेका थिए । दिवानी आफ्ना निम्ति बुक गरिएको कोठामा बसिन् । त्यसपछिका दिनमा दीपेन्द्रको खेलाडीहरूका बीचमा देखिने क्रम घट्यो र उनको बेचैनी पनि हटेको महसुस गर्न सकिन्थ्यो ।

एक महिना लामो ओलम्पिक खेलका क्रममा दीपेन्द्रले पूरै समय अस्ट्रेलियामा बिताए । दिवानीले भने खेल सकिनुभन्दा तीन दिन अघि नै अस्ट्रेलिया छोडेकी थिइन् ।

०००



श्री ५ महाराजाधिराजको एक समयका अङ्गरक्षकहरू तारा र शान्तकुमारबीच सम्बन्ध राम्रो थिएन । राजाको नजिक बनेर शक्ति अभ्यास गर्ने प्रतिस्पर्धाले उनीहरूलाई एक-अर्काको 'दुस्मन' बनाएको थियो । श्री ५ मुमा बडामहारानी रत्नको रङ्गरक्षक थिए- प्रदीप । प्रदीपकी छोरी प्रिया सेन्टमेरिज स्कुलमा पढ्थिन् र बेलाबेलामा आफ्ना पितालाई भेट्न नारायणहिटी दरबार जाने गर्थिन् । यसरी दरबार जाने क्रममा विद्यालय पढ्दै गरेका युवराज दीपेन्द्रसँग उनको बारम्बार भेट हुन थाल्यो । उनीहरू निकै नजिकका बालसखा बने जुन पछि गएर प्रेममा परिणत भयो, सोह्र वर्ष पुग्दा-नपुग्दै उनीहरूले एक-अर्काबिना बाँच्नै नसक्ने अवस्था महसुस गर्न थालेका थिए । यसैक्रममा दीपेन्द्रले आफ्नो पाखुरामै प्रिया नामको टाटु बनाएका थिए ।

मुमा बडामहारानी रत्न भावी महारानी आफूले चाहेको व्यक्ति बन्नुपर्छ भन्ने सोचाइमा थिइन् र उनको चाहना प्रदीपपुत्री प्रिया नै थिइन् । रत्न र प्रदीपको योजनामुताबिक युवराज दीपेन्द्र र प्रियाबीच नियमित भेटघाटको चाँजोपाँचो मिलाइएको थियो । दुईबीचको प्रेमबाट मुमा बडामहारानी रत्न सर्वाधिक खुसी थिइन् । यसरी प्रियासँग दीपेन्द्रको विवाह हुने सम्भावना बढ्दै गएपछि दरबारभित्र त्यसको व्यापक चर्चा हुन थाल्यो । प्रियासँग दीपेन्द्रको निकटता बढेको शाही अङ्गरक्षक तारालाई भने पटक्कै मन परिरहेको थिएन । भविष्यमा प्रिया महारानी बन्नु भनेको दरबारमा शान्तकुमारको चकचकी बढ्नु हो भन्ने ताराको ठम्याइ थियो । त्यसैले ताराबहादुर कुनै पनि हालतमा प्रियासँगको विवाहमा अवरोध सिर्जना गर्नुपर्छ भन्ने योजनाबद्ध प्रयासमा थिए ।

ताराको घर राणाको घरनजिकै थियो । राणाकी छोरी दिवानी ताराको काखैमा हुर्किएकी थिइन् र उनी दिवानीलाई छोरी नै भन्थे । प्रियाभन्दा धेरै सुन्दरी देखिने दिवानीसँग कुनै तरिकाले दीपेन्द्रको बनिबनाउ निकटता बढाइदिन सके परिस्थितिले कोल्टे फेर्थ्यो कि भन्ने आशा तारामा पलाएको थियो । त्यसो त स्वयम् राणासँग पनि उनले दिवानीको विवाह युवराजाधिराज दीपेन्द्रसँग गराउनुपर्‍यो भन्ने गर्थे । राणालाई पनि आफू राजाको सम्धी बन्ने इच्छा नभएको होइन, तर प्रियासँग दीपेन्द्रको सम्बन्धका बारेमा राणालाई जानकारी थियो र उनी तारासँग भन्ने गर्थे, 'होइन तारा, युवराजको त प्रियासँग प्रेम छ र विवाह उसैसँग हुँदै छ भनेको होइन र ?'

'हो राजा, तर स्थिति बदल्न पनि त सकिन्छ । स्वयम् महाराजाधिराज पनि अरू कसैसँग प्रेममा होइबक्सन्थ्यो र कुनै पनि हालतमा चाँद नामकी ती महिलासँग विवाह गर्ने सोचमा होइबक्सन्थ्यो, तर परिस्थिति यसरी परिवर्तन भयो कि महाराजाधिराज ऐश्वर्य सरकारसँग विवाह गर्न बाध्य होइबक्स्यो । पहिलेकी प्रेमिकासँग प्रेम टुटेको पनि थिएन, बडामहारानीलाई महाराजाधिराजले आफ्नी पूर्वप्रेमिकाको नामसँग मिल्ने गरी 'चाँदनी'नाम दिइबक्सेको थियो र सोही नामले बोलाइबक्सन्थ्यो । यसबाट पनि पुष्टि हुन्छ कि राजपरिवारमा जोसँग प्रेम भयो उहीसँग विवाह हुन्छ भन्ने छैन,' ताराले भनेका थिए ।

'त्यसो भए के गर्ने त ?' राणाजीले प्रश्न गरे ।

'जे-जसो गर्नुपर्ने हो मै गर्छु, हजुर साथ मात्र दिइबक्स्योस्,' ताराले राणाजीलाई आश्वस्त पार्दै भने ।

राणाजी पत्नीसँग डराउँथे । पत्नीको स्वीकृतिबेगर उनले केही गर्न सक्थे भने त्यो एउटै काम थियो, बाथरुम जाने ।

छोरीको विवाहजस्तो कुरामा पत्नीको सहमति अनिवार्य हुनैपर्ने मान्थे राणाजी । त्यसैले ताराको कानैमा मुख जोडेर दायाँबायाँ आँखा घुमाउँदै उनले भने, 'अनि हाम्री घरकी महारानीलाई पनि सहमत गराउनुपर्‍यो नि ।'

'ए त्यो सब म गरिहाल्छु नि, हजुर ढुक्क होइबक्स्योस्,' ताराले विश्वास दिलाउँदै भने ।

राणाजीलाई विश्वासमा लिएको केही दिनपछि ताराले महाराजगञ्जस्थित आफ्नो निवासस्थानमा रात्रिभोजको आयोजना गरे । रात्रिभोजमा युवराज दीपेन्द्र, केही उनका साथी, राणाजीकी छोरी दिवानी र ताराका आफ्नै केही विश्वासप्राप्तहरूलाई आमन्त्रण गरिएको थियो । बेलुका ६ बजे सुरु भएको रात्रिभोजमा सहभागी हुन दिवानी पूरै लाल वस्त्रमा सजिएर पुगेकी थिइन् । 'रातो सेट' मा रहेकी दिवानी बत्तीको प्रकाशमा चन्द्रमाजस्तै धपक्क बलिरहेकी थिइन् । दीपेन्द्रको आँखा दिवानीमाथि के परेको थियो त्यसपछि अन्त कतै सर्दै सरेन । कुराकानी अरू कसैसँग भइरहेको हुन्थ्यो, युवराजको आँखा भने दिवानी भएतिर मात्र स्थिर ।

यसरी हेरिरहेका युवराजको आँखासँग घरिघरि दिवानीको नयन परस्पर हुन्थ्यो । दिवानीले दीपेन्द्रतिर आँखा सार्दा आफ्नो हृदयमा कसैले तीर चलाएझैं झट्का महसुस गर्थे दीपेन्द्र । त्यसपछि 'हाउ आर यू ? भन्दै दीपेन्द्र दिवानीको समीप पुगे र उनको प्रशंसा गर्न थाले । दिवानी लजाइन् र भुँइतिर हेर्दै अंग्रेजीमा 'धन्यवाद' भनिन् ।

ज्यादा आक्रामक देखिनु उचित ठानेनन् दीपेन्द्रले, 'विल सी अगेन' भन्दै दिवानीबाट केही टाढा पुगे । राति १२ बजेसम्म भोज चलिरह्यो, मौका मिल्नासाथ दीपेन्द्र र दिवानी एक-अर्कालाई नयनवाण चलाउन चुक्दैनथे । १२ बज्नै लाग्दा दीपेन्द्रले तारालाई यसो कुनातिर लगेर केही भने र त्यसपछि सबैसँग बिदा भएर दीपेन्द्र बाहिरिए । दीपेन्द्र बाहिरिँदै गर्दा दिवानीको अनुहार उनी आफैले थाहै नपाई यसरी मलीन हुन पुग्यो कि जसरी बादलले ढाक्दा चन्द्रमाको मुहार अँध्यारिन्छ । दीपेन्द्रले पनि आँखैआँखाले दिवानीसँग विशेष बिदा मागेको त्यहाँ उपस्थित सबैले बुझेका थिए ।

**(नारायणहिटी राजदरबार हत्याकाण्डबारे पत्रकार देवप्रकाश त्रिपाठीको अनुसन्धानमा आधारित पुस्तक 'महानिशा'को अंश)**

कविता

## गुलाफहरू फुल्छन् कि फुल्दैनन् ?

*अम्बरिश पोखरेल*

मेरो देशको सुन छोडेर त्यहाँ,
हीराको खोजीमा,
आफ्नै जिन्दगी बेचेर,
पैसाको खोजीमा,
मुग्लान भित्र पनि,
जिन्दगीको खोजीमा
वर्षौंदेखि संकलित सम्झनाहरू बोकेर,
तरबारको धार माथि,
कोमल मन फिँजाएर,
अरे, कस्तो सपनाको
खोजीमा छ जिन्दगी ?
यहाँ हिउँका रछ्यानहरूमा,
गुलाफहरू फुल्छन्
तर गुलाफ राख्न,
गमलाको खोजीमा छ जिन्दगी,
आँगनभरि ढुकुर उडाएर,
जंगलतिर परेवाको खोजीमा छ
जिन्दगी ।

# सदाबहार जिन्स





तस्बिरहरू : एजेन्सी

महेश तिमल्सिना


जिन्स सदाबहार रूपमा लोकप्रिय छ। जिन्स जुनसुकै मौसममा पनि लगाउन सकिन्छ। नेपाली युवाहरूमा पनि जिन्सको मोह उत्तिकै छ। जिन्सका पहिरन बालकदेखि वृद्धासम्मले रुचाउँदै आएका छन्। जिन्सले युवाहरूमा एउटा छुट्टै छाप छाडेको छ। युवाहरूमा जिन्सका कोट, पाइन्ट, ज्याकेट तथा महिलाहरूमा पाइन्ट, स्कर्ट, कोट आदि लोकप्रिय छन्। जिन्सका आइटम जाडोको तुलनामा गर्मीमा बढी रुचाइन्छ। गर्मी मौसममा जिन्सको ट्रेन्ड कस्तो छ, कस्तो रङले बजार पाएको छ ? कुन आइटम ट्रेन्डमा छ ? जिन्स डिजाइनर सुनिल महर्जनको धारणाः

### गर्मीमा हल्का रंग

गर्मी मौसममा जिन्सका आकाशे तथा हल्का रंगका पहिरन ट्रेन्डमा आउँछन्। कतिपयले कालो रंग पनि प्रयोग गरिरहेका हुन्छन्, तर कालोले घाम सोस्ने भएकाले यो मौसममा धेरैले कालो जिन्स रुचाउँदैनन्। युवाहरूमध्ये धेरैले हल्का रंगको जिन्स प्रयोग गर्छन् भने उमेर ढल्किएकाहरूले गाढा रंगका जिन्स रुचाउँछन्।

### जिन्सको स्टाइल

जिन्सको स्टाइल समय-समयमा परिवर्तन भैरहन्छ, तैपनि गर्मीमा धेरै जसो ह्याभी ग्रन्च पाइन्ट रुचाइन्छ। ग्रन्च पाइन्ट एक हिसाबले स्टाइलिस र गर्मी मौसममा सितल हुने भएकाले पनि चलनचल्तीमा छ। यस्तै, बढी वास भएका जिन्स युवाहरूको रोजाइमा पर्छन्। अधवैंसेहरूले भने ग्रन्च र धेरै वास भएका पहिरन रुचाउँदैनन्। उनीहरू गाढा रंगमा फर्मल लुक्स भएका जिन्स प्रयोग गर्छन्।



### जिन्सको ट्रेन्ड

युवायुवतीहरूमा अहिले स्किनी जिन्सको फेसन ट्रेन्डमा छ। यसमा स्ट्रेचेवल फेब्रिकमा लाइक्रा मिसिएको हुन्छ। जसले गर्दा टाइट फिटिङ लगाउँदा पनि सहज हुन्छ। अझ भन्ने हो भने यो फेब्रिकको पाइन्टमा मोटरसाइकल चलाउन तथा हिँडडुल गर्न निकै सहज हुन्छ। स्ट्रेचेवल लगाउन पनि सहज हुने भएकाले यतिबेला बालकदेखि वृद्धसम्ममा यिनै आइटम ट्रेन्डमा छ।

### युवतीहरूमा हट पाइन्ट

यतिबेला युवतीहरूमा हट पाइन्ट ट्रेन्डमा छ। युवतीहरूले धेरैजसो हल्का रंग नै रुचाउँछन् भने त्यसमा हाफ पाइन्ट, पाइन्ट, हाइवेस्ट, स्कर्ट आदि रुचाइन्छ।

### जिन्सका डिजाइन

नेपाली बजारमा हाल ग्रन्च, स्किनी स्ट्रेचेवल, बुट कट डिजाइनका जिन्स उपलब्ध छन्। यीमध्ये पनि ग्रन्च डिजाइनका पहिरन बढी लोकप्रिय छन्।

### जिन्सका पहिरन किन्दा ध्यान दिनुपर्ने कुराहरू :

- गर्मी मौसममा शरीरमा टाँसिने भन्दा पनि अलि लुज जिन्स लगाउन सहज हुन्छ।
- पातलो अनि स्ट्रेचेवल फेब्रिक प्रयोग भएका जिन्स खरिद गर्नु उपयुक्त हुन्छ।
- जिन्स खरिद गर्दा रंगमा पनि ध्यान पुऱ्याउनुपर्छ। भरसक कालो अथवा गाढा भन्दा पनि उज्यालो रंगका जिन्स किन्नु बुद्धिमानी हुन्छ।
- जिन्सका पहिरन किन्दा ध्यान दिनुपर्ने भनेको त्यसको वास हो। आफूले किन्न लागेको जिन्स केमिकल वा स्टोन वास के गरिएको छ थाहा पाउनुपर्छ। केमिकलले वास गरिएको जिन्स धुँदा रंग जान्छ। त्यसैले स्टोन वास भएकै जिन्स खरिद गर्नु राम्रो हो।

## जिन्स लगाउँदा ध्यान दिनुपर्ने कुरा

- सबै वर्गकाले जिन्स लगाउँछन्।
- आकर्षक देखिने भएकाले जिन्स सबैको रोजाइमा पर्छ।
- धेरैजसोले टाइट जिन्स लगाउँछन्। टाइट जिन्स लगाउँदा नसासम्बन्धी समस्या सिर्जना हुनसक्छ।
- टाइट जिन्स लगाउँदा रक्त प्रवाहमा असर पर्न गै तिघ्रामा पीडा हुन सक्छ।
- टाइट जिन्सले मांसपेशी तथा जोर्नीमा असर पार्न सक्छ।
- लामो समयसम्म टाइट जिन्स लगाएर हिँडे दीर्घकालीन रूपमा हिपमा असर पर्न सक्छ।

### जिन्स खरिद गर्दा

- बजारमा दुई दर्जनभन्दा बढी जिन्सका ब्रान्ड छन्।
- जिन्स खरिद गर्नुअघि त्यसमा प्रयोग गरिएको फेब्रिकका बारेमा जानकारी लिनु राम्रो हुन्छ।
- टिपिक्क टाँसिने भन्दा लुज र खुट्टा चलाउन सहज हुने किसिमको जिन्स खरिद गर्नुपर्छ।
- जिन्स किन्दा रंगमा ध्यान दिनुपर्छ। काममा जाँदा गाढा रंग तथा घुम्न जाँदा हल्का रंगको जिन्स लगाउनु उपयुक्त मानिन्छ।



## ग्रन्च हाफ पाइन्ट, क्रप टिसर्ट र नेट लङ बुट

बजारमा अहिले चलेको आइटम हो– ग्रन्च जिन्स हाफ पाइन्ट। यो पाइन्टभन्दा थोरै माथिसम्म आउने क्रप टिसर्ट लगाउने चलन छ। यस्तो हाफ पाइन्ट र टिसर्टसँग नेट कटेड बुट म्याच हुन्छ। अहिले बजारमा चलेको पनि यही नै छ।

यसमा दुई किसिमका क्रप टिसर्ट बढी रुचाइएका छन्। एउटा साधारण क्रप र अर्को एकापट्टि पाखुराभन्दा मुनिसम्म झरेको। केही स्टाइलिस हुन मन पराउनेहरूले पाखुरामुनिसम्म झरेको क्रप रोज्ने गरेका छन्। क्रपसँग कटनका विभिन्न रङका हाफ पाइन्ट म्याच गरेर लगाउने ट्रेन्ड पनि छ। जिन्स हाफ पाइन्ट मन नपराउनेहरूको रोजाइमा कटनको हाफ पाइन्ट परेको पाइन्छ।

हलिउडको नक्कलमा रमाउने काठमाडौंका फेसनेबल युवतीहरू नै क्रप टिसर्ट, ग्रन्च हाफ पाइन्ट तथा लङ स्पोर्ट्स सुजका पारखी हुन्। कतिपय युवती यसमा अझ स्टाइल थप्न हाफ पाइन्ट छोपेर घुँडासम्म आइपुग्ने लङ आउटर लगाउन रुचाउँछन्।

आभानी सिंह
*आभानी अपरेल्स, सिटी सेन्टर*

### मूल्य

क्रप टिसर्ट
१ हजार ८ सयदेखि ५ हजार रुपैयाँसम्म

हाफ पाइन्ट
२ हजार ४ सयदेखि ४ हजार ५ सय रुपैयाँसम्म

नेट कटेड बुट
६ हजारदेखि ८ हजार रुपैयाँसम्म

लङ आउटर
२ हजारदेखि ८ हजार रुपैयाँसम्म



# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

## मेष

अध्ययनको सिलसिलामा विदेश यात्रा हुनसक्छ। भ्रमणका क्रममा नातेदारहरूसित भेटघाट होला। व्यवसायिक क्षेत्रमा सुधार आउनेछ। धातुको कारोबार लाभदायक देखिन्छ। पहेलो रंग प्रयोग गर्न सके बोलीको प्रभाव बढ्नेछ। परोपकार तथा दान पूण्यले मानसिक शान्ति प्रदान गर्नेछ।

## वृष

सफलता हात पार्न थप मेहनतको आवश्यकता छ। प्रेमी-प्रेमिकाबीचको योजना ओझेलमा पर्न सक्छ। अभिभावकको सुझाव आत्मसात् गर्दा आर्थिक क्षतिबाट उम्कन सकिनेछ। अर्काको देखासिकी गरी पहुँच तथा क्षमताले नभ्याउने काममा समय खर्चंदा पछि परिएला।

## मिथुन

सामूहिक लगानीबाट भनेजस्तो मुनाफा पाइनेछैन। अवसरको खोजीका क्रममा विदेश यात्रा हुने सम्भावना छ। जटिल समस्याहरू सुल्झाउँदै धेरैको प्रशंसा बटुल्न सकिनेछ। अनुशासन तथा मर्यादा पालन नगर्दा विवाद निम्तिने खतरा छ। साताको अन्त्यतिर प्रेम प्रस्ताव प्राप्त हुन सक्छ।

## कर्कट

अवरोध खडा गर्नेहरू सक्रिय भए पनि हिम्मतका साथ काममा जुट्नुहोला। प्रतिस्पर्धीहरूलाई उछिन्दै विशेष उपलब्धि हात पार्न सकिनेछ। राम्रै आम्दानी हुने रोजगारी प्राप्त होला। अरूलाई वचन दिँदा अप्ठ्यारोमा परिएला। सप्ताहन्तमा लक्ष्य प्राप्त गर्न सकिनेछ।

**यो साता**

साउन २० गते
अन्तर्राष्ट्रिय मित्रता दिवस

साउन २२ गते
एकादशी

साउन २४ गते
अन्तर्राष्ट्रिय आदिवासी दिवस

## सिंह

अवसरका लागि शक्तिशाली व्यक्तिहरूसँग प्रतिस्पर्धा हुन सक्छ। बुद्धिको सहायताले अधिकार एवं प्रतिष्ठा जोगाउन सकिनेछ। परिवारजनको भावनाप्रति वेवास्ता गर्दा समस्या देखा पर्नेछ। गल्ती सच्याउने प्रयत्नले गुमेको प्रतिष्ठा दिलाउनेछ। मन एकाग्र रहनुका साथै अध्ययनमा प्रगति हुनेछ।

## कन्या

पाहुनासँग रमाउँदै विशेष परिकारको आनन्द लिन पाइनेछ। पहिरनमार्फत अरूको मन लोभ्याउन सकिनेछ। दिगो लगानीले गतिलो आम्दानी दिनेछ। रोकिएका काममा पुनः प्रयत्न गर्दा सफलता हात पर्नेछ। विपक्षीले स-साना त्रुटि औंल्याउन सक्छन्। साताको अन्त्यतिर फजुल खर्चले पिरोल्नेछ।

## तुला

संयमताका साथ निर्णय गर्नु उचित हुन्छ। राम्रा अवसर एवं शुभ समाचारले सातालाई अनुकूल बनाउनेछ। अभिभावकको वचन परिर्वतनले मनमा चोट पुग्न सक्छ। मन परिवर्तन भै महत्वपूर्ण भेटघाटमा लाग्ने प्रेरणा प्राप्त हुनेछ। स-साना झमेला भने आइलागिरहने छन्।

## वृश्चिक

दुविधापूर्ण मनस्थितिमा गरिएका कार्यमा अपजसको भागी हुनुपर्ला। सरोकार नभएका विषयमा ध्यान नदिनु नै उचित हुन्छ। गोप्य सूचनाहरू बाहिरिनाले मर्यादामा आँच आउन सक्छ। फजुल खर्च हुने सम्भावना छ। परिस्थितिको हेक्का राखी चुनौतीलाई अवसरका रूपमा शिरोधार्य गर्नुमै आफ्नो भलो छ।

## धनु

नयाँ क्षेत्रमा पद बहाल गर्ने अवसर प्राप्त हुन सक्छ। प्राप्त अवसरले थप मेहनतको अपेक्षा गरेको छ। जीवनशैलीमा परिवर्तन ल्याउनुपर्ने बाध्यता सिर्जना हुनेछ। पूण्य आर्जनमा समेत समय खर्च गर्नुपर्ने अवस्था छ। पहेंलो रंगले कार्य सम्पन्न गर्न ऊर्जा प्रदान गर्नेछ। खानपानमा विशेष ध्यान दिनुहोला।

## मकर

धेरैको मन जित्न सकिनेछ। पहिलेका समस्या सुल्झाएर परिस्थिति अनुकूल बनाउन सकिनेछ। आध्यात्मिक ज्ञान प्राप्त गर्ने अवसर जुट्न सक्छ। आम्दानीको दिगो स्रोत फेला पर्नुका साथै सवारी साधनसमेत जुटाउन सकिनेछ।सञ्चित धन खर्च भै आर्थिक संकट निम्तिने कुरा अस्वीकार गर्न सकिँदैन।

## कुम्भ

हतारमा गरिएको कामले उल्टो परिणाम दिन सक्छ, धैर्यतालाई महत्व दिनुहोला। प्रतिस्पर्धामा सफलता हात पर्नेछ। अचानक प्रेम प्रस्ताव प्राप्त हुनसक्छ, परिस्थितिअनुरूप निर्णय गर्नुहोला। सेतो रंगको प्रयोगले बढी फाइदा दिलाउनेछ। मंगलबारपछि महत्वपूर्ण काम सम्पन्न हुनेछन्।

## मीन

परिस्थितिअनुसार अघि बढ्नुहोला। नियमित कार्यहरू ओझेलमा पर्न सक्छन्, त्यसमा तदारूकताको आवश्यकता पर्नेछ। साताको अन्त्यमा विशिष्ट व्यक्तिहरूसँगको भेटघाटमा नौला कुरा सिक्ने अवसर जुट्नेछ। पहेंलो वस्त्रको प्रयोगले उन्नतिको मार्ग पहिल्याउन सहज बनाउनेछ।

**अब हाम्रो पालो**

# सामाजिक सञ्जालमा किन अरूको उछित्तो काडिन्छ ?

बेरोजगारी बढी भएर हो नि ! कुनै एउटाको पक्ष लागेर अर्को पक्षको उछित्तो काट्दा के थाहा कुनै दिन साथ दिएको पक्षले कुनै बम्पर उपहार नै दिन्छ कि ?

**दीपक तामाङ**

के गर्नु ? काम छैन, दिन कटाउनैपर्‍यो, खाको पचाउनै पर्‍यो अनि त्यति नि नगरे के गरून् त ?

**मिनेस राजभण्डारी**

अगाडि बोल्न नसक्नेहरूले सामाजिक सञ्जालकै सहारा लिन्छन्।

**अरुण अरुण**

उनीहरूले उछित्तो काट्ने मा हुन्। यी विचारहरू सामाजिक सञ्जालबाट बाहिर आउन सक्दैनन् अनि गर्न पनि केही गर्दैनन्।

**अरुण चौधरी**

काम नपाएर, बेरोजगार भएर।

**बल गिरी**

काम नपाएपछि अरू के गर्नु त ?

**गणेश दाहाल**

तर्क-वितर्कका क्रममा अनेक धारणा आएर त्यस्तो भएको हो।

**ब्रबिम**

धेरैजसो नेपाली बेरोजगार भएकाले।

**अजित लामा**

अर्काको उछित्तो काट्दा मज्जा आउने भएर हो कि ?

**लोकेन्द्र कठायत**

हातले नभेटेर, डर नलागेर।

**शेषराज भट्टराई**

नेपालीहरू बेरोजगार छन्। सानो काम गरे पनि दैनिक १ हजार रुपैयाँ कमाइन्छ, तर उनीहरू गफ गरेरै समय बिताउँछन्।

**अमृत महर्जन**

नेपालमा काम छैन। त्यसपछि अरू काम नै के छ र ?

**डल्ली कान्छी**

तर्क त गर्नैपर्छ। विवेकशील त्यसैलाई भनिन्छ अन्यथा मूर्ति भएर बसे भैहाल्यो नि।


**जेपी नेम्बाङ**

नराम्रो काम गर्नेलाई गाली गर्नैपर्‍यो नि।

**आरके पुर्बेली**

उछित्तो नकाटेर के घाँटी काट्नु त ?

**डी चिरञ्जीवी**



मोडल : रोजि गिरी

> यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । उत्तर चिठ्ठी वा एसएमएस मार्फत पठाउन सकिनेछ ।
> १. सामाजिक सञ्जालमा मानिसहरुलाई अरुको उछितो काढ्न किन मज्जा लागेको होला ?

मानिसहरू बढी फुर्सदिलो भएर।

**पोखरेल सभि**

बेरोजगार भएको केही त फाइदा लिनुपर्‍यो नि हजुर।

**शर्मा सुरज**

मानिसहरू धेरै फुर्सदिलो भए क्या।

**सुभास राई**

आफ्नै उछित्तो काट्ने कुनै महामानव भेटेको छैन मैले। उछित्तो काट्ने भनेकै अर्काको हो।

**विजय सर**

उछित्तो काट्ने नै अरूको हो नि। आफूलाई ठूलो बनाउने सजिलो उपाय भनेकै अर्काको आलोचना गर्नु हो।

**निराकार**

मानिसहरू आफ्नो उछित्तो काट्न नसकेर अर्काको उछित्तो काट्छन्।

**डियर विद्या**

सामाजिक सञ्जाल चलाउन थालेपछि हँसियाले घाँस काट्न बिर्सिए मानिसहरूले। त्यही भएर अरूको उछित्तो काट्छन्।

**मोहन पल**

समाज, छरछिमेक होस् वा सामाजिक सन्जाल जहाँ जहिल्यै अरूको उछित्तो काट्ने काम हुन्छ। साँच्ची अचम्म छ है !

**सुनिल निरौला**

अरूको आङ्गको भुसुना देख्ने तर आफ्नो आङ्गको भैंसी नदेख्ने भएर हो कि !

**युनिक अनुपम**

सामाजिक सञ्जाल क्रमश : असामाजिक बन्दै गएको छ। प्रयोगकर्ताहरूले आफ्नो दायरा बिर्सन थाले। त्यसैले यस्ता घटना वृद्धि भएका हुन्।

**आशिष**

सामाजिक सञ्जालबाट राम्रा काम पनि भएका छन्। यद्यपि राम्रा कुराको प्रचार कमै हुन्छ। नकारात्मक कुरा चाँडै फैलन्छ।

**कल्याणी धिताल**

मानिसहरूले आफ्नो मन हलुंगो बनाउन तथा रिस पोख्न सामाजिक सञ्जालमा अर्काको उछित्तो काट्छन्।

**किशोर गौतम**


**नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना**

CTEVT बाट मान्यता प्राप्त २३ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको ब्युटीसियन कोर्षहरुमा प्रशिक्षण गराउने: Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरुका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो।



* * * * * * * * * * * * * * * * * * * * *

**नोट:** यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन्।

**ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८,** ठमेल: ४२१५६२८, लगनखेल बसपार्क: २१२२४४८, चावहिलचोक: ४४९३३६१, नयाँबानेश्वर: २०४२६५२, कोटेश्वरचोक: ४६०००१५, कलंकीचोक: ५२३४४८९, गोंगबुचोक: ४०२००९९, बुटवल: ०७१-५४१४६९, नारायणगढ: ०५६-५७२१४४, पोखरा: ०६१-६२२०९५, बाग्लुङ्ग: ०६८-५२२७१०, इटहरी चोक: ०२५-५८७१७५, दाङ घोराही: ०८२-५६३६११, बिर्तामोड: ०२३-५४६५२९

## यौन जिज्ञासा र समाधान



डा. राजेन्द्र भद्रा

म २७ वर्षीय अविवाहित युवक हुँ । मेरो समस्या fast nightfall हो, अर्थात् २-३ मिनेटपछि नै fall हुन्छ । त्यसकारण यो छोटो समय कसरी रोक्ने र कसरी समय लम्ब्याउने ? मेरो लिंग पनि रातो भएर दुख्छ ।

पी.



यौनसम्बन्धी कुरालाई हामी सचेत मनले मात्र गर्ने कुरा हो भन्ने मान्छौं, तर यो हामी निदाएको बेला पनि निरन्तर रूपमा चलिरहन्छ । निदाएका बेला पनि लिंग उत्तेजित हुन्छ वा यौन क्रियाकलापमा संलग्न भएको सपना देखिन्छ । यस्तो प्रायःजसो पहिलो पटक किशोरावस्थामा हुन्छ र त्यसले व्यक्तिमा यौनको विकास राम्रोसँग भैरहेको संकेत गर्छ । यही क्रममा कतिपय व्यक्तिले यौन चरमसुख समेत प्राप्त गर्छन् । यसरी निदाएका बेला सपनामा यौन क्रियाकलापमा संलग्न भएर वीर्य स्खलन हुनुलाई बोलीचालीको भाषामा स्वप्नदोष भनिन्छ । अंग्रेजीमा भने wet dreams, night fall वा nocturnal emmisions जस्ता शब्दको प्रयोग यही अवस्थालाई वर्णन गर्न गरिन्छ । निदाएका बेला हुने भएकाले यसलाई छोटयाउने वा लम्ब्याउने कुरा सचेत भएका बेलाजस्तो आफ्नो नियन्त्रणमा हुँदैन ।

### शीघ्र वीर्य स्खलन

प्रायः सबैजसो पुरुषले आफ्नो जीवनको कुनै समयमा वीर्य स्खलन छिटो भएको अनुभव गरेका हुन्छन् । योनिमा घर्षण नै गर्न नपाई वीर्य स्खलन हुने समस्या पुरुषहरूमा देखिने यौनसम्बन्धी समस्यामध्ये सबैभन्दा बढी पाइने समस्या हो ।

यसको पक्का कारण यही नै हो भन्न सकिने अवस्था नभए पनि अहिले शीघ्र स्खलनको मूल कारण मानसिक नै भएको मान्न थालिएको छ । कतिपय मानिसमा यौनसम्पर्क वा क्रियाकलापमा 'राम्रो' गर्न नसक्नु गम्भीर चिन्ताको कारण हुनसक्छ । आफ्नो यौन जोडीलाई सन्तुष्ट तुल्याउन सक्दिनँ कि भन्ने चिन्ता (performance anxiety) भए त्यसले समस्या थप चर्काउँछ । विरलै भए पनि केही psychotropic drug को प्रयोगले यस्तो समस्या सिर्जना भएको त होइन भनेर पनि केलाउन बिर्सनु हुँदैन ।

शीघ्र वीर्य स्खलन हुँदा यौन सन्तुष्टि प्राप्त गर्न सकिँदैन । धेरैजसोले यौन सम्पर्क राखे पनि शीघ्र वीर्य स्खलन हुनुलाई पुरुषको यौन कार्य सक्षमताका रूपमा लिन्छन् र एक-अर्कालाई दोष दिँदा सम्बन्धमै चिसोपन सिर्जना हुनसक्छ । वीर्य स्खलनमा मात्र केन्द्रित गरेर यौनसम्पर्क नराखी पाक्क्रीडाजस्ता क्रियाकलाप पनि गरे यो समस्या सामान्य कम भएर जान्छ । दुवैले राम्रोसँग कुराकानी गरेर तनावरहित वातावरणमा समस्याको समाधान खोज्नुपर्छ । हामीलाई थाहै छ, महिलाको सबैभन्दा यौन संवेदनशील अङ्ग भगांकुर बाहिरतिर नै हुन्छ र यसको घर्षणका लागि योनिमा लिंग प्रवेशको आवश्यकता पर्दैन ।

### समाधानका लागि के गर्न सकिएला ?

आक्कल-झुक्कल यस्तो शीघ्र स्लखन हुँदा अनावश्यक चिन्ता गरिरहनु पर्दैन । यो समस्यालाई कम गर्न आफैंले गर्न सकिने केही उपाय छन् : १. यौनसम्पर्क रोक्ने-सुरु गर्ने, २. यौन सम्पर्क गर्दा आसन परिवर्तन गर्ने, ३.वीर्य स्खलन होलाजस्तो भए लिंग अँठ्याउने र केही बेरमा यौन उत्तेजना केही कम भएपछि पुनः सुरु गर्ने, ४. कन्डम प्रयोग, ५. मांसपेशीको प्रयोग गर्ने : पिसाब रोक्न प्रयोग गरिने मांसपेशीको कसरत गरेर वीर्य स्खलन रोक्ने अभ्यास गर्न सके पनि फाइदा मिल्छ । ६. छालाको संवेदनशीलता कम गर्ने औषधीको प्रयोग गर्ने जस्तै Benzocaine तथा Lidocaine । ७. वीर्य स्खलन नियन्त्रणको अभ्यास : दीर्घकालीन उपचारका लागि हस्तमैथुनमा जस्तै उत्तेजित लिंगलाई चलाउने र वीर्य स्खलन होलाजस्तो भएपछि रोक्ने र उत्तेजना केही कम भएपछि पुनः हस्तमैथुन सुरु गर्ने र यो प्रक्रिया दोहोऱ्याउने । वीर्य स्खलनलाई राम्रोसँग नियन्त्रण गर्न सक्छु जस्तो लागेपछि श्रीमती (यौनसाथी) सँग यौनसम्पर्करहित क्रियाकलापमा संलग्न हुने तर यौनसम्पर्क भने नगर्ने । वीर्य स्खलन होलाजस्तो भए उक्त क्रियाकलाप रोक्ने र उत्तेजना केही कम भएपछि पुनः सुरु गर्ने अनि विस्तारै-विस्तारै यौन क्रियाकलापलाई अघि बढाउने । यो प्रक्रियामा समय र धैर्यता निकै लाग्ने भए पनि वीर्य स्खलन नियन्त्रणमा निकै लाभदायक सावित हुन सक्छ ।


### लिंगमा पीडा

तपाईंले आफ्नो सन्देशमा दिनुभएको सीमित जानकारीका आधारमा यसै भन्न सकिने स्थिति छैन । पीडाको प्रकार, लिंगको कुन भागमा, लिंगमा मात्र कि वरिपरि, लिंगमा कुनै चोटपटक लागे/नलागेको, यौन क्रियाकलाप, पिसाब वा त्यसको रङ्गमा के-कस्तो परिवर्तन आएको छ जस्ता कतिपय जानकारी भएको भए जवाफ दिन सजिलो हुने थियो । शीघ्र स्खलनको कुराले तपाईंको यौनसम्पर्क भएको देखिन्छ । तपाईंका यी लक्षण र यौनसम्पर्कमा कुनै सम्बन्ध थियो, भन्ने कुरा पनि लेख्नुभएको छैन ।

लिंग दुख्ने वा पीडा वा असजिलो हुने अनेक कारण हुन सक्छन् । जसमध्ये कतिपय लिंगसंग प्रत्यक्ष सम्बन्धित हुन्छन् भने कतिपय अन्य समस्याको लक्षणका रूपमा देखिन्छन् । छोटकरीमा भन्दा मूत्रथैलीको पत्थर, लिंगमा चोट लाग्नु, कुनै किराले टोक्नु, लिंगको क्यान्सर, यौनांगको हर्पिस, छालामा पिलो वा घाउ आउनु, अग्रचर्मको संक्रमण वा शोथ, प्रोस्टेट ग्रन्थिको संक्रमण, peyronies's disease, Reiter syndrome, sickle cell anemia, यौनरोग तथा chlamydia वा gonorrhea का कारणले मूत्रनलीको शोथ लिंगमा पीडा हुने प्रमुख कारण हुन् ।

यौनसम्पर्क वा हस्तमैथुन अत्यधिक रूपमा लगातार गरिएको स्थितिमा पनि छाला पाच्छिएर लिंग दुख्छ । त्यसैगरी fungus को संक्रमण होस् वा एलर्जी भएर बेस्सरी चिलाएको अवस्थामा पनि लिंग पोल्ने वा दुख्ने हुन्छ । छालाका अन्य केही समस्या पनि त्यसको कारण हुन सक्छ । जननेन्द्रियको हर्पिस, अत्यधिक घर्षण, कुनै वस्तुको एलर्जी, लुतोजस्ता कतिपय स्थितिमा लिंगमा रातोपन देखिन्छ ।

# प्रेमको सिलसिला



विवाहपश्चात् कुनै दम्पतीको कुराकानीमा प्रायःगरी घरको बजेट, बालबालिकाको पढाइ, आमाबुबाको स्वास्थ्य एवं अन्य सामाजिक मुद्दा नै हाबी हुन्छ । विवाह भएको समय बित्दै गएसँगै थोरै मात्र व्यक्ति रोमान्स र प्रेमलाई आफ्ना कुरामा जीवित राख्न सक्छन् । दैनिक व्यवहारका समस्या उनीहरूमाथि यसरी हावी हुन पुग्छन् कि आपसमा दूरी नभए पनि दूरी महसुस हुन थाल्छ । यसको कारण व्यक्ति स्वयं नै हुन्छ । कैयन् अवस्थामा मानिसले आफ्नो व्यक्तिगत जीवनको अस्तित्व छ भन्ने कुरासमेत बिर्सन्छ । एउटा दम्पतीको निजी जीवनलाई सुदृढ गर्न उसको बेडरुम लाइफको ठूलो योगदान हुन्छ । बेडरुममा हुने कुराकानी विशेष गरी रोमान्टिक पलहरूमा हुने कुराकानीले सम्बन्धलाई सुमधुर राख्न महत्वपूर्ण योगदान पुऱ्याउँछ ।

बेडरुममा तनावका लागि कुनै स्थान हुनु हुँदैन । आफ्नो बेडरुमलाई सही अर्थमा सुविधा र आरामको स्थानका रूपमा लिनुपर्छ । बेडरुम अत्यन्त निजी स्थान हो र त्यसलाई त्यही भावमा विकसित गर्नुपर्छ । त्यसको सजावटमा आफूलाई मन पर्ने कुरालाई प्राथमिकता दिनुपर्छ । यसबाट उक्त कोठामा पुग्नेबित्तिकै मुडमा प्रभाव पर्छ । दुवै पार्टनरले यसैगरी काम गरे बेडरुम वास्तवमै आरामदायक हुन सक्छ । यदि बेडरुमको एम्बियन्समा कुनै कमी छ भने त्यसको प्रभाव पनि आपसी सम्बन्धमा पर्छ ।

प्रायः त्यही कुरा उनीहरूबीच चर्चाको विषय बन्न पुग्छ । अतः बेडरुमको वातावरण दुवैका लागि रुचिकर होस् भन्ने प्रयास गर्नुपर्छ । यदि कारणवश आफूमा तनाव छ भने पनि त्यसलाई बेडरुम बाहिरै राख्नुपर्छ । बेडरुम व्यक्तिको निजी स्थान हुने भएकाले यसमा अरू कसैको प्रवेश उसको स्वीकृति बिना हुन सक्दैन । जसरी विवाहको वर्ष बित्दै जान्छ, दम्पतीहरू आफ्नोभन्दा अरूको कुरा गर्न थाल्छन् । बेडरुममा अरूका कुरालाई प्रवेश दिनुहुँदैन । आफ्नो समय मात्र आफ्ना लागि सुरक्षित राख्नुपर्छ । बालबालिका, परिवार, घरको बजेट वा यस्तै अन्य मुद्दालाई बीचमा ल्याएर यो महत्वपूर्ण समयको महत्त्व कम गर्नुहुँदैन ।

हरेक व्यक्ति आफ्नो प्रशंसा सुन्न रुचाउँछन् । विशेषज्ञहरूका अनुसार सुखद अनुभूतिका लागि राम्रो मुड अत्यन्त सहायक हुन्छ । आफ्नो पार्टनरको शारीरिक सुन्दरताको प्रशंसा गर्नुपर्छ । हरेक व्यक्तिले आफ्नो प्रशंसापश्चात् बढी कन्फिडेन्स महसुस गर्छ ।

आफ्नो पार्टनरको शरीर वा हाउभाउको प्रशंसा गर्दा यौन क्रियामा उसको पर्फमेन्स राम्रो बन्न पुग्छ । यस्तो प्रशंसाको उद्देश्य आफ्नो पार्टनरलाई सहज महसुस गराउनु भएकाले आफ्नो मुडलाई रोमान्टिक राख्नुपर्छ । प्रायः पुरुषहरू महिलाको प्रशंसा गर्छन् र महिलाहरूले खुसी भएर उक्त प्रशंसा स्वीकार गर्छन् ।

हरेक व्यक्तिको बेडरुम कल्पना हुन्छ । यौनजीवनसँग सम्बन्धित यस्तो कल्पना गलत पनि होइन । प्रायः व्यक्तिले यसलाई आफ्नो पार्टनरसँग लुकाउँछन् । यौन कल्पना व्यक्त गर्दा लाजको पर्दा हटाउन सक्नुपर्छ । कल्पना अत्यन्त निजी अभिव्यक्ति हुन्छ । सम्भव भएसम्म आफ्नो पार्टनरसित खुलेर यस विषयमा संवाद गर्नुपर्छ, जसले गर्दा एकअर्कालाई बुझ्न बढी सहज र सम्भव तुल्याउँछ । सेक्स फेन्टासीले आफ्नो पार्टनरको अर्को पक्ष बुझ्न मद्दत गर्छ । यो विषयमा आपसी कुराकानीले निकटता अझ बढ्छ । कैयन् व्यक्ति सेक्स फेन्टासीका सम्बन्धमा चर्चा गर्न गर्न चाहँदैनन् । कारण सामाजिक दायराका अनुसार यस्तो कुराको चर्चा नराम्रो कुराको अर्थात् उच्छृङ्खल श्रेणीमा पर्छ । यसमा नराम्रो केही हुँदैन ।

राम्रो यौनजीवन हरेक व्यक्तिको आवश्यकता हो । यस प्रकारको कुराकानीले एक-अर्कालाई बुझ्न मद्दत गर्छ । अतः यसलाई राम्रो वा नराम्रोको श्रेणीबाट हटाएर हेर्नु नै श्रेयस्कर हुन्छ । बेडरुम कुराकानीले मुडलाई राम्रो बनाउन सक्छ भने बिगार्न समेत सक्छ । आफ्नो चाहना वा फेन्टासिका बारेमा कुरा गर्दा यस्ता शब्द चयन गरिनुपर्छ जसले पार्टनरलाई आनन्द प्रदान गरोस्, उसलाई मन परोस्, न कि उसको मुड खराब गरोस् । आफ्नो कुरा व्यक्त गर्दा पार्टनरको भावना बुझ्नु जरुरी हुन्छ ।

# विश्वकप फुटबलपछि अब एसियाड




हिमेश

खेलकुदले सबैको ध्यान खिच्नेछ । एसियाको सबैभन्दा ठूलो खेल महोत्सव भएकाले पूरा महादेशमा यसको चर्चा हुनेछ । नेपालको पनि सहभागिता रहने यो प्रतियोगितामा हाम्रो खेलकुदको पनि गहिरो नजर रहनेछ ।

चार वर्षअघि दक्षिण कोरियाको इन्चेनमा सम्पन्न एसियाली खेलकुदका क्रममा इन्डोनेसियाले प्रतियोगिताको १८ औं संस्करण आयोजना गर्ने अवसर पाएको थियो । यसपटक इन्डोनेसियाका दुई सहर जाकार्ता र पालेबाङले एसियाली खेलकुद प्रतियोगिताको आयोजना गर्दैछन् ।

जाकार्ता इन्डोनेसियाको राजधानी मात्र नभएर सबैभन्दा ठूलो सहर पनि हो । पालेबाङ भने दक्षिण सुमात्राको राजधानी हो । एसियाली खेलकुदको इतिहासमा दुई फरक सहरमा प्रतियोगिता हुन लागेको यो पहिलो अवसर हो । भदौ २ देखि १७ गतेसम्म चल्ने यो प्रतियोगितामा ४० खेलका ४ सय ६५ विधामा प्रतिस्पर्धा हुनेछ । सहभागी देशको संख्या ४५ छ । 'इनर्जी अफ एसिया' अर्थात एसियाको शक्ति नारासहित सञ्चालन हुने यसपटकको एसियाली खेलकुद प्रतियोगिताको उद्घाटन तथा समापन समारोह गेलोरा बुङ कार्नो रंगशालामा हुनेछ ।

पहिले २०१८ को एसियाली खेलकुद भियतनामले गर्ने तय जस्तै थियो, तर उसले समयमै आफ्नो तयारी गर्न त सकेन नै, त्यसमाथि उसले पूरा प्रतियोगिताको खर्च उठाउन पनि असमर्थता देखायो । यस्तोमा एसियाली खेलकुदको एक अगुवा इन्डोनेसियाले प्रतियोगिता सम्पन्न गर्ने जिम्मेवारी लियो । फिलिपिन्स र भारतले समेत आयोजनामा रूचि देखाएपनि इन्डोनेसियाको दावेदारी बलियो रह्यो ।

यसपटकको एसियाली खेलकुदमा नेपालको सहभागिता पनि ठूलै रहनेछ । नेपालले कुल २९ खेलमा सहभागिता जनाउनेछ । हालै मात्र नेपालले स्क्वासमा समेत सहभागिता जनाउने निर्णय भएको छ । अब नेपालका तर्फबाट १ सय ८५ जना खेलाडीले सहभागिता जनाउनेछन् । नेपालबाट यति धेरै खेलमा यति धेरै खेलाडीले एसियाली खेलकुदमा सहभागिता जनाउन लागेको यो पहिलो अवसर हो । इन्चेन र ग्वान्जाउमा भएका पछिल्ला एसियाली खेलकुदमा नेपालले समान २० खेलमा भाग लिएको थियो ।

इन्डोनेसियामा नेपालले यसपटक ९ वटाभन्दा बढी खेलमा सहभागिता जनाउनेछ । नेपालले सहभागिता जनाउने खेलमा अब स्क्वाससँगै भारोत्तोलन, बक्सिङ, आर्चरी, सुटिङ, एथलेटिक्स, टेबल टेनिस, कराँते, ब्याडमिन्टन, पाराग्लाइडिङ, कबड्डी, साइक्लिङ, सेपाकताक्रो, स्पोर्टस क्लाइम्बिङ, पेन्केक सिलात, भलिबल, ट्रायथलन, कुस्ती, फेन्सिङ, फुटबल, गल्फ, जुडो, लनटेनिस, पौडी, तेक्वान्दो, उसु, कुराँस, बास्केटबल तथा स्केट बोर्डिङ छन् ।

नेपालले पाराग्लाइडिङ, पेन्केक सिलात, स्पोर्टस क्लाइम्बिङ, कुराँस एवं स्केट बोर्डिङमा पहिलो पटक सहभागिता जनाउँदैछ । यसपटकको एसियाली खेलकुदका नयाँ १० खेलमा यी खेल पनि पर्छन् । नेपालको कुल सहभागिता ३ सयको हाराहारीमा रहनेछ । राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव केशवबहादुर विष्टले टिमको नेतृत्व गर्नेछन् भने नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठ 'सेभ द मिसन' रहने छन् ।

## अहिलेसम्मकै धेरै पदक



केशवबहादुर विष्ट
सदस्य सचिव

अहिलेसम्म नेपालले जति पनि एसियाली खेलकुद खेलेको छ, त्यसमध्ये यसपटक प्रदर्शन अहिलेसम्मकै सबैभन्दा राम्रो हुने विश्वास छ । नेपालले कति पदक जित्छ, ठ्याक्कै दाबी गर्न सकिँदैन । हाम्रो पहिलो लक्ष्य त स्वर्ण पदक नै हो, तर कम्तीमा दुई रजत र तीन कांस्यको आशा गर्न सक्छौं । हामीले तीन चरणमा तयारी गरेका छौं । अहिले प्रमुख खेलका खेलाडी वैदेशिक प्रशिक्षणमा छन् । नेपालको बढी सम्भावना मार्सल आर्ट्ससम्बन्धी खेलमै हो । प्याराग्लाइडिङमा पनि पदक जित्ने उत्तिकै सम्भावना छ । सम्भवतः महिला बक्सिङमा पनि हाम्रो सम्भावना छ । हामीले जुन खेलबाट बढी आशा राखेका छौं, तिनै खेलका खेलाडीलाई विदेशमा विशेष प्रशिक्षणको व्यवस्था गरेका हौं । मार्सल आर्टसका खेलमध्ये दक्षिण कोरियामा तेक्वान्दो, चीनमा उसु, जापानमा कराँते तथा हंगेरीमा जुडोको प्रशिक्षण भैरहेको छ । बजेटको समस्या नभएको भए, हामीले अझ राम्रो तयारी गर्न सक्थ्यौं, तैपनि हामीले सक्दो राम्रो तयारी गरेका छौं । यसभन्दा पहिलेका एसियाली खेलकुद अघि जुन प्रकारको विवाद हुन्थ्यो, यसपटक त्यस्तो केही देखिएको छैन ।

## पदकको सम्भावना कम



जीवनराम श्रेष्ठ
अध्यक्ष, ने.ओ.कमिटी

इन्डोनेसियामा हुने एसियाली खेलकुदबाट हामीले पदकको ठूलो आशा राख्नु हुँदैन । सबैलाई थाहा छ, एसियाली खेलकुदमा अब्बल दर्जाको प्रतिस्पर्धा हुन्छ र हामीले जुन प्रकारको तयारी गरेका छौं, त्यो पदक जित्न अपुग हुन सक्छ । हाम्रा लागि एसियाली खेलकुद अनुभव बटुल्ने राम्रो अवसर हो । हामीले यसमा अनुभव बटुलेर दक्षिण एसियाली खेलकुदका लागि राम्रो तयारी गर्न सक्छौं । हामीले यसपटक राम्रो तयारी गरेका छौं, तैपनि पदक जित्न सजिलो छैन । विशेषतः स्वर्ण पदकको त सम्भावना छैन भने पनि हुन्छ ।

ASIAN GAMES 2018
Jakarta Palembang

एसियाली खेलकुद-२०१८ को लोगोको सन्देश छ– इनर्जी अफ एसिया अर्थात् एसियाको शक्ति । सन् १९६२ मा पनि जाकार्ताले एसियाली खेलकुदको आयोजना गरेको थियो र त्यति बेला प्रयोग भएको मुख्य रंगशाला थियो- जेराला बङ कार्नो । लोगोमा यही रंगशालाको एरियल-भ्यु राखिएको छ । यो लोगोमा रंगशालाका मुख्य ८ द्वार संकेतका रूपमा राखिएका छन् र बीचमा छ– सूर्य । सूर्य एसियाली खेलकुदको लोगोमा सदैव रहदै आएको छ । आयोजकहरूको दाबी छ– यो लोगोले एसिया, इन्डोनेसिया र यहाँको खेलकुद तथा एसियाली देशबीचको मित्रतालाई प्रतिनिधित्व गरिरहेको छ ।



एसियाली खेलकुद-२०१८ को मस्कट निर्माणका लागि कलाकारहरूबीच प्रतिस्पर्धा गराइएको थियो । पहिले जारी गरिएको मस्कट विवादमा परेपछि हालै मात्र नयाँ मस्कट जारी भएको हो । इन्डोनेसियालाई विविधताको देश भनिन्छ । मस्कटमा त्यसकै प्रतिनिधित्व गर्ने प्रयास गरिएको छ । यसपटक मस्कटमा तीनवटा जनावर छन्, जुन आफैंमा एसियाली खेलकुदका लागि नयाँ प्रतीक हुन् । मस्कटमा पूर्वी इन्डोनेसियाको प्रतिनिधित्व गर्दै चरा 'बिन-बिन', पश्चिम इन्डोनेसियाको प्रतिधित्व गर्दै गैंडा 'इका' तथा मध्य इन्डोनेसियाको प्रतिनिधित्व गर्दै मृग 'अटुङ' समावेश छन् ।

## पाँच प्रश्न



**इन्डोनेसियामा हुने १८ औं एसियाली खेलकुदमा नेपालका लागि पदकको सबैभन्दा बढी सम्भावना भएका खेलाडी हुन्, पर्शुराम बास्तोला । उनी कराँतेका खेलाडी हुन् र उनको विधा हो, एकल काता । सम्भवतः यो उनको अन्तिम एसियाली खेलकुद हो, किनभने उनी ३२ वर्षका भैसकेका छन्, त्यसैले बास्तोला यो संस्करणमा पदकका लागि बढी मेहनत गर्ने पक्षमा छन् । बास्तोला ०५२ सालमा कराँतेमा प्रवेश गरेका थिए, अहिले उनी आफ्नो खेल जीवनको सबैभन्दा महत्वपूर्ण मोडमा छन् ।**

### यसपटकको तयारी कस्तो छ ?

चार वर्षअघि दक्षिण कोरियामा भएको एसियाली खेलकुदमा पनि सहभागी भएको थिए । पहिलेको तुलनामा मेरो तयारीलाई राम्रो भन्न सकिँदैन । अब हामी वैदेशिक प्रशिक्षणमा पनि जाँदैछौं । जापानमा हुने प्रशिक्षणमा अझ कडा मेहनत गर्नेछौं ।

### पदकको सम्भावना कति छ ?

प्रत्येक खेलाडीको उद्देश्य पदक जित्नु नै हुन्छ । मेरो उद्देश्य पनि त्यही हो । पदकका लागि कठिन परिश्रमिक गर्नेछु ।

### पदकको सम्भावना कसरी देख्नुहुन्छ ?

सबैभन्दा ठूलो कुरा चार वर्षयता म निकै अनुभवी भएको छु । पछिल्लो एसियाली खेलकुदपछिका चार वर्ष मैले थुप्रै प्रतियोगितामा सहभागिता जनाएँ । केही समयअघि जर्मन ओपनमा स्वर्ण पदकसमेत जितें । अहिले यी सबै अनुभव बोकेर इन्डोनेसिया जान लागेको छु ।

### यसअघिको एसियाली खेलकुदमा तपाईंको प्रदर्शन कस्तो थियो ?

पदकको नजिकसम्म पुगेको थिएँ, तर त्यसलाई आत्मसात् भने गर्न सकिनँ । अन्त्यमा वरियता क्रम निकाल्दा म पाँचौं स्थानमा रहें । त्यसैले पनि म यसपटक उत्साहित छु । पछिल्लो दक्षिण एसियाली खेलकुदमा कराँतेलाई समावेश गरिएको थिएन । यसअघि बंगलादेशमा भएको दक्षिण एसियाली खेलकुदमा भने मैले कांस्य पदक हात पारेको थिएँ ।

### कराँतेमा नेपाल कुमुतेमा भन्दा काताामा बलियो हो ?

हुन सक्छ, एसियाली खेलकुदमा काताबाटै नेपालले पहिलो पदक जितेको हुनाले पनि यस्तो भनिएको हुन सक्छ । त्यतिबेला इन्चेनमा बिमला तामाङले नेपालका लागि एक मात्र कांस्य पदक जितेकी थिइन् ।

# एसियाली खेलकुदमा नेपाल

एसिया महादेशको सबैभन्दा ठूलो महोत्सव हो– एसियाली खेलकुद । इन्डोनेसियाले भदौ २ देखि १७ गतेसम्म १८ औं संस्करणको एसियाली खेलकुद प्रतियोगिताको आयोजना गर्दैछ र नेपाल पनि त्यसमा ठूलो उत्साहका साथ सहभागी हुँदैछ । खासमा एसियाली खेलकुदको इतिहास जति पुरानो छ, नेपालको सहभागिता पनि उत्तिकै पुरानो छ । प्रतियोगितामा ओलम्पिक काउन्सिल अफ एसिया (ओसीए) सँग आवद्ध देशले भाग लिन पाउँछन् र नेपाल त्यसको एक सक्रिय सदस्य हो । नेपालले दोस्रो एसियाली खेलकुदबाहेक अरू सबैमा सहभागिता जनाउँदै आएको छ ।

पदकका आधारमा भने एसियाली खेलकुदमा नेपालको प्रदर्शन उल्लेखनीय छैन । सन् १९८६ मा दक्षिण कोरियाको सोलमा भएको एसियाली खेलकुददेखि नेपालले लगातार पदक जितेको छ र यो क्रम अहिलेसम्म भंग भएको छैन, तर नेपालले जितेका अधिकांश पदक कांस्य छन् । नेपालले अहिलेसम्म १ रजत तथा २२ वटा कांस्य पदक जितेको छ । त्यसमध्ये नेपालका लागि सर्वाधिक सफल खेल तेक्वान्दो हो । यो खेलले नेपाललाई १ रजत तथा १३ वटा कांस्य पदक दिएको छ ।

यस्तै बक्सिङबाट ६ तथा कराँतेबाट ३ वटा कांस्य पदक प्राप्त भएको छ । सन् १९९८ मा थाइल्यान्डको बैंककमा भएको एसियाली खेलकुदमा तेक्वान्दोतर्फ सविता राजभण्डारीले रजत पदक जितेकी थिइन र यो नै एसियाली खेलकुद प्रतियोगितामा नेपालको सबैभन्दा राम्रो प्रदर्शन हो ।

सहभागितालाई आधार मान्ने हो भने भारतको नयाँ दिल्लीले सन् १९५१ मा पहिलो एसियाली खेलकुदको आयोजना गरेको थियो र त्यसमा मात्र ११ देशको सहभागिता थियो । ती भाग्यमानी ११ देशमा नेपाल पनि पर्छ । नेपालले फिलिपिन्सको मनिलामा सम्पन्न दोस्रो एसियाली खेलकुदमा भने आफ्नो टिम पठाएन । त्यसपछि नेपालको सहभागिता निरन्तर छ । सन् १९५८ मा जापानको टोकियोमा भएको तेस्रो एसियाली खेलकुदमा नेपालले दुई सदस्यीय टोली पठाएको थियो । सन् १९६२ मा इन्डोनेसियाको जाकार्ता भएको चौथो एसियाली खेलकुदमा नेपालका तर्फबाट आठ सदस्यीय टोलीले भाग लियो । चौथो एसियाली खेलकुदसम्म प्रतियोगितामा नेपालको सहभागिता ट्र्याक एन्ड फिल्डमै सीमित रह्यो ।

थाइल्यान्डको बैंककमा भएको पाँचौं एसियाली खेलकुदयता नेपालले एथलेटिक्ससहित अन्य खेलमा समेत भाग लिन थाल्यो । सन् १९६६ मा नेपालले ब्याडमिन्टन तथा टेबलटेनिसमा भाग लिएको



थियो । बैंककमै सन् १९७० मा भएको छैटौं एसियाली खेलकुदमा नेपालको सहभागिताले तीन खेल पनि नाघ्यो । नेपालले एसियाली खेलकुदमा भाग लिएको चौथो खेल लनटेनिस थियो । त्यतिबेला नेपालको १५ सदस्यीय टोली बैंकक पुगेको थियो । सन् १९७४ मा इरानको तेहरानमा सम्पन्न सातौं एसियाली खेलकुमा नेपालबाट चार खेलमा २६ जना खेलाडीले सहभागिता जनाएका थिए ।

आठौं एसियाली खेलकुद सन् १९७८ मा पुनः एकपटक बैंकक फर्किएको थियो र त्यसमा नेपालले एथलेटिक्स, टेबल टेनिस, बक्सिङ, भलिबल, ब्याडमिन्टन, जिम्न्यास्टिक तथा भारोत्तोलन गरी ७ खेलमा भाग लियो । त्यति बेला नेपालले ६८ सदस्यीय टोली बैंकक पठाएको थियो । सन् १९८२ मा भारतको नयाँ दिल्लीले नवौं एसियाली खेलकुदको आयोजना गऱ्यो र त्यसमा सहभागी नेपाली टोलीको सदस्य संख्या १ सयभन्दा बढी थियो । त्यो एसियाली खेलकुदमा नेपालले सयभन्दा बढीको टोली पठाएको त्यहिलो अवसर थियो । नयाँ दिल्लीमा सहभागी १ सय २४ सदस्यीय नेपाली टिमले ११ खेलमा भाग लिएको थियो ।

सन् १९८६ मा दक्षिण कोरियाको सोलमा भएको एसियाडमा नेपालले १२ वटा खेलमा सहभागी हुन ८७ जना पुरुष तथा १९ जना महिला खेलाडी पठाएको थियो । सोल एसियाडमा नेपालको प्रदर्शन पनि ऐतिहासिक रह्यो । नेपालले प्रतियोगिमा ८ वटा कांस्य पदक जित्यो । नेपालका लागि बक्सिङमा दलबहादुर रानामगर, मनोज बहादुर श्रेष्ठ, सुशिल पोखरेल र तुलबहादुर श्रेष्ठ तथा तेक्वान्दोमा विधान लामा, राजकुमार राई, राजकुमार बुढे र रामबहादुर घच्छेले पदक जितेका थिए । सोल एसियाडमा पहिलो पटक प्रदर्शनी खेलका रूपमा तेक्वान्दोलाई समावेश गरिएको थियो ।

सन् १९९० मा चीनको बेइजिङमा भएको ११ औं एसियाली खेलकुदमा नेपालको प्रतिनिधित्व १ सय ४१ सदस्यीय टिमले गऱ्यो । बक्सर चित्रबहादुर गुरुङले नेपालका लागि एक मात्र कांस्य जिते । सन् १९९४ मा जापानको हिरोसिमामा भएको १२ औं एसियाली खेलकुदमा नेपालले १ सय १० सदस्यीय टोली पठाएको थियो । त्यहाँ मानबहादुर शाहीले तेक्वान्दो तथा सीता राईले कराँतेमा कांस्य पदक जिते । सीता एसियाली खेलकुदमा नेपाललाई पदक दिलाउने पहिलो महिला खेलाडी भइन् ।

फेरि एकपटक १३ औं एसियाली खेलकुद बैंककमा भयो र त्यसमा नेपालले १ रजत तथा ४ कांस्य पदक जितेर ऐतिहासिक सफलता हात पाऱ्यो । सविताले तेक्वान्दोमा ऐतिहासिक रजत पदक जितिन । तेक्वान्दोमै किशोरबहादुर श्रेष्ठ र सपना मल्ल तथा कराँतेमा सम्बर बहादुर गोलेले पनि कांस्य पदक हात पारे । कोरियाको बुसानमा आयोजित चौधौं एसियाली खेलकुदमा नेपालका लागि तेक्वान्दोतर्फ दीपक विष्ट, रेनुका मगर तथा रितु जिमी राईले ३ कांस्य जितेका थिए ।

कतारको दोहामा सम्पन्न १५ औं एसियाली खेलकुदमा मार्सल आर्टसबाट मात्र पदक प्राप्त भयो । त्यसमा दीपक विष्ट, मनिता शाही तथा आयशा शाक्यले कांस्य पदक जिते । चीनको ग्वान्जाओमा सम्पन्न १६ औं एसियाली खेलकुदमा भने बक्सिङका दीपक महर्जनले एक मात्र कांस्य जिते । दक्षिण कोरियाको इन्चेनमा सञ्चालित १७ औं एसियाली खेलकुदमा भने नेपाल एक कांस्यमै सीमित भयो । प्रतियोगितामा विनिता तामाङले उक्त सफलता हात पारेकी थिइन् ।

## मैदान बाहिर



### फेब्रिगासको वैवाहिक उत्सव

स्पेनका फुटबलर सेस्क फेब्रिगासले मोडल डानियला सिमानसँगको आफ्नो विवाहलाई सार्वजनिक गरेका छन् । स्पेनको इबिजा टापुमा सेस्कले हालै मात्र आफ्ना फुटबलर साथीहरूसँग विवाहको उत्सव मनाए । वैवाहिक समारोहमा लुइस सुआरेज, लियोनल मेस्सी, मार्कोस अलोन्सो, जोन टेरी जस्ता फुटबलरहरू आफ्ना श्रीमतीसहित पुगेका थिए ।

३१ वर्षीय सेस्कले ४३ वर्षीया डानियलासँग विवाह गरेका हुन् । उनीहरूको पहिलो भेट सन् २०११ मा जापानको नोजोमी रेस्टुराँमा भएको थियो । त्यतिबेला नै उनीहरूले मोबाइल नम्बर आदानप्रदान गरेका थिए । त्यतिबेलै डानियलाका दुई बच्चा मारिया र जोसेफ थिए । हाल उनीहरूका तीन सन्तान लिओनार्दो, लिया र क्याप्रीसमेत छन् । लामो समयसम्म लिभ इन रिलेसनसिपमा रहेको यो जोडीको विवाह हुन्छ कि हुँदैन भनेर विभिन्न आशंकासमेत गरिँदै आएको थियो ।



### म्याराडोनाले गरे इन्गेजमेन्ट

अर्जेन्टिनाका प्रसिद्ध फुटबलर म्याराडोनाले आफू भन्दा २८ वर्ष कान्छी गर्लफ्रेन्ड रोसिओ ओलिभासँग इन्गेजमेन्ट गरेका छन् । ५७ वर्षीय म्याराडोनाले ब्युनस आयर्समा ओलिभाको बर्थडे पार्टीमा ४५ जना पाहुनाका सामु डाइमन्ड रिङ प्रदान गरी उनलाई प्रस्ताव गरेका थिए । उक्त अवसरमा ओलिभाकी आमा तथा म्याराडोनाकी छोरी जाना खुसीले उफ्रिएका थिए । उक्त अवसरमा ओलिभाले आफू पहिले सिंगल गर्ल भएको र अब पूर्ण महिला हुने बताएकी थिइन् ।

म्याराडोनाले सन् १९८४ मा क्लाउडिया भिलाफानेसँग विवाह गरेका थिए, तर उनीहरू बीचको सम्बन्ध सन् २००३ सम्म मात्र चल्यो । ओलिभासँग म्याराडोनाको पहिलो भेट २०१२ मा भएको थियो । ओलिभा पनि व्यावसायिक फुटबलर हुन् । उनले थुप्रै क्लबका तर्फबाट फुटबल खेलिसकेकी छिन् । विभिन्न अवसरमा उनी म्याराडोनासँगै हुन्थिन् । केही दिन अघि रुसमा सम्पन्न फिफा विश्वकपका बेला पनि उनी म्याराडोनाका साथ देखिएकी थिइन् ।

### जोन सेना र निक्कीको ब्रेकअप ?

डब्ल्युडब्ल्युई रेसलर जोनसेना र निक्की बेला बीचको सम्बन्ध करिब तीन महिना पहिले समाप्त भएको बताइएको छ । ४१ वर्षीय जोनसेना र निक्कीको करिब ६ वर्ष पुरानो सम्बन्ध तोडिएको हो । गत मेमा विवाह गर्ने योजना भए पनि अन्तिममा उनीहरू अलग्गिने अवस्थामा पुगेका थिए । निक्कीले सन्तान चाहने तर जोनसेनाले नचाहने भएकाले उनीहरूको सम्बन्ध समाप्त भएको चर्चा चल्ने गरेको छ । निक्की भने उनीहरूबीचको सम्बन्धलाई अझै पनि सम्झिरहन्छिन् । केही दिनपहिले निक्की आफ्नी जुम्ल्याहा बहिनीसँग लाइभ टीभी शोमा उपस्थित भएकी थिइन् । त्यहाँ उनलाई ब्रेकअपको कष्ट बिर्साउन बहिनीले खास भूमिका खेलेको चर्चासमेत चलेको थियो ।



मुक्त आकाश



अविरल थापा

# मिटिङमा छु है !

हालै कुरैकुरामा काठमाडौं बाहिर बस्ने साथीले बेलाबखत काठमाडौं आए पनि धेरै दिन बस्न नसक्ने प्रसंग सुनाएर हँसायो । किन र के समस्या हुन्छ त्यस्तो भन्दा उसले भन्यो– यो काठमाडौंमा सबै जना जतिबेला पनि मिटिङमा हुन्छन् यार ! जोसँग भेट्न खोजे पनि मिटिङमा छु भन्छन् । मिटिङ बसेर खासै कसैले केही प्रगति गर्‍या जस्तो लाग्दैन, तर जो पनि मिटिङमै हुन्छन् ! म पनि आफनो ठाउँमा काम गर्छु, म पनि पैसा कमाउँछु, मेरो त खासै मिटिङमा हुँदैन, तर यहाँ जसलाई भेटन खोजे पनि मिटिङमा छु मात्र भन्छन् । चौबीसै घन्टा बस्नुपर्ने मिटिङमा के-के कुरा हुन्छ, बुझ्न मन छ मलाई पनि, तिमीहरूको मिटिङमा बेला बोला न यार, –उसले व्यंग्य कस्यो ।

उसले व्यंग्य गर्ने तवरले यो कुरा भनेको भए पनि उसको कुरामा दम थियो । कुरा गज्जब लाग्यो । यो सहर नै यस्तो छ, मानिस बिहान उठेदेखि कुदेका कुद्यै देखिन्छन् । किन कुद्या हुन कता कुद्या हुन कुदेर के-के कमाउँछन् कि गुमाउँछन् पनि पत्ता लगाउन गाह्रो छ । बिहान हिंडेको मान्छे बेलुकासमेत बेलामा घर फर्कंदैन र घरका सदस्यले आउनेबेला भएन भनेर सोध्दा मिटिङमा छु क्या, एकछिनमा आइहाल्छु भन्ने जवाफ आउँछ । होइन, कहिल्यै नसकिने कस्तो मिटिङ रै'छ, के काम रैछ भनेर घरका मानिस पनि आजित हुन्छन् । साँच्चै मिटिङमा हो कि सिटिङमा हो भेउ पाउन मुस्किल छ । अधिकांश गृहिणीले घरका छोराछोरी वा श्रीमान्लाई प्राय फोन गर्दा मिटिङमा छु, एकछिनमा कल गर्छु है भन्ने जवाफ सुन्नुपर्छ । साँच्चै ठूलै काममा रै'छन् क्यारे भनेर फोन राख्यो न मिटिङ सकिन्छ न उताबाट फोन आउँछ न मान्छे आईपुग्छ ।

खासमा यो सहरमा प्राय: घरबाट निस्केर काममा गएकाहरूले मिटिङमा छु भनेर धेरै कुरा टार्छन् वा पन्छाउँछन् । घरबाट फोन आएका बेला साथीहरूसँग बसेर गफ गरिरहेको हुन सक्छ, कतै घुम्न गएको हुन सक्छ, प्रेमी वा प्रेमीकासँग रेस्टुराँमा बसिरहेको हुन सक्छ । अब फोन गर्नासाथै खाली छु भन्यो भने त घर गैहाल्नुपर्‍यो, तर अफिसको काममा छु मिटिङमा छु भन्यो भने त बहाना भयो । होइन, महत्वपूर्ण नै त होला नि भनेर करकर पनि नगर्ने भए र आफनो समय लिएर मस्ती गर्न पाइयो, त्यसैले मिटिङमा छु भनेपछि टन्टै साफ । कार्यालयको हाकिमलाई कसैसँग भेट्न मन लागेन वा कसैलाई कुराउन मन लाग्यो भने पनि मिटिङमा छु भनिदिए टार्न सजिलो हुन्छ । मिटिङमा छु भनेपछि भेट्न नखोज्नेले राहत पाउँछन् भने भेट्न पर्नेले आहत पाउँछन् ।

देशका नेताहरू बिहानदेखि मध्यरातसम्म मिटिङमा बस्छन् । संसद्मा मिटिङ हुँदाहुँदै कति नेता निदाउँछन् त कति घुर्छन् । मिटिङ बसेर कहिले समाधान पनि निकाल्छन् भने कहिले बबन्डर पनि मच्चाउँछन् । पत्रकारले आजको मिटिङमा के निर्णय भयो भनेर सोध्दा फेरि अर्को मिटिङ बस्ने कुरा भयो भनेर हैरान पार्छन् । जति कुरा गरेपनि निष्कर्षै ननिस्कने कस्तो कुरा रै'छ भनेर जनता हैरान हुन्छन् । दिनहुँ मिटिङ भनेर हिंड्या छ, न कमाइ छ न केही निधो छ न केही प्रगति छ भएपछि चाहिं जनता पनि घरका मान्छे पनि आजित हुन्छन् । यद्यपि मिटिङ सक्किएर सत्ता र भत्ता हात परेपछि चाहिँ सबै खुसी हुन्छन् । कुनै पनि कुराको निचोडमा पुग्न कहिलेकाहीं बेर लाग्छ । एउटै र उही कुरा सबैलाई पालैपालो बुझाउन समय पनि लाग्छ । कतिको एउटै कुरामा अड्ने वा हलो अड्काएर अत्तो थाप्ने बानीले पनि मिटिङलाई लम्ब्याउँछ । कतिपयले मिटिङबाटै धेरै समस्याको समाधान गर्छन् भने भविष्यको खाका पनि कोर्छन । गफै नगरी कुरै नगरी काम थाल्नु पनि हुँदैन ।

मिटिङमा छु है भनेपछि व्यक्तिगत समय लिन पाइन्छ । कामका लागि मिटिङमा बस्नु त राम्रै हो तर बहानाबाजी गरेर कर्तव्यबाट पन्छिन वा भाग्न खोज्या हो भने चाहिँ कुन दिन रंगेहात फेला परिन्छ भन्न सकिँदैन । तपाईंहरूचाहिँ कत्तिको मिटिङमा बस्नुहुन्छ ? कि अहिले पनि मिटिङमै हुनुहुन्छ ?

Facebook.com/abeeralthapa

Twitter@abeeralthapa

# डेफ इन्टरनेसनलमा नेपाल




ताइवानमा सम्पन्न 'मिस एन्ड मिस्टर डेफ इन्टरनेसनल-२०१८' मा नेपालले दुई महत्वपूर्ण उपाधि जितेको छ । प्रतियोगितामा पुरुषतर्फ सनोज महर्जन तथा जनकराज भट्ट एवं महिलातर्फ सिनाम श्रेष्ठले नेपालको प्रतिनिधित्व गरेका थिए । प्रतियोगितामा सनोजले 'मिस्टर डेफ एसिया-२०१८' तथा जनकले ' मिस्टर डेफ क्रिएटिभ मोडल-२०१८' को उपाधि जितेका छन् । मिस नेपालको आयोजक संस्था दि हिडेन ट्रेजरको सहकार्यमा राष्ट्रिय बहिरा महासंघ नेपालले छनौट गरी पठाएका ती प्रतियोगीले उक्त उपाधि हासिल गरेका हुन् । राष्ट्रिय बहिरा महासंघ नेपालले जारी गरेको विज्ञप्तिअनुसार प्रतियोगितामा नेपालको प्रतिनिधित्व गरेका प्रतियोगीले प्राप्त गरेको उपलब्धिले नेपाली बहिरा समुदायलाई उत्साहित तुल्याउनुका साथै उनीहरूले पनि केही गर्न सक्छन् भन्ने प्रमाणित गरेको छ । महासंघका अनुसार उक्त प्रतियोगितामा सुस्त श्रवण भएका विश्वभरका प्रतिभावान् युवा-युवती सहभागी हुन्छन् । सन् २०१२ देखि आयोजना हुन थालेको यो प्रतियोगितामा नेपालले अघिल्लो वर्षदेखि मात्र सहभागिता जनाउन थालेको हो ।




# क्रसमान्डुमा ध्वजु च्यापियन



धुलिखेलको हिमालयन मोटरल्यान्डमा सम्पन्न क्रसमान्डु नेसनल च्याम्पियनसिपको उपाधि आशुतोष ध्वजुले जितेका छन् । आफ्ना प्रतिस्पर्धीहरूलाई पछि पार्दै उनले डर्ट बाइक रेसिङको उक्त उपाधि हात पारेका हुन् ।

प्रतियोगितामा सुजित ताम्राकार फर्स्ट रनर्सअप भए भने सुवास कटुवालले सेकेन्ड रनर्सअपमा चित्त बुझाए । नेसनल च्याम्पियनसिप विजेताहरूले आगामी वर्ष भारत, श्रीलंका तथा नेपालमा हुने कन्टिनेन्टल कपमा सहभागी हुने अवसर पाउने बताइएको छ । नेसनल च्याम्पियनसिपका लागि ९ जना प्रतियोगी भिडेका थिए । पहिले नै यस्तै प्रतियोगितामा भाग लिइसकेका वा अन्य कुनै अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा सहभागी भैसकेका प्रतियोगीहरू मात्र नेसनल च्याम्पियनसिपमा सहभागी हुन सक्ने प्रावधान थियो ।

त्यसैगरी नोभिसतर्फ सुशील थापा विजेता भएका छन् । प्रतियोगितामा दीपेश क्षेत्री फर्स्ट रनर्सअप तथा राजकुमार कार्की सेकेन्ड रनर्सअप भए । पहिले कुनै उपाधि हासिल नगरेका वा पहिलो पटक सहभागी भएकाहरूबीच उक्त बाइक रेसिङ गराइएको थियो । प्रतियोगितामा सबै गरी कुल २९ वटा बाइक सहभागी थिए । उक्त च्याम्पियनसिपमा २५० सीसी सम्मका डर्ट बाइक कुदाइएको थियो ।

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल** ।